# दलित अधिकार वर्ष पुस्तक
# २०२२




**प्रकाशकः**

दलित अधिकार, भूमि अधिकार र मानव अधिकारका लागिः

**राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल**

**केन्द्रीय कार्यालयः** धनगढी-५, हसनपुर कैलाली

केन्द्रीय सम्पर्क कार्यालयः बिजुलीबजार, काठमाडौं

सम्पर्कः ९८४१०१२६०७

इमेलः rdnnepal@yahoo.com, info@rdnnepal.org.np

वेबसाइटः www.rdnnepal.org.np

# राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल, केन्द्रीय कार्य समिति



श्री गणेश विश्वकर्मा
(केन्द्रीय अध्यक्ष)



श्री निरा जैरु
(उपाध्यक्ष)



श्री मोहन ओड
(महासचिव)



श्री जंग ब. सुनार
(कोषध्यक्ष)



श्री डिबी शाहशंकर
(सचिव)

## केन्द्रीय सदस्यहरू



श्री पार्वती आग्री



श्री श्याम सुनार



श्री प्रेम बि.के.



श्री शारदा विश्वकर्मा



श्री गिता नेपाली



श्री बसन्त परियार



श्री विक्रम बादी



श्री मीना परियार

दलित अधिकार, भूमि अधिकार र मानव अधिकारका लागिः

# राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल

## दलित अधिकार वर्ष पुस्तक
## २०२२

**प्रधान सम्पादक**
गणेश विश्वकर्मा

**कार्यकारी सम्पादक**
हुकुमबहादुर सार्की

**सल्लाहकार**
नीरा जैरू
मोहन ओड
डिबी शंकर
जंग सुनार
पार्वती आग्री
श्याम सुनार

**व्यवस्थापन तथा वितरण**
भरत आग्री
कल्पना सुनार

**प्रकाशकः**
दलित अधिकार, भूमि अधिकार र मानव अधिकारका लागिः
**राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल**
**केन्द्रीय कार्यालयः** धनगढी-५, हसनपुर कैलाली
केन्द्रीय सम्पर्क कार्यालयः बिजुलीबजार, काठमाडौं,
सम्पर्कः ९८४१०१२६०७
इमेलः rdnnepal@yahoo.com, info@rdnnepal.org.np
वेबसाइटः www.rdnnepal.org.np

# दलित अधिकार वर्ष पुस्तक
# २०२२

**प्रकाशन मिति :**
२०२२

**प्रकाशित प्रति :**
१००० प्रति

**प्रकाशक**
राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल

**सर्वाधिकार**
RDN नेपालमा सुरक्षित

(यस दलित अधिकार वर्ष पुस्तकमा प्रकाशित सामाग्री RDN नेपाल को स्रोत उल्लेख गरी पुनः मुद्रण गर्न सकिनेछ ।)

मुद्रणः  जिजी प्रिन्ट एण्ड अफिस सपोर्ट, काठमाडौं

# विषय सूची


१. राष्ट्रिय दलित नेटवर्क RDN नेपालको परिचयः .......................... ११
२. RDN नेपालका प्राथमिकताहरु .......................................... १८
३. RDN नेपालको समय रेखा (TIME LINE) ................................ २२
४. RDN नेपालका सवालगत विभागहरु .................................... २६
५. RDN नेपालका क्षेत्रगत सवालहरु ........................................ २६
६. अभियान संचालन प्रक्रियाहरू .......................................... २६

**सन् २०२२ मा संस्थाद्वारा सञ्चालित परियोजनाहरू** ................................ २८
१. पृष्ठभूमि ................................................................ २८
२. मुख्य गतिविधिहरुः .................................................... २९
२.१ जनसँगठन निर्माण तथा परिचालन (Formation & Strenghtening of People Based Organizations): ............... २९
२.२ क्षमता अभिबृद्धि (Capacity Building): ................................ ३९
२.३. नागरिक शिक्षा (Civic Education): .................................. ४३
२.४. नितिगत जनवकालत (Policy Advocacy): .............................. ५४
२.५. स्थानीय तह तथा प्रदेश सरकारसँगको समन्वय ....................... ७३
२.६. अन्य गतिविधिहरु (Other Activities): ................................... ७६

**मुख्य उपलब्धीहरू (Key Achievements):** ........................................... ८४
अनुसूची १ .................................................................. ८७
अनुसूची २ .................................................................. ९०
अनुसूची ३ .................................................................. १०३
घटना १ ..................................................................... १०३
घटना २ ..................................................................... १०६
घटना ३ ..................................................................... १०८
घटना ४ ..................................................................... ११३
घटना ५ ..................................................................... ११४
घटना ६ ..................................................................... ११५
घटना ७ ..................................................................... ११६
घटना ८ ..................................................................... ११७
घटना ९ ..................................................................... ११७
घटना १० .................................................................... ११७
घटना ११ .................................................................... १२७
घटना १२ .................................................................... १२८
घटना १३ .................................................................... १३०
घटना १४ .................................................................... १३४
घटना १५ .................................................................... १४१
छापामा (RDN) नेपाल ....................................................... १४७

## राष्ट्रिय दलित नेटवर्क (RDN) नेपालमा कार्यरत कर्मचारी तथा अभियानकर्मीहरु:

| क्रस | नाम | पद | कार्यक्षेत्र | सम्पर्क नं. |
|---|---|---|---|---|
| १. | हुकुम ब. सार्की | कार्यकारी निर्देशक | नेपालभरी | ९८४८६७१३६१ |
| २. | भरत आग्री | बित्त ब्यवस्थापक | नेपालभरी | ९८४८४४५३५३ |
| ३. | नित्यानन्द जोशी | परियोजना संयोजक | कैलाली | ९८४८४२९१०२ |
| ४. | ईश्वर आग्री | प्रशासनिक र लेखा अधिकृत | कैलाली | ९७४९४४६४२१ |
| ५. | कल्पना सुनार | अभिलेख अधिकृत | कैलाली | ९८६७३६७४२० |
| ६. | महादेव जोशी | सब ईन्जीनियर | कैलाली | ९८६८५८६५७१ |
| ७. | सुभम ओड | सब ईन्जीनियर | कैलाली | ९८६८७७४३४८ |
| ८. | संजय महरा | जनवकालत अधिकृत | मधेसप्रदेश | ९८४२८३९१०६ |
| ९. | रुपनारायण पासवान | जनवकालत अधिकृत | मधेसप्रदेश | ९८४५१२८४०२ |
| १०. | लालबहादुर डगौरा | सामाजिक परिचालक | कैलाली | ९८६८४६७९४७ |
| ११. | गोरख सार्की | सामाजिक परिचालक | कैलाली | ९८६८४४५५९५ |
| १२. | लागिन्द्र सदा | जिल्ला हरवाचरवा एक्टिभिष्ट | सप्तरी | ९८१६७७४३८२ |
| १३. | श्यामसुन्दर सदा | जिल्ला हरवाचरवा एक्टिभिष्ट | सिराहा | ९८२४७३६८६८ |
| १४. | रामदयाल माझी | जिल्ला हरवाचरवा एक्टिभिष्ट | धनुषा | ९८०७८४७९९४ |
| १५. | ममता विश्वकर्मा | जिल्ला हरवाचरवा एक्टिभिष्ट | महोत्तरी | ९८४४०३१३४० |
| १६. | नविना माँझी | जिल्ला हरवाचरवा एक्टिभिष्ट | सर्लाही | ९७४७६७८४२७ |
| १७. | सुब्बासाहेव पासवान | जिल्ला हरवाचरवा एक्टिभिष्ट | रौतहट | ९८५१२७५९५१ |
| १८. | दशरथ राम | जिल्ला हरवाचरवा एक्टिभिष्ट | बारा | ९८४५४०९१८६ |
| १९. | बृजलाल पासवान | जिल्ला हरवाचरवा एक्टिभिष्ट | पर्सा | ९८४५१८४६३० |
| २०. | रेखा पार्की | भूमि अधिकार एक्टीभिष्ट | दार्चुलाा | ९७४६२४४२७३ |
| २१. | राजुराम भुल | भूमि अधिकार एक्टीभिष्ट | बैतडी | ९८६८७३८३३९ |
| २२. | लोकेन्द्र बि क | भूमि अधिकार एक्टीभिष्ट | डडेल्धुरा | ९८४८८३१५६१ |
| २३. | मनिष बि क | भूमि अधिकार एक्टीभिष्ट | अछाम | ९८६२४६९५२८ |
| २४. | बजीरसिं नेपाली | भूमि अधिकार एक्टीभिष्ट | डोटी | ९८६५७६७७६३ |
| २५. | काँशी नेपाली | भूमि अधिकार एक्टीभिष्ट | बाजुरा | ९८६१३५१४१६ |
| २६. | सुजाता ओखेडा | भूमि अधिकार एक्टीभिष्ट | बझाङ्ग | ९७६५३२६५३८ |
| २७ | सोनु बोहरा | सामुदायिक सहजकर्ता | कञ्चनपुर | ९८६५६५१८१८ |
| २८. | खेमबहादुर सार्की | कार्यलय सहयोगी | कैलाली | ९८४८४६६६२३ |

अध्यक्षको कलमबाट

# बाधाश्रम प्रथा मुक्त राष्ट्रः हाम्रो सपना साकार



**गणेश विश्वकर्मा,**
केन्द्रीय अध्यक्ष, राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल

राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल वि.सं.२०५७ भाद्र ६ गतेका दिन दलित समुदायका बहुआयामिक समस्याहरूको दीर्घकालिन समाधानका लागि "जातीय छुवाछूत र भेदभाव विनाको अर्को नेपाल संभव छ, आउनुहोस निर्माण गरौं" भन्ने मूल नाराकासाथ स्थापना गरिएको थियो। RDN नेपालको स्थापनामा उठाएका कतिपय मुद्दाहरू स्थानीय हुँदै राष्ट्रिय अनि अन्तराष्ट्रियकरण भई सही ढंगले संबोधन भएको हामी गौरव गर्दछौं। हलिया मुक्ति तथा पुनःस्थापना पश्चात उस्तै प्रकृतिको समस्याको रूपमा रहेको पूर्वी नेपालको हरवाचरवाको मुक्तिको आन्दोलनमा RDN नेपालको नेतृत्वदायी भूमिकाका कारण यही २०७९ श्रावण २ गते सम्माननीय प्रधानमन्त्रीज्यूले नेपाल सरकारका माननीय मन्त्रीहरू, माननीय साँसदहरू, मन्त्रालयका सचिवहरू, संवैधानिक आयोगका प्रमुख तथा प्रतिनीधिहरू, उच्च पदस्थ कर्मचारीहरूसहित हलिया, कमैया, कम्लरी तथा हरवाचरवा आन्दोलनका अगुवाहरूको उपस्थिति रहेको एक भव्य समारोहकाबीच अनुचित ऋणको खारेजीसहित हरवाचरवा मुक्तिको घोषणा गर्नु भएको छ। हरवाचरवाको मुक्तिको घोषणासँगै अब नेपालमा सामन्तवादका अवशेषका रूपमा रहेको प्रथाहरू औपचारिक रूपमा अन्त्य भएका छन र नेपाल बधुँवाप्रथा मुक्त राष्ट्र भएको छ। RDN नेपालले स्थापनाकालदेखि नै कमैया, कम्लरी, हलिया तथा हरवाचरवा प्रथाको अन्त्य गर्ने लक्षकासाथ आन्दोलनको निर्माण गरेको

हुनाले RDN नेपालको २०२२ को २४औं स्थापना दिवसका सन्दर्भमा गौरव अनुभूति गर्दै देशैभरिका मुक्त कमैया, कम्लरी तथा हलिया विशेषगरी हरवाचरवा प्रथाको जीवन व्यथित गर्न बाध्य पारिएका सम्पूर्ण दाजुभाइ तथा दिदिबहिनीहरूप्रति हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छौं ।

RDN नेपालको २४ औं स्थापाना दिवसका सन्दर्भमा सर्वप्रथम नेपाल सरकारलाई हरवाचरवा पुनःस्थापना तथा कमैया, कम्लरी तथा हलियाहरू जो अझै पुनःस्थापना हुन बाँकी छन् । उनीहरूको पुनःस्थापनाका लागि संविधानसभा सदस्य तथा नागरिक आन्दोलनका अगुवा श्याम श्रेष्ठको संयोजकत्वमा गठित मुक्त कमैया, कम्लरी, हलिया तथा हरवाचरवा सम्वन्धी वस्तुस्थितिको अध्ययन प्रतिवेदन २०७९ को अक्षरसः कार्यान्वन हुन अनिवार्य छ। साथै एक, कार्यान्वयन संरचनाको गठन गरी तत्काल मुक्त हरवाचरवाको तथ्याँक संकलन गर्ने काम सम्पन्न गरिनुपर्दछ। साथै, आफ्नो हकहितका लागि जसरी मुक्तिको आन्दोलनमा बन्धनको प्रवाह नगरी सक्रीयतापूर्वक त्याग गर्नुभयो। त्यसैगरी पुनःस्थापनाको आन्दोलनमा अझ सशक्त रूपमा एक भएर लाग्न मुक्त हरवाचरवा, हलिया तथा कमैया र कम्लरी आन्दोलनका अगुवाहरूलाई आव्हान गर्दछौं । यस आन्दोलनमा स्वदेश तथा विदेशबाट सहयोग गरिरहनु हुने न्यायप्रेमी समुदायमा अझ फलदायीसाथ र सहयोगको लागि आव्हान गर्न चाहन्छौं । साथै पुनःस्थापनाका काममा निरन्तर निगरानी गर्न मानवअधिकार तथा सामाजिक न्यायका पक्षधर सम्पूर्ण राजनीतिक दल, स्थानीय जनप्रतिनीधिहरू, नागरिक समाज, प्राध्यापक, शिक्षक, वकिल तथा संचारकर्मी मित्रहरूलाई आव्हान गर्न चाहन्छौं। नेपालमा विद्यमान बाधाँश्रम प्रणालीका विरुद्ध आन्दोलन निर्माणदेखि मुक्ति अनि पुनःस्थापनाको प्रक्रियासम्म भूमिका निर्वाह गर्ने सौभाग्य प्राप्त भएकोमा राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल गौरव गर्दछ साथै निरन्तर लागिरहने प्रतिबद्धता जाहेर गर्न चाहन्छ। हाम्रो बाधाश्रम प्रथा मुक्त राष्ट्र बनाउने सपना साकार भएको छ।

**गणेश विश्वकर्मा**
केन्द्रीय अध्यक्ष

# १) राष्ट्रिय दलित नेटवर्क RDN नेपालको परिचयः

राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल मुलुकमा दलितअधिकारका लागि चलेका विभिन्न आन्दोलनहरूको एकीकृत आन्दोलन, धेरै लक्ष्यहरूको एउटै लक्ष्य, धेरै योजनाहरूको एउटै योजना, धेरै नीति तथा कार्यक्रमहरूको एउटै नीति तथा कार्यक्रम, धेरै सँगठनात्मक स्वरूपहरूको एउटै सँगठन, धेरै अवधारणाहरूको साझा अवधारणा र साझा भावनाका साथ एकीकृत आन्दोलनका रूपमा स्थापित मानवअधिकारमुखी पद्धतिमा विश्वास राख्ने दलित एक्टिभिष्टमा आधारित जनसँगठन हो। नेपाली दलित समुदायका राजनीतिक, आर्थिक र सामाजिक/सांस्कृतिक समस्याहरूको एकीकृत रूपमा समाधान गर्न सृजनात्मक दवाव दिने उद्देश्यले वि.स. २०५७ भाद्र ६ गतेका दिन स्थापना भएको थियो। राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल दलितहरूको मानवअधिकार र सामाजिक न्यायका क्षेत्रमा कार्यरत देशभरिका दलित एक्टीभिष्टहरूको साझा जनसँगठन हो। २०६० सालमा औपचारिक रूपमा जिल्ला प्रशासन कार्यालय कैलालीमा दर्ता भई त्यही साल समाज कल्याण परिषदमा आवद्ध भयो। शुरुमा सुदूरपश्चिममा कार्यक्षेत्र बनाउने गरी क्षेत्रीय दलित नेटवर्कका नामबाट दर्ता भएको भएपनि पछि राष्ट्रव्यापी रूपमा काम गर्ने गरी नाम संशोधन भई मिति २०६३/१/३१ गतेदेखि राष्ट्रिय दलित नेटवर्क (Rastriya Dalit Network) नेपालको रूपमा परिवर्तन गरियो। स्थापनाका दुई दशकसम्म आइ पुग्दा यो सँगठन देशका ७७ वटै जिल्लाहरू, ७ वटै प्रदेशहरूमा, दर्जनौ ऐक्यबद्धतापूर्ण संजाल तथा नेटवर्कहरूमा र कतिपय राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सँगठनहरू तथा आन्दोलाहरुसँग आवद्धता हासिल गर्न सफल भएको छ।

RDN नेपालले दलित एक्टीभिष्टमा आधारित जनसँगठनको हैसियतमा स्थापनाको पहिलो चरणमा सुदूर तथा मध्यपश्चिमको जर्जर जातीय छुवाछूत र विभेदका विरुद्ध मानवअधिकारमुखी अभियान संचालन गर्दै त्यस क्षेत्रका मुद्दाहरूको राष्ट्रियकरण गर्ने साहसिक काम गर्‍यो। छुवाछूतमुक्त राष्ट्र घोषणाको अभियान RDN नेपालको स्थापनाको नारा थियो। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मंचहरूसँग आवद्ध भई दलितअधिकार आन्दोलन, मानवअधिकार आन्दोलन, भूमिअधिकार आन्दोलन र प्राकृतिक स्रोतको आन्दोलनलगायतका मूल प्रवाहका आन्दोलनहरूमा एकाकार भई नेतृत्वदायी भूमिका निर्वाह गर्न सफल भयो। भने मुलतः संविधान निर्माणमा सम्पूर्ण शक्तिकासाथ सहभागी हुनु, राज्यपुनःसंरचनाको वहसमा

क्रियाशील रहनु, नेपाली समाजमा सामयिक महत्वका दस्तावेजहरूको प्रकाशनलगायतका कामहरू गर्दै देशका ठूलाठूला नागरिक सँगठनहरूसँगको सहकार्यमा ऐक्यबद्धता आन्दोलनहरूको सहजकर्ताको रूपमा रहदै देशव्यापीरूपमा आफ्नो र आफ्नो विचारको उपस्थितिकासाथ अब्बल नागरिक सँगठनका रूपमा स्थापित भएको छ।

**RDN नेपालको परिकल्पना (Vision) :**

जातीय छुवाछूत तथा सबैप्रकारका विभेद रहित न्यायपूर्ण समाजको स्थापना।

**RDN नेपालको ध्येय (Mission) :**

दलित समुदायको राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रको समस्या एकसाथ हल गर्न स्कूल अफ दलित एक्टिभिष्टको रूपमा स्थापित गर्नु।

**RDN नेपालको लक्ष्य (Goal)**

१. दलित समुदायले गर्ने मुफ्त वा निम्न ज्यालायुक्त श्रम हरेक हिसाबले प्रतिवन्धित/दण्डित हुन्छ अनि मानव श्रमको न्यायोचित मूल्य दिने-दिनै पर्ने उत्पादन प्रणाली र राजनीति स्थापित गर्नु।
२. मानवश्रम र श्रमिकवर्ग समाजमा अत्यधिक आदरणीय हुने र काम नगर्ने मानिस र काम गर्ने मानिसलाई "अछुत" ठान्ने मानिस चाहिँ अपहेलित र दण्डित हुने श्रम र श्रमिकप्रधान संस्कृति र राजनीति समाजमा स्थापित गर्नु।
३. जोतिरहेको जमीनमा र उत्पादनका अन्य साधनस्रोत र सम्पत्तिमा, शिक्षा र विकासका तमाम अवसरमा काम गर्ने श्रमिकको न्यायोचित हिस्सेदारी कानुनतः र ब्यवहारतः सुनिश्चित गर्नु।
४. शासन गर्ने, कानुन बनाउने र नीति निर्णय गर्ने हरेक ठाउँमा उत्पीडित दलितहरू, तमाम श्रमिकहरू सही अनुपातमा पुग्ने व्यवहारिक स्थिति बनाउनु।

**RDN नेपालका मूल्य र मान्यताहरु (Values) :**

**RIGHTS :**

R :- Rights (अधिकार)

I :- Integrity (निष्ठा)

G :- Governance (सुशासन)

H :- Humanity (मानवता)

T :- Transparency (पारदर्शिता)

S :- Solidarity (ऐक्यवद्धता)

**RDN नेपालका उद्देश्यहरु (Objectives) :**

१) दलितहरूको पहिचान, प्रतिनीधित्व र पहुँच सहित राजनीतिक, आर्थिक र सामाजिक अधिकारहरू स्थापित गर्नु ।

२) समावेशी र समृद्ध दलितमैत्री राष्ट्र निर्माणको लागि दलितअधिकार दशक घोषणा गरी इण्डीकेटर सहित जिविकोपार्जन सहित योजनाबद्ध योजना निर्माणमा जोड दिनु ।

३) नयाँ संविधान अनुसार दलितअधिकार सम्बन्धी संरचनाहरूलाई उत्तरदायी, पारदर्शी, जवाफदेही बनाउन भूमिका निर्वाह गर्नु ।

४) वैज्ञानिक आरक्षणका लागि राज्यका सार्वजनिक सेवाका क्षेत्रहरूको लोकतान्त्रिककरणका लागि सहजीकरण गर्न राष्ट्रव्यापी अभियान सञ्चालन गर्नु ।

५) दलितअधिकारको व्यवहारिक कार्यान्वयनका लागि स्थानीय, राष्ट्रिय र अन्तराष्ट्रिय तहमा हस्तक्षेपकारी भूमिका निर्वाह गर्नु ।

**RDN नेपालका रणनीतिहरु (Strategy) :**

दलित समुदायले पुस्तौदेखि भोग्दै आएको जातीय छुवाछूत जस्तो सामाजिक कलंकको अन्त्यका लागि दलित सवालमा कार्यरत अधिकारमुखी संघ/संस्था, जनसँगठनहरू र दलित एक्टीभिष्टहरू सहित शुभचिन्तक गैरदलित व्यक्तिहरू सहितको बीचमा बृहत नेटवर्क (सँगठन) निर्माण गर्दै अघि बढ्नेछ। जसलाई सफल गर्न निम्न रणनीतिहरू अपनाइने छ :

- जनकेन्द्रीत वकालत तथा मानवअधिकारमुखी अभियान ।
- जनसँगठन निर्माण तथा परिचालन ।
- अध्ययन, अनुसन्धान, प्रकाशन तथा ज्ञान निर्माण ।
- दलित सवालको सार्वजनिक वहस तथा संवाद ।
- दलित एक्टीभिष्ट उत्पादन ।
- भारतीयलगायत दलित आन्दोलनसँग सहकार्य गर्दै अघि बढ्ने ।
- Dalit Inclusion Audit द्वारा आरक्षण अपिभयान सञ्चालन गर्ने।
- संस्थाको बहुसाझेदारी क्षमता अभिवृद्धि गर्ने ।
- संचार माध्यमसँग साझेदारीको नीति अवलम्बन गर्ने ।
- मानवअधिकार अधिकारमुखी अभियान (HRBA) लाई मूलमन्त्र बनाउने ।
- सामाजिक लेखापरिक्षण (Social Audit) नीतिलाई अभियानका रूपमा अनिवार्य बनाउने
- स्थानीय स्रोत साधनको परिचालनमा जोड दिने ।

१.७) **RDN नेपालको संलग्नता (Allianceship):**

- गैरसरकारी संस्था महासंघ, काठमाडौं ।
- जातीय भेदभाव विरुद्ध राष्ट्रिय मंच (NCARD), काठमाडौं ।
- दलित गैरसरकारी संस्था महासंघ (DNF) नेपाल
- भूमि अधिकार आन्दोलन
- जातीय छुवाछूत विरुद्ध दक्षिण एशियाली जनअभियान ।
- लोकतन्त्र र शान्तिका लागि नागरिक समाज, कैलाली ।
- शान्तिका लागि साझा अभियान (COCAP), काठमाडौं ।
- संविधानसभाका लागि दलित नागरिक समाज, काठमाडौं ।
- बाध्यकारी श्रम उन्मुलन जनवकालत समूह (FLeAG) नेपाल
- प्राकृतिक प्रकोप व्यवस्थापन संजाल, नेपाल
- DGM नेपाल स्टेरिंग कमिटी ।
- एशियान दलित अधिकार फोरम ।
- दक्षिण एशियाली गरिवी उन्मुलन अभियान (SAAPE) ।

RDN **नेपालको दृष्टिकोण** :

१) **दलित को हुन** ?

जात (Caste) पेशा (Occupation) र वंश (Decend)-COD का आधारमा जातीय विभेद र अमानवीय छुवाछूतको उत्पीडन भोग्दै आएको समुदाय नै दलित हो। दलित आर्य-खस, नेवारी र मधेशी समुदायमा समेत छन्।

२) **नेपालको दलित समस्या के हो** ?

*२.१ राजनीतिक तथा नागरिक क्षेत्र :*

क) राजनीतिक दलभित्रको बहिष्करण

ख) संसदीय क्षेत्रको बहिष्करण

ग) प्रशासनिक क्षेत्रको बहिष्करण

*२.२. आर्थिक क्षेत्र :*

क) भूमिहिनता तथा प्राकृतिक स्रोतमा वंचितिकरण

ख) बेरोजगारीको समस्याबाट ग्रसित

ग) शेषणमुलक कुप्रथाहरूबाट प्राताडित

*२.३. सामाजिक तथा साँस्कृतिक क्षेत्र :*

क) शिक्षाको कमि

ख) जातीय विभेद तथा छुवाछूत

ग) दण्डहिनता

यी समस्याहरूको एकीकृत प्याकेजरूपी वैज्ञानिक आरक्षण नै सही समाधान हो। दलित मुक्तीको दर्घिकालिन बाटो पनि यही हो।

३) **राज्य सत्ता**

- वर्तमान राज्यसत्ता पूँजीवादी भएपनि सामन्तवादसँग सहकरण गरेको छ।
- राज्य विभेदकारी संरचनामा आधारित असमावेशी छ।
- यो एक धर्मी, एक लिङ्गिय, एक जातीय, एक भाषी र केन्द्रीकृत चरित्रको छ।
- वर्तमान निर्वाचन प्रणाली विभेदपूर्ण र असमावेशी छ।
- जातपात र छुवाछूतलाई राज्य पक्षबाटै संरक्षण गरिएको छ।

**४) राजनैतिक दलहरू :**

RDN नेपालले जहिले पनि अहिंसात्मक आन्दोलनमा विश्वास राख्दछ। साथै यसले दलित मुक्तिको वैज्ञानिक दृष्टिकोणलाई नै संभव छ भन्नेमा विश्वास गर्दछ। तर नेपालका राजनैतिक दलहरू ब्राहमणवाद र सामन्तवादबाट मुक्त हुन सकेका छैन। त्यसैकारणले चमार वहिष्कार, लालपुर, बैतडी, शैलेश्वरी घटना, रुकुमपश्चिम नरसंहारजस्ता घटनाहरू घटिरहन्छन्। त्यसैले यी पार्टीहरूलाई दलित एवं उत्पीडित जनताको व्यापक दबाबबाट वैज्ञानिक ढंगले रूपान्तरण गर्दै पार्टीहरूको समावेशीकरण र आन्तरिक लोकतान्त्रिकरण गर्नु हाम्रो प्रमुख काम हुनुपर्छ। तत्कालिन रूपमा हाल राजनैतिक दलहरूले अघि सारेका नयाँ नेपालको मार्ग चित्रको एजेण्डालाई सार्थक गर्न अगाडि बढ्नु पर्दछ र संविधान सभाको निर्वाचन मार्फत लोकतान्त्रिक गणतन्त्र पाप्तीको आन्दोलनमा ऐक्यवद्धता जाहेर गर्नुपर्दछ।

**५) दलित जनवर्गीय सँगठन** :

राजनैतिक दलहरूको नीति र निर्देशन मुताविक चल्नु जनवर्गीय सँगठनको धर्म र अनुशासन हो। आफ्नो मातृ पार्टी सत्तामा हुँदा मत्थर हुने र सत्ता बाहिर हुँदा विरोध गर्ने यिनको चरित्र हुन्छ। ब्राहमणवादी चिन्तनमा आधारित पार्टीका गैरदलित कार्यकर्ताहरूले छुवाछूत गरेमा चुप बस्नु पर्ने बाध्यता निर्माण हुन्छ। बिद्रोहमा जाँदा पार्टी मूल्याकंन हुँदैन भन्ने त्रास हुन्छ। यति हुँदाहुँदै पनि यी राजनीतिक सँगठनहरूलाई दलित राजनीतिमा सँगै नलिएर धरै छैन्। सहकार्यलाई जिवन्त बनाउनुपर्छ। उनीहरूलाई पार्टी नेताका रूपमा स्थापित गर्न दबाबको भूमिका RDN नेपालले खेल्नुपर्छ।

**६) परियोजनामुखी दलित गैससहरू :**

दातृ निकाय र सत्ताको अनुकुल मुताबिक नजिक रहने र त्यसैबाट दलित मुक्ति देख्ने जातिवाद, क्षेत्रीयतावाद, गैससहरूको चरित्र हो। तत्कालिन गतिविधिहरू ठीकै लागे पनि अप्ठ्यारो पर्दा दलित राजनीतिका विरोधी हुने, अवसरवादी हुने, दलित भित्रै संभ्रान्त हुने खतराको ख्याल गर्दै यिनीहरू भएको श्रोतको सदुपयोग गर्ने नीति लिनुपर्छ र सो श्रोतलाई दलितमुखी बनाउन RDN नेपालले बढी भन्दा बढी प्रयत्न गर्नुपर्दछ। दलितहरूलाई अधिकारको सचेतीकरण गर्दै हस्तक्षेपकारी भूमिका खेल्नु पर्दछ तर सहकार्यमा भने जोड दिनु पर्दछ।

**७) दातृ निकाय र अन्तर्राष्ट्रिय निकाय :**

केही समय अगाडि दलित आन्दोलनको प्रमुख चुनौति दलित भातृ संस्था बन्नु थियो तर यो क्रमशः सैद्धान्तिककरण हुँदै गयो। तर हाल सो ठाउँ दातृ निकायले लिएको छ। दातृ निकायबाट रकम लिने गैससहरू दातृ निकायका भातृ संस्था हुन पुगेका छन्। जसले गर्दा दातृ निकायको इशारामा दलित आन्दोलन उठान र बैठान हुने गर्दछ। कतिपय दातृ निकायमा कार्यरत व्यक्तिको भूमिका फुटाउ र शासन गरेको प्रवृति छ। दलित सवालमा चिन्तित देखिए जस्तो देखिने तर कर्मचारी लगायतका निर्णायक ठाउँहरूमा दलितहरूको स्थान शुन्य र पहुँच र नियन्त्रण छैन्। त्यसैले RDN नेपालले हरेक दातृ निकायमा दलित सवाल प्रमुख अनिवार्य व्यवस्था गर्न दबाब श्रृजना गर्नुपर्छ।

**८) राष्ट्रिय दलित आयोग**

नेपालको दलित आन्दोलनको लामो लडाईको उपलब्धीबाट प्राप्त राष्ट्रिय दलित आयोगलाई हाम्रो एकताको प्रतिक मान्नु पर्दछ। आयोग अधिकार सम्पन्न हुनुपर्छ भन्नेमा RDN नेपाल विश्वस्त छ। दलितहरूको समग्र विकास र सशक्तिकरणका लागि दलित विकास प्राधिकरण बनाइनुपर्दछ भने समुदायको प्रतिनीधित्व गर्ने आयोग हरवाचरवा पदेन सदस्य हुनेगरी मानव अधिकार आयोग छाता आयोग बन्नुपर्छ।

**९) अन्य सामाजिक आन्दोलनहरू :**

सामाजिक रूपान्तरणको लागि सकारात्मक हस्तक्षेप गर्न राज्यको पुनसंरचनाको दिशामा अघि बढेका पत्रकार, कानूनी व्यवसायी, मानव अधिकार तथा सामाजिक न्यायका क्षेत्रमा कार्यरत सामाजिक आन्दोलनसँग सहकार्य गर्नुपर्छ, जनजाति आन्दोलनसँग सहकार्य गर्न विर्सनु हुँदैन। RDN नेपाल त्यसका लागि सधै खुला हुनुपर्दछ।

**१०) अन्तर्राष्ट्रिय सम्बन्ध :**

नेपालको दलित आन्दोलन स्वाभाविक रूपमा भारतीय दलित आन्दोलनबाट प्रभावित हुन्छ। त्यसैले नेपालबाट भारत गई बसेकाहरूलाई RDN नेपालको सम्पर्क मंचका रूपमा रहने गरी सँगठीत गर्दै भारतीय दलित अधिकारवादी सँगठनहरूसँग भाईचारा सम्बन्ध कायम गरी अघि बढ्नुपर्छ भने नेपालका दलित नेता तथा कार्यकर्ताहरूलाई अन्य देशको भ्रमण भन्दा भारतीय दलित आन्दोलनको सिकाईका लागि प्रोत्साहन गर्नुपर्छ। नेपालको वैकल्पिक प्रतिवेदन पठाउने समयमा वहस श्रृजना गरी सो प्रतिवेदनमा पीडित क्षेत्रको सवाल पठाउने वातावरण श्रृजना गर्नुपर्छ।

## २) RDN नेपालका प्राथमिकताहरू :

### २.१) राजनैतिक अधिकार:

| | |
|---|---|
| भूमिहिन, सुकुम्बासी | प्रत्येक भूमिहिन, दलित परिवारलाई उपयोगिताको आधारमा जीवन निर्वाह गर्न सक्ने जमिन उपलब्ध गराउने। पाएको जमिन बेच्न नपाउने र पहाडमा १३ रोपनी, तराईमा १० कठ्ठा उपलब्ध गराउने। |
| शहरिया सुकुम्बासी | रोजगारी र बसोबास दिने। |
| गुठी | गुठी जग्गालाई रैकवारमा परिणत गर्दै दलितको स्वामित्व स्थापित गर्ने। |
| मोही | हलिया लगायतका दलितहरूको मोहीयानी हक कायम गरी आधा जमिन दलितलाई वितरण गरिनु पर्ने। |
| हलिया/हरवाचरवा | मोहियानी हक, निशर्त ऋण खारेजी, क्षतिपूर्ति उपलब्ध सहित केटाकेटीको शिक्षाको व्यवस्था। |
| भूमि अधिकार | अनुपस्थित जमिन्दारको जमिन दलित भूमिहिनलाई बाँड्ने र उद्योगको नाममा रहेको जग्गा राष्ट्रियकरण गरिनुपर्ने। |
| नागरिकता नहुनु | स्थानीय सर्जमिनका आधारमा नागरिकता सहज बनाइनुपर्छ। |
| वनमा दलितको उपभोग तथा पहुँचहिनता | वन पैदावारका वस्तुहरू निःशुल्क उपभोग गर्न पाउने। सामुदायिक तथा सरकारी सामुदायिक वनहरूको नीति निर्माण तहमा दलितको उचित प्रतिनिधित्व गराउनुपर्छ। |
| ठेक्का पट्टा प्रणालीमा दलितको पहुँच नहुनु। | ठेक्कापट्टा प्रणालीमा दलितलाई ५०% छुट दिने र रोजगारी उपलब्ध गराउने। |
| वन | १ कठ्ठा जग्गा मात्र भएको व्यक्तिलाई गाई, भैसी पाल्न जंगलबाट निःशुल्क घाँस ल्याउनु दिनु पर्ने। |
| सार्वजनिक पानीका मूलमा दलितहरूको बञ्चितीकरण (नदीका किनारमा गिट्टी फोड्ने) | दलितहरूले कुनै खोलानालामा माछा मार्ने काममा ठेक्का पट्टा प्रणाली रोकी निःशुल्क माछा मार्न दिने र नदिका किनारामा दलितले गिट्टी कुट्दा उचित ज्याला पाउनु पर्ने र कर तिर्नु नपर्ने। |
| घट्ट/कुलो/पानी मिल | घट्ट वा पानी मिल बनाउँदा दलितले कर तिर्नु नपर्ने |

| | |
|---|---|
| जल (उद्योग) | जल उद्योग गर्दा दलितहरूले राजश्व नतिर्नुपर्ने। |
| सरकारी सेवा सुविधामा दलित बञ्चितीकरण | विना भेदभाव उपभोग गर्न पाउने। |
| आधारभूत अधिकारहरू | आधारभूत अधिकार शिक्षा, स्वास्थ्य, संचार, विजुली, खानेपानी, पेशागत, तालिम, सडक आदिमा दलितहरूको पहुँच पुऱ्याउने। |
| रोजगारी | एक परिवार एक रोजगारको व्यवस्था सरकारले गर्नुपर्ने। दलित अधिकार कार्ड उपलब्ध गराउने, हरेक सेवा सुविधामा २५% छुटको व्यवस्था गरिनु पर्ने। |

## २.२) आर्थिक अधिकार:

| सवाल | अडान |
|---|---|
| वैज्ञानिक आरक्षण (Scietific Reservation) | शिक्षा, स्वास्थ्य, भूमि, प्राकृतिक श्रोत, राजनीति, उत्पादन तथा उत्पादित वस्तुको बजार, आधारभूत आवश्यकता, निजी क्षेत्रमा ५० वर्षका लागि जनसंख्याका आधारमा आरक्षण दिने र Index बनाई समिक्षा गरी क्षतिपूर्ति दिने। साथै विशेष दलित जनगणना आयोग बनाउने र दलित भित्र पनि प्राथमिकताका आधारमा आरक्षण लागु गरिनुपर्ने दलितहरूका लागि छुट्टै निर्वाचन क्षेत्र घोषणा गरिनुपर्ने। |
| दलित आन्दोलनमा विभाजन | राजनीतिक दलका जनवर्गीय सँगठन र दलित नागरिक जनस( ँगठनलाई एकीकृत गरी राष्ट्रिय दलित यूनियन बनाउने। |
| भूमिमा दलित महिलाहरूको स्वामित्व | श्रीमान्/श्रीमतीको नाममा संयुक्त लालपूर्जा दिनुपर्ने |
| गुठी | गुठी जग्गालाई रैकवारमा परिणत गर्दै दलितको स्वामित्व स्थापित गर्ने। |
| मोही | हरवाचरवा तथा हलिया लगायतका दलितहरूको मोहीयानी हक कायम गरी आधा जमिन दलितलाई वितरण गरिनु पर्ने। |
| हलिया तथा हरवाचरवा | मोहियानी हक, निशर्त ऋण खारेजी, क्षतिपूर्ति उपलब्ध सहित केटाकेटीको शिक्षाको व्यवस्था। |
| भूमि | अनुपस्थित जमिन्दारको जमिन दलित भूमिहिनलाई बाँड्ने र उद्योगको नाममा रहेको जग्गा राष्ट्रियकरण गरिनुपर्ने। |

| | |
|---|---|
| नागरिकता नहुनु | गा.वि.स.ले नागरिकता वितरण गर्न सक्ने गरी संविधान सभाको चुनाव भन्दा अगाडि नागरिकता दिइनु पर्छ। (स्थानीय सर्जमिनको आधारमा) |
| वनमा दलितको उपभोग तथा पहुँचहिनता | वन पैदावारका वस्तुहरू निःशुल्क उपभोग गर्न पाउने। सामुदायिक तथा सरकारी सामुदायिक वनहरूको नीति निर्माण तहमा दलितको उचित प्रतिनिधित्व गराउनुपर्छ। |
| ठेक्का पट्टा प्रणालीमा दलितको पहुँच नहुनु। | ठेक्कापट्टा प्रणालीमा दलितलाई ५०% छुट दिने र रोजगारी उपलब्ध गराउने। |
| वन | १ कठ्ठा जग्गा मात्र भएको व्यक्तिलाई गाई, भैसी पाल्न जंगलबाट निःशुल्क घाँस ल्याउनु दिनु पर्ने। |
| सार्वजनिक पानीका मूलमा दलितहरूको बञ्चितीकरण (नदीका किनारमा गिट्टी फोड्ने) | दलितहरूले कुनै खोलानालामा माछा मार्ने काममा ठेक्का पट्टा प्रणाली रोकी निःशुल्क माछा मार्न दिने र नदिका किनारामा दलितले गिट्टी कुट्दा उचित ज्याला पाउनु पर्ने र कर तिर्नु नपर्ने। |
| घट्ट/कुलो/पानी मिल | घट्ट वा पानी मिल बनाउँदा दलितले कर तिर्नु नपर्ने |
| जल (उद्योग) | जल उद्योग गर्दा दलितहरूले राजश्व तिर्नु नपर्ने। |
| सरकारी सेवा सुविधामा दलित बञ्चितीकरण | विना भेदभाव उपभोग गर्न पाउने। |
| आधारभूत अधिकारहरू | आधारभूत अधिकार शिक्षा, स्वास्थ्य, संचार, विजुली, खानेपानी, पेशागत, तालिम, सडक आदिमा दलितहरूको पहुँच पुऱ्याउने। |
| रोजगारी | एक परिवार एक रोजगारको व्यवस्था सरकारले गर्नुपर्ने। दलित अधिकार कार्ड उपलब्ध गराउने, हरेक सेवा सुविधामा २५% छुटको व्यवस्था गरिनु पर्ने। |

## २.३) सामाजिक/सांस्कृतिक अधिकार :

| सवाल | अडान |
|---|---|
| जातीय छुवाछूत (Caste Discrimination) | राजनैतिक पार्टी भित्र छुवाछूत गर्ने व्यक्तिलाई कार्वाही सहित निलम्बन गर्ने । प्रत्येक जिल्ला अदालत भित्र दलितका मुद्दा हेर्ने छुट्टै दलित डेस्क तयार गर्ने । |
| श्रम शोषण (Labour Exploitation) | हली, खली, डोली प्रथालाई तत्काल खारेजी गरी त्यसको क्षतिपूर्ति सहित श्रम अदालत खडा गर्ने । श्रम अदालतले स्थानीय स्तरदेखि केन्द्रीय तहसम्म कार्यान्वयन नगर्नेलाई १५ दिन भित्र त्यसको फैसला गरी सक्नु पर्ने । |
| अन्तराष्ट्रिय गै.स.स. (INGOs) | प्रत्येक INGOs ले दलित विभाग खडा गरी त्यसको प्रमुख दलितलाई बनाउने । |
| दलित महिलामाथि हुने विभेद | छाउपडी प्रथाको अन्त्य, बोक्सी प्रथाको अन्त्य र आन्तरिक तथा वाह्य छुवाछूत गर्नेलाई कार्वाही । |
| शैक्षिक विभेद | एक शैक्षिक संस्था एक दलित शिक्षक, एक विद्यालय व्यवस्थापन समिति एक दलित अभिभावक भन्ने नारालाई अवलम्बन गरी अभियान सञ्चालन गर्ने |
| वादी जातिको सवाल | आमाको नामबाट नागरिकता दिलाउने, एक परिवार एक रोजगार, उच्च शिक्षा निःशुल्क, यौन शोषणको अन्त्य, भूमिको यथोचित वितरण । |
| वाँधाश्रम प्रणाली | सम्पूर्ण रुपमा पुनःस्थापना गरी एकीकृत कानुन निर्माण गर्नुपर्दछ । |

## ३. RDN नेपालको समय रेखा (TIME LINE)

| २०५७ साल | २०६० साल |
|---|---|
| • RDN नेपालमा स्रोत थिएन। | • अभियानका लागि समेत आयो। |
| • RDN नेपालको कार्यसमितिमा सुदूर पश्चिमका मात्र प्रतिनिधिहरू थिए। | • RDN नेपालको कार्य समितिमा मध्य पश्चिमाञ्चलबाट प्रतिनिधित्व गराइयो। कर्णालीबाट पनि प्रतिनिधि छनौट गरियो। |
| • काठमाण्डौंमा NGO/INGOs सँग सम्पर्क थिएन। | • काठमाण्डौं (राष्ट्रिय स्तरका) NGO/INGOs सँग सम्पर्क भयो। |
| • प्रकाशनहरू थिएनन्। | • प्रकाशनहरू बढे। |
| • समावेशी कार्यसमिति थिएन। | • कार्यसमितिमा सार्की, बादी जाति र कर्णालीबाट समेत प्रतिनिधित्व हुने गरी कार्यसमिति निर्माण भएकाले समावेशीकरण भयो। |
| • एक एक्सन एक बैठक थियो। | • बैठकमा योजना तर्जुमा सहित निर्माण हुनथाल्यो। |
| • राजनैतिक पार्टीका साथीहरू सक्रिय थिए। | • राजनैतिक पार्टीका साथीहरू निस्क्रिय भए (दलित अधिकार अभियान थालेपछि) |
| • हलियाको सवाल पहिचान भयो तर एक्सन चाहि भएको थिएन। | • हलियाको सवाल सुक्ष्म तरिकाले उठ्दै गयो। |
| • जातीय छुवाछूत सवालमा मात्र अभियान चलायौं। | • जातीय छुवाछूत सहित राजनैतिक अधिकारको बारेमा कुरा उठाइयो र अभियानको थालनी भयो। |
| • आरक्षण अभियान नाराको रूपमा सिमित थियो। | • आरक्षणको अभियानलाई राजनीतिसँग जोड्दै अभियान थालनी गर्दै आरक्षणको प्याकेज बाहिर ल्याउन सफल। |
| • RDN नेपालको सचिवालय NNDSWO कैलालीमा थियो आफ्नो व्यवस्थापन थिएन। | • २०६० मा अलग कार्यालय सहित RDN नेपालको व्यवस्थापन गरियो। |
| • राजनैतिक मोर्चा जस्तो थियो। | • अधिकारमुखी सँगठन भयो। |
| • अधिकारमुखी पद्धतिमा आधारित अभियान। | • अधिकारमुखी पद्धतिमा आधारित अभियानको निरन्तरता भयो। |

| | |
|---|---|
| • मन्दिर प्रवेश, आन्तरिक तथा बाह्य सहभोजको अभियानका साथै होडिङ्ग बोर्ड र होटल प्रवेश गऱ्यौं। | • पूजा गर्न जाने आन्दोलन र आन्तरिक छुवाछूत अन्त्यका लागि सहभोज अभियानका साथै दलित अधिकार आन्दोलन। |
| • वहस र सशक्तिकरणका अभियानहरू। | • आरक्षण, हलिया सवाल, निःशुल्क शिक्षा अभियान लगायत दलितहरू बसोबास गर्दै आएको ऐलानी जमीन अधिकरण गर्नु हुँदैन भन्ने अभियानको थालनी। |

त्यसैगरी २०६० साल र २०६३ साल २०६३ र २०६५ साल बीच RDN नेपालले सञ्चालन गरेका अभियानहरूलाई निम्नुसार तुलनात्मक अध्ययन गरिएको छ।

| २०६० साल | २०६३ साल (हालसम्म) |
|---|---|
| • RDN नेपालको कार्यक्षेत्र सुदूर पश्चिमाञ्चल तथा मध्यपश्चिमाञ्चलमा विस्तारित थियो। | • RDN नेपालले सञ्चालन गरेको "जातीय विभेद विरोधी मानव अधिकार अभियान" स्थानीय स्तरदेखि राष्ट्रियकरण हु ँदै अन्तर्राष्ट्रिय स्तरमा विशेष गरी भारतको दलित आन्दोलनसँग सम्पर्क/समन्वय भयो। आरक्षणको सवालमा भारतसँग अनुभव आदान प्रदान भयो। |
| • सहजकर्ता (एक्टीभिष्ट) मार्फत काम हुन्थ्यो | • सँगठन मार्फत काम हुँदैछ। |
| • साझेदारी/सहकार्यमा कमी। | • साझेदार/सहकार्य फराकिलो भयो। |
| • समिक्षामा कमी थियो। | • वार्षिक कार्य योजना, समिक्षामा व्यापकता साथै स्वमूल्याङ्कन बढ्दैछ। सञ्चार प्रणालीमा व्यवस्थित, प्रकाशन तथा फरक संस्थाको रूपमा पहिचान। |
| • NGO को आरोप तर स्वयंसेवी भावनाले काम हुन्थ्यो। | • अरूले पनि RDN नेपालबाट सिकेर स्वयंसेवी भावनालाई आत्मसाथ गरिएको पाईन्छ। |
| **२०६३** | **२०६५** |
| • जनसँगठनबाट परिचित थिएन। | • जनसँगठनका रूपमा परिचित भयो। |
| • राष्ट्र्व्यापी नेटवर्कका रूपमा स्थापित थिएन | • हाल आएर राष्ट्रिय स्तरको नेटवर्कका रूपमा स्थापित हुन गएको छ। |
| • RDN नेपालले उठाएको आरक्षणको सवाल लाई सरकारल संबोधन गरेको थिएन। | • हाल आएर प्रशासनिक क्षेत्र अर्थात आरक्षण को अभ्यासलाई अवलम्वन गरको छ। |

| | |
|---|---|
| • सँगठनले उठाएको हलियाहरूको सवाल सरकारले संबोधन गरेको थिएन। | • हाल आएर हलियाहरूको पक्षमा सरकारले मुक्तिका घोषणा भएको छ। |
| • सदनमा दलितहरूको प्रतिनिधित्व थिएन। | • हाल आएर RDN नेपालका पदाधिकारीहरू ९ जना र अन्य गरी ५० जना सभाषद छन् |
| • कार्यक्षेत्रका परिवेश विश्लेषण थिएन। | • हाल आएर कार्यक्षेत्रको परिवेश विश्लेषण भएको छ। |
| • दीर्घकालिन रणनीति पत्र तयार भएको थिएन | • हाल आएर दीर्घकालिन रणनीति पत्र तयार भएको छ। |
| • काठमाडौंमा सम्पर्क कार्यालय थिएन। | • काठमाडौंमा सम्पर्क कार्यालय व्यवस्थापन भएको छ। |
| • सँगठनले संचालन गरेको हलिया मुक्तिको आन्दोलनमा निकै दबाब सृजना गर्दा पनि मुक्त हुन सकेका थिएनन्। | • सँगठनको देशव्यापी दबाब र हलियाहरूको आफ्नै सँगठनको दबाबले गर्दा मुक्त भएका छन्। |
| २०६५ | २०६६ |
| • राज्य संघीय संरचनामा जाँदा दलित समुदायको स्थान कहाँ हुने स्पष्ट थिएन। | • RDN नेपालले हाल राज्य संघीय संरचनामा जाँदा दलितहरूका लागि गैरभौगोलिक संघीयता चाहिन्छ भन्ने स्पष्ट धारणा र वहसमा लिएको छ। |
| • RDN नेपालको अगुवाईमा बैतडी जिल्लामा संचालन गरेको राँगा वहिष्कार आन्दोलनको कुनै टुंगो लागेको थिएन। | • RDN नेपालको सिँगो टिम सोही क्षेत्रको आन्दोलनमा लागेपछि दलितका पक्षमा जिल्ला अदालतले निर्णय गरेको छ। |
| • साझेदार संस्था कम थिए। | • हाल आएर साझेदार संस्थाको बृद्धि भएको छ। |
| • दलित अधिकार सुनिश्चताका लागि मेची महाकाली दलित अधिकार यात्रा भएको थिएन। | • RDN नेपालको अगुवाईमा मेची महाकाली दलित अधिकार यात्रा २०६६ सम्पन्न भएको छ। |
| २०६६ | २०६७ |
| • मुक्त हलियाहरूको पुर्नस्थापना तथा समावेशीकरणका लागि छुट्टै अभियान थिएन | • हाल मुक्त हलियाहरूको पुर्नस्थापना तथा समावेशीकरणका लागि सुदूरपश्चिमका ९ वटा जिल्लाहरूमा अभियान संचालन छ। |

| | |
|---|---|
| • हलिया अधिकार मञ्च जिल्ला र राष्ट्रिय स्तरमा मात्रै थियो। | • हाल आएर गाउँ स्तरीय २७ वटा हलिया अधिकार मञ्च गठन भई अभियानरत छन्। |
| • राज्यले अख्तियार गरेको मुक्त हलियाहरूका लागि पुर्नस्थापनाको प्याकेज ल्याउने भन्ने सहमति भएपनि हालसम्म पनि पहल भएको थिएन। | • मुक्त हलियाहरूको पुर्नस्थापना तथा उनीहरूको पुहँच बृद्धि गर्न र गराउनका लागि सर्वोच्च अदालतमा रिट दायर भएको छ। |
| • पुनः राष्ट्रिय मानवअधिकार एलाइन्सको नेतृत्व | |
| • सचिवः लोकतन्त्र र शान्तिका लागि नागरिक समाज कैलाली | • उपाध्यक्ष : लोकतन्त्र र शान्तिका लागि नागरिक समाज कैलाली |
| • सचिवः राष्ट्रिय मानवअधिकार एलाइन्स कैलाली | • उपाध्यक्षः राष्ट्रिय मानवअधिकार एलाइन्स कैलाली |
| २०६७ | २०६८ |
| • नेपाल सरकारले केन्द्रीय स्तर तथा सुदुर पश्चिमाञ्चल विकास क्षेत्रका ९ वटा जिल्लाहरूमा हलिया पुर्नस्थापना तथा अनुगमन समितिहरू गठन गरेको थिएन। | • नेपाल सरकारले केन्द्रीय स्तर तथा सुदुर पश्चिमाञ्चल विकास क्षेत्रका ९ वटा जिल्लाहरूमा हलिया पुर्नस्थापना तथा अनुगमन समितिहरू गठन गरेको गरयो। |
| • जातीय बिभेद तथा छुवाछुत कसुर र सजाय ऐन निर्माण भएको थियो। | • जातीय बिभेद तथा छुवाछुत कसुर र सजाय ऐन २०६८ निर्माण भयो। |
| • सवालगत बिभागहरू पुर्नगठन गर्न बाँकी थियो। | • सन २०११ मा सँगठनका सवालगत बिभागहरू पुर्नगठन गरियो। |
| २०७२ | २०८० |
| • नेपालको संविधान जारी<br>• अन्य कानूनहरु निर्माण। | • हरवाचरवा मुक्तिको घोषणा।<br>• दलितअधिकार दशक। |

## ४) RDN नेपालका सवालगत विभागहरू :

RDN नेपालले हालसम्म अभियानलाई सवालगत विभागहरू निर्माण गरी कार्यक्रमलाई प्रभावकारी रूपमा संचालन गर्दै आएको छ। हाल सबै क्षेत्र, समुदायहरूको प्रतिनिधित्व हुने गरी हरेक क्षेत्रमा दलित अधिकार प्राप्तिको अभियानमा एकरूपताका साथ अघि बढाउने निचोड निकाल्दै निम्न प्रकारका सवालगत विभागहरू निर्माण गरिएका छन्।

क) RDN नेपाल महिला अधिकार विभाग
ख) RDN नेपाल विद्यार्थी अधिकार विभाग
ग) RDN नेपाल प्राकृतिक श्रोत तथा भूमि अधिकार विभाग
घ) RDN नेपाल हलिया अधिकार विभाग
ङ) RDN नेपाल कोष निर्माण विभाग
च) प्रचार तथा प्रकाशन विभाग


## ५. RDN नेपालका क्षेत्रगत सवालहरु

१. नीतिगत वकालत तथा सशक्तिकरण
२. सँगठन निर्माण, परिचालन तथा सशक्तिकरण
३. बजेट वकालत
४. प्रकाश तथा अभिलेखिकरण
५. विकल्पसहितको परिवर्तनको बाहक
६. मिडिया साझेदारी तथा ऐक्युबद्धता
७. समन्वय तथा सहकार्य

## ६. अभियान संचालन प्रक्रियाहरु

१. (Pro-Active Campaign) सँगठन निर्माण तथा क्षमता अभिवृद्धि
२. (Reactive Campaign) वैकल्पिक ज्ञान
३. (Interactive Campaign) सचेतना, सहभोज, नेटवर्किङ्ग

# दलितहरुको समस्या विश्लेषण (Problem Analysis)



## RDN नेपालद्वारा सन् २०२२ सञ्चालित परियोजनाहरु:

### १. पृष्ठभूमि:

राष्ट्रिय दलित नेटवर्कले निर्दीष्ट गरेको लक्ष्य र उद्देश्यहरू परिपुर्ति गर्नका लागि आफ्नो स्थापना कालदेखि विभिन्न साँफेदार संस्थाहरूसँगको समन्वयमा नितिगत जनवकालत, क्षमता अभिवृद्धि, सचेतना अभियान, संस्थागत विकाससँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गर्दै आईरहेको छ। यसै सन्दर्भमा सन २०२२ मा संचालित परियोजनाहरूको विवरण यस प्रकार छ।

**१. बधुवा श्रम प्रणाली अन्त्य अभियान:**

द फ्रिडम फण्डको सहयोगमा कृषि बधुवा मजदुरहरूको मर्यादित जीवन श्रृजना गरि न्यायपुर्ण समाज निर्माणमा योगदान गर्ने हेतुले १ अप्रेल, २०२१ देखि ३० जुन २०२४ सम्मका लागि कृषि बधुवा मजदुरहरूको मर्यादित जीवन श्रृजना गरि न्यायपुर्ण समाज निर्माणमा योगदान गर्ने उद्देश्यले नेपालमा कृषि बधुवा मजदुर प्रणालीको अन्त्य कार्यक्रम सञ्चालन भईरहेको छ। उक्त कार्यक्रमले मधेस प्रदेशमा हरवाचरवा, लुम्बिनी प्रदेशमा मुक्त कमैया, सुदूरपश्चिम प्रदेशमा मुक्त हलियाको सवाल र काठमाण्डौमा नितिगत वकालतलाई केन्द्रीत गरेको छ।

**२. भूमि अधिकार अभियान:**

द ओपन सोसाईटी फाउण्डेसनको आर्थिक तथा प्राविधिक सहयोगमा नेपालको संबिधान २०७२ को धारा ४० को उपधारा ५ र ६ को संबैधानिक प्रावधान अनुसार भूमिमा दलितहरूको स्वामित्व कायम गराउन दलित भूमिहिन समुदायमा आम जागरण श्रृजना गर्ने उद्देश्यले सुदुरपश्चिम प्रदेशका ९ वटा जिल्लाहरूका १८ पालिकामा दलित भूमिहिन र सुकुम्बासीलाई लक्षित गरि १ अगस्त, २०२१ देखि ३१ जुलाई २०२३ सम्मका लागि भूमि अधिकार अभियान सञ्चालन भईरहेको छ।

**३. मतदाता शिक्षा अभियान:**

संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (युनडिपी) निर्वाचन सहयोग कार्यक्रम र निर्वाचन आयोग नेपालको आर्थिक सहयोगमा राष्ट्रिय दलित दलित नेटवर्कद्धारा सुदुरपश्चिम प्रदेशका

९ वटा जिल्लाहरू (कैलाली, कंचनपुर, दार्चुला, बैतडी, बझाङ्ग, डडेल्धुरा, डोटी, अछाम र बाजुरा) का १८ वटा पालिकाहरूमा स्थानीय निर्वाचन २०७९ लाई लक्षित गरेर १५ अप्रेल, २०२२ देखि ३१ मे, २०२२ सम्मका लागि मतदाता शिक्षा अभियान संचालन गरिएको थियो। कार्यक्रमको मुख्य उद्देश्य आसन्न २०७९ बैशाख ३० गतेको स्थानीय तह निर्वाचनमा मतदाता शिक्षा अभियान संचालन गर्नका साथैस्थानीय तह निर्वाचन प्रक्रियामा दलितहरूको सार्थक सहभागीताका लागि सशक्तिकरणमा योगदान गर्ने र स्थानीय निर्वाचनका क्रममा देखा परेका घट्नाहरूको संकलन गर्ने रहेको थियो। उक्त कार्यक्रम ९ वटै जिल्लाहरूका ५००२ दलितहरूलाई लक्षित गरिएको थियो।

### ४. **सुरक्षित आवास परियोजना**

त्यसैगरी कैलाली जिल्लाको भजनी नगरपालिका र कैलाली गाऊँपालिका तथा कञ्चनपुर जिल्लाको बेदकोट नगरपालिकामा रहेका अति बिपन्न समुदायहरूः दलित, मुक्त कमैया, हलिया लगायत अन्य सिमान्तकृत समुदायलाई लक्षित गरेर उनीहरूको आवाश र भूमिको अधिकार सुनिश्चित गर्ने उद्देश्यले हयाबिटयाट फर हुमानिटी ईन्टरनेशनल नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा सन १ मे, २०२२ देखि ३० जुन, २०२३ सम्मका लागि सुरक्षित आवाश परियोजना सञ्चालन भईरहेको छ।

## २. मुख्य गतिविधिहरुः

### २.१) **जनसँगठन निर्माण तथा परिचालन (Formation & Strenghtening of People Based Organizations)**

२.१.१ **प्रदेश स्तरीय दलित भूमि अधिकार यूनियन गठनः** भूमिअधिकारबाट बंचितहरूको भूमिहिनता, सुकुम्बासीपन र अव्यवस्थित बसोवासीहरूका लागि सुरक्षित आवास र जिविकोपार्जनका सवालमा वकालत गर्नका लागि सुदूरपश्चिम प्रदेश स्तरिय दलित भूमि अधिकार यूनियन गठन भयो। भेलाको उदघाटन गर्दै राष्ट्रिय दलित नेटवर्क नेपालका केन्द्रीय अध्यक्ष, दलित एवं भूमि आन्दोलनका अगुवा गणेश विश्वकर्माले राष्ट्रिय भूमि आयोग-भूमि सम्बन्धी ऐन २०२१ को आठौ संशोधन बमोजिम गठन भएकाले यसको अधिकार क्षेत्र, समयाबधि र कार्यविधि विश्वसनीय रहको सन्दर्भमा दलित भूमि अधिकार यूनियनले नितिगत वकालतमा प्रभाव पानुपर्ने कुरामा जोड दिनुभयो। साथै उहाँले दलित



*हरवाचरवा र गाऊँपालिका अध्यक्ष बिच छलफल*

भूमिहिन सुकुम्वासी र अव्यवस्थीत वसोवासीलाई आवश्यक कागजात जुटाउने आदि कार्यमा मद्दत गर्न यूनियनको महत्वपुर्ण योगदान रहनुपर्ने कुरा औल्याउनुभयो। २०७८ चैत्र ०८ गतेका दिन धनगढीमा सम्पन्न भएको अधिकारकर्मीहरूको भेलाले हलिया आन्दोलनका नेता राजुराम भूलको अध्यक्षतामा प्रदेश स्तरीय दलित भूमिअधिकार यूनियन गठन गरेको हो। सँगठनको महासचिवमा श्याम सुनार (बझाङ्ग) चयन हुनु भयो भने सदस्यहरूमा क्रमसः हरिना ओड (कञ्चनपुर), दानीराम तिरुवा (दार्चुला), नन्द विश्वकर्मा (डडेल्धुरा), कर्ण चुनारा (डोटी), मनिष विश्वकर्मा (अछाम), लक्ष्मण बि.के. (कैलाली), प्रेम बि.के. (बाजुरा), सुजाता ओखेडा (बझाङ्ग), कालीदेवी पार्की (डडेल्धुरा), गोपाल नेपाली (कैलाली) र प्रेमकला सोव (कैलाली)) रहनु भएको छ। साथै भेलाले मोहन ओड संयोजक सहित सदस्यहरू जंग बहादुर सुनार, पार्वती आग्री, काशी नेपाली, र जीत बहादुर निसानी रहनुभएको ५ सदस्यीय सल्लाहकार समिति समेत गठन गरेको थियो। भेलाको अन्तमा आफ्नो प्रतिबद्धता व्यक्त गर्दै युनियनका प्रदेश अध्यक्ष राजुराम भुलले आगामी २०७९ बैशाख ३० गने सम्पन्न हुने स्थानीय निर्वाचनमा उम्मेदवारीमा दलित भुमिहिनको प्रतिनिधित्व वृद्धि गर्नका लागि विभिन्न राजनितिक दलहरूमा दबाव श्रृजना गरिने कुरा व्यक्त गर्नुभयो। साथै उहाँले राष्ट्रिय भूमि आयोग नेपालको संविधानको मौलिक हकमा उल्लेख भएर सो अनुसार निर्माण भएका ऐन कानूनहरूको कार्यान्वयनका लागि गठन भएको हुँदा यसमा दलित भूमिहिनहरूको आफ्नै जनसँगठन भएको हुनाले रचनात्मक सहयोग रहने कुरा औल्याउनु भयो।

## २.१.२ **हरवा चरवा र गाऊँपालिका प्रमुख बिच अन्तरक्रिया:**

यही २०७८ चैत्र १० गतेका दिन हरवाचरवा अधिकार मंच लक्ष्मीपुर पतारी र सो गाउँपालिका का निर्वाचित जनप्रतिनिधिहरू बिच अन्तरक्रिया सम्पन्न भयो। हरवाचरवा अधिकार मंच सिरहाका अध्यक्ष श्याम सुन्दर सदाको अध्यक्षता र लक्ष्मीपुर पतारी गाऊँपालिकाका प्रमुख राजबल्लब साहको प्रमुख आतिथ्य अन्तरक्रिया सम्पन्न भएको थियो। उक्त अन्तरक्रिया कार्यक्रममा हरवाचरवा पदाधिकारीहरूले कृषि मजदुरहरूको उचित ज्याला र आउदो स्थानीय निर्वाचनमा हरवा चरवाहरू प्रतिनिधित्वको सवालमा अवाज उठाएका थिए। अन्तरक्रियाका प्रमुख अतिथि गाऊँपालिका प्रमुख साहले आफू हरवा चरवाहरूको अवस्था प्रती गम्भीर रहेको र आफ्नो स्थानीय तहमा हरवा चरवाहरूको समुचित व्यवस्थापनको लागि पहलकदमी लिने प्रतिबद्धता जाहेर गरेको अध्यक्ष श्याम सुन्दर सदाले बताउनु भयो।

## २.१.३: **जिल्ला हरवाचरवा अधिकार मञ्चहरू गठन:**




*जिल्ला हरवाचरवा अधिकार मञ्च सर्लाही गठन*

मधेस प्रदेशको २ वटा जिल्लाहरू: महोत्तरी र सर्लाहीमा जिल्ला स्तरीय हरवाचरवा अधिकार मञ्चहरू गठन भए। मिति २०७८ चैत्र २९ गतेका दिन महोत्तरीको बर्दिबासमा हरवाचरवा मुक्तिको घोषणा गरौ, न्यायपुर्ण श्रम सम्बन्ध कायम गरौ भन्ने मुल नाराका साथ महोत्तरी जिल्लाको बर्दिबासमा हरवाचरवा अधिकार मञ्चको प्रथम जिल्ला भेला सम्पन्न भयो। भेलाले जतन मण्डलको अध्यक्षतामा १५ सदस्यीय जिल्ला हरवाचरवा अधिकार

मञ्च महोत्तरी गठन गरयो। नवगठित मञ्चको उपाध्यक्ष श्यामसुन्दर मण्डल, सचिव ममता विश्वकर्मा, कोषाध्यक्ष तेतरी देबी यादब र सहसचिव गितादेबी मण्डल चयन भएका थिए। त्यसैगरी सदस्यहरूमा सामा सदा, दुलारी सदा, उर्मिला सदा, सुस्मा परियार, सबिना परियार, अरूण दाश, सुमित्रा कापड, लोथी खातुन, बेचन दाश र रन्जुदेबी मण्डल रहेका थिए।

भेलाको उदघाटन गर्दै कार्यक्रमका प्रमुख अतिथी मधेस प्रदेशसभा सदस्य एवं नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजबादी) का पोलिटब्युरो सदस्य माननीय रबिन्द्र बैठाले युगौदेखि दाशप्रथाको अबशेषको रूपमा रहेको हरवाचरवा प्रथाको समुल रूपमा अन्त्य गर्न संघर्ष आवश्यक रहेको र त्यसका लागि जुझारु ढंगबाट अधिकारवालाको सँगठन परिचालन गर्नुपर्ने जिकीर गर्नुभयो। साथै उहाँले आफुपनि हरवाचरवा पृष्ठभूमीबाट यहाँसम्म आईपुगेको कुरा स्मरण गर्दै आगामी निति तथा कार्यक्रममा हरवाचरवाका सवालहरू सम्बोधन गराउन प्रदेशसभामा जोडदार ढंगले कुरा उठाउने प्रतिबद्धता व्यक्त गर्नुभयो।

कार्यक्रमका विशिष्ट अतिथी एवं राष्ट्रिय दलित नेटवर्क नेपालका केन्द्रीय अध्यक्ष संघीय सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयद्वारा गठित हरवाचरवा, मुक्त हलिया, कमैया र कमलरी बस्तुस्थिति अध्ययन समितिका सदस्य गणेश विश्वकर्माले राज्यको संरचनात्मक रूपान्तरण मार्फत मुलुकले संघीयता र समावेशी विकास अवलम्बन गरिसकेको सन्दर्भमा अझैपनि दाशप्रथाको अवशेषहरू बाँकी रहनु दुखदायी भएको बताउनु भयो। उनले यसलाई समुल रूपमा उन्मुलन गर्न राज्य नै मुख्य जिम्मेवार रहनुपर्ने कुरामा जोड दिनुभयो। साथै उहाँले हरवाचरवा सवाललाई समाजको साझा एजेण्डा बनाई त्यसको सामाधानका लागि राजनितिक दलहरूले पहल कदमी लिनुपर्ने औल्याउनु भयो। राष्ट्रिय हरवाचरवा अधिकार मञ्चका केन्द्रीय अध्यक्ष दर्शन मण्डलले हरवाचरवाको प्रमुख माग अनुचित ऋण खारेजी सहित मुक्तिको घोषणा र न्यायिक पुनस्थापन भएकोले त्यसलाई सरकारले समयमै सम्बोधन नगरे मधेस प्रदेशका ८ वटा जिल्लाबाट आन्दोलनको आधीबेरी श्रृजना गर्दै काठमाण्डौमा सिंहरबार घेराउ हुने चेतावनी समेत दिए। जतन मण्डलको अध्यक्षतामा भएको भेलामा द फ्रिडम फण्डका कार्यक्रम व्यवस्थापक केभीन ग्रोम, नेपाल कार्यक्रम सल्लाहकार जियाम श्रेष्ठ, कानुनी सल्लाहकार बालाराम भट्टराई लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए। जिल्ला हरवाचरवा एक्टीभिष्ट बिशेश्वर साफीले स्वागत मन्तव्य राखेको कार्यक्रममा राष्ट्रिय दलित नेटवर्कका कार्यकारी निर्देशक हुकुम सार्कीले कार्यक्रमको

औचित्यत्ताबारे प्रकाश पारेका थिए। कार्यक्रमको सञ्चालन राष्ट्रिय दलित नेटवर्कका जनवकालत अधिकृत सञ्जय कुमार महराले गरेका थिए।




*जिल्ला हरवाचरवा अधिकार मञ्च गठन*

त्यसैगरी सर्लाहीमा मिति २०७८ चैत्र ३० गतेका दिन हरवाचरवा अधिकार मञ्च सर्लाहीको प्रथम जिल्ला भेला बुधबार सम्पन्न भयो। भेलाले रामदयाल मान्झीको अध्यक्षतामा १५ सदस्यीय जिलला हरवाचरवा अधिकार मञ्च सर्लाही गठन गरयो। जसको उपाध्यक्ष सोनीया माझी, सचिव रामबाबु पासवान, कोषाध्यक्ष उपेन्द्र राम र सह सचिव रजरनीया माँझी चयन भएका थिए। मंचको सदस्यहरूमा मोहीचन माँझी, भागीरथ माँझी, राजकुमार माँझी, सबिता माँझी, सीतादेबी राम, कौशिलूया देबी माँझी, कालीचरन माँझी, नथनी माँझी र देबेन्द्र राम चयन थिए।

भेलाको उद्घाटन गर्दै कार्यक्रमका प्रमुख अतिथी एवं दलित नेता रामकेवल माँझीले अहिलेको २१ औं शताब्दीमा बिज्ञान र प्रबिधीको विकास चरमचुलीमा पुगी सकेको सन्दर्भमा नेपालको मधेस प्रदेशको ८ वटा जिल्लाहरूमा ब्याप्त रहेको हरवाचरवा प्रथा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका लागि दुःखत रहेको बताए। साथै उनले अहिले मुलुकमा संघीयता र समावेशी विकासको अभ्यास भईरहेकोले हरवाचरवाहरूको समग्र मुक्ति र पुर्नस्थापनका लागि ३ वटै सरकारले निति तथा कानुन निर्माण गरि त्यसको प्रभावकारी कार्यान्वयन गर्दै अनुगमन संयन्त्रको विकास हुनुपर्नेमा जोड दिएका थिए। कार्यक्रमका विशिष्ट अतिथी एवं

राष्ट्रिय हरवाचरवा अधिकार मञ्चका केन्द्रीय अध्यक्ष दशन मण्डलले हरवाचरवाको अनुचित ऋणको खारेजीसहित न्यायिक पुर्नस्थापनका लागि नेपाल सरकारले हरवाचरवाको अर्थपुर्ण सहभागीता सहित एक शक्तिशाली आयोग गठन गर्नुपर्ने जिकीर गरे। साथै उनले सरकारले छिटो भन्दा छिटो हरवाचरवाको तथ्याकं संकलन, प्रमाणिकरण गरि परिचयपत्र बितरण गर्नुपर्ने, हरवाचरवालाई रोजगारीको ब्यवस्थ गर्नुपर्ने, शिक्षा, स्वास्थ्यको निशुल्क व्यवस्था गरि निति निर्माण गर्ने तहमा हरवाचरवाको समान सहभागीता सुनिश्चित गर्नुपर्ने बताए। रामदयाल माँझीको अध्यक्षतामा सम्पन्न भेलामा राष्ट्रिय दलित नेटवर्कका जनवकालत अधिकृत रूपनारायण पासवानले सहभागीहरूलाई स्वागत गर्दै कार्यक्रमको औचियत्तामाथी प्रकाश पारेका थिए भने कार्यक्रमको सञ्चालन रौतहट जिल्ला हरवाचरवा एक्टिभीष्ट सुब्बासाहेव पासवानले गरेका थिए। कार्यक्रममा राष्ट्रिय दलित नेटवर्कका कार्यकारी निर्देशक हुकुम बहादुर सार्की, बहुजन एकता पार्टी नेपाल सर्लाहीका जिल्ला अध्यक्ष देबेन्द्र राम, जिल्ला हरवाचरवा अधिकार मञ्च रौतहटका अध्यक्ष बिगनेस पाशवान, जिल्ला हरवाचरवा अधिकार मञ्च महोत्तरीका सचिव ममता विश्वकर्मा लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

### २.१.४ः **हरवाचरवा तथा दलित यूनियनको ऐक्यबद्धताः**

१४ औ मुक्त हलिया दिवशको सन्दर्भमा मधेस प्रदेशका ८ वटा जिल्लाका ४० वटा पालिकामा गठन गरिएका स्थानीय हरवाचरवा अधिकार मञ्चले सम्बन्धित स्थानीय सरकार र सुदुरपश्चिम प्रदेशका ९ वटा जिल्लाका १८ पालिका दलित भूमि अधिकार यूनियनले सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी मार्फत प्रधानमन्त्रीलाई विभिन्न मागहरू राखि ज्ञापनपत्र बुझाएर ऐक्यबद्धता जनाए। नेपालमा दासप्रथाको रूपमाविद्यमान रहेको एक मात्र हरवाचरवाप्रथाको मिति २०७९ श्रावण ०२ गतेका दिन एक भव्य समारोहका बीच कमैया मुक्त घोषणाको २२ वर्ष पुगेको अवसरका कमैया श्रमिक हरवाचरवाको लागि सम्मानीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यूको विशेष सन्देश मार्फत मुक्तिको घोषणा भएको थियो। यहि सन्देशलाई ध्यानमा राख्दै उक्त ऐतिहाँसिक घोषणाको कार्यान्वयनका लागि मधेस प्रदेशका ८ वटा जिल्लाका ४० वटा पालिकामा आवश्यक पहल गरि दिनका लागि ज्ञापनपत्र पेश गरिएको थियो। उक्त ज्ञापन पत्रमा सर्वप्रथम सम्बन्धित नगरपालिका/गाउँपालिकाको संयोजकत्वममा हरवाचरवाअधिकार मंचको प्रतिनीधित्व अनिवार्य हुने गरी तथ्याँक संकलन

समिति गठन गरी हरवाचरवाको यथार्थ तथ्याँक संकलन गरी उनीहरूको प्रमाणीकरण सहित वर्गीकरण गर्न माग गर्दै हरवाचरवाहरूको मुक्ति कमैया निषेध गर्न बनेको ऐन २०५८ अनुसार गरिएको हुनाले हरवाचरवाको तथ्याक संकलनगर्दा २०५८ श्रावण २ गतेसम्म हरवाचरवा बसेकोलाई आधार मानी उनीहरू बस्दै आएको जमिनलाई उनीहरूकै नाममादर्ता हुने गरी राष्ट्रिय भूमि आयोगसँगको सहकार्यमा भूस्वामित्वको लालपुर्जा प्रदानगर्न माग गरिएको छ।



*मुक्त हलिया दिवशमा ऐक्यबद्धता*

त्यसैगरि मुक्त हरवाचरवा परिवारको सुनिश्चित जीविकाको लागि स्थान विशेषको बजारको माग हेरी दीर्घकालीन र अल्पकालीन सीप तालिमको अवसर प्रदानगरि सीप तालिम पछि तालिम लिएको विषयमा पेशा संचालनको लागि अनुदानको रूपमा कम्तिमा रु१ लाख देखि ५ लाख सम्म बीउपुँजी र जरुरी औजारहरू प्रदान गर्न माग गर्दै नेपाल सरकारले तोके बमोजिमको न्युनतम ज्याला दर कडाइपूर्वक लागू गर्न, त्यसको चौतर्फी निरीक्षण तथा नियमनगर्ने संस्था र संयन्त्र निर्माण गर्दै त्यसको उल्लङ्घन गर्ने व्यक्ति वा संस्थालाई कडा दण्ड हुने कानुनी व्यवस्था गर्नका लागि जोड दिइएको छ।

साथै उक्त ज्ञापन पत्रमा भूमिहीनहरूलाई राज्यका तर्फबाट बितरण गरिने भूमिका सन्दर्भमा दलित भूमिहीन र कृषि बधुवा मजदुरहरू : मुक्त हलियालाई पहिलो प्राथमिकतामा राख्नुपर्ने कुरामा जोड दिइएको छ। त्यसैगरी अहिले पनि कृषिमा सँगलन हुन ईच्छुक दलित भूमिहीन, सुकुम्बासी र मुक्त हलियाहरूको लागि प्रति घरधुरीहरूको लागि वर्षभरी धान्ने कृषियोग्य जमीन, घर भएका र घर नभएका दुबै भूमिहीन परिवारको लागि जमिनको प्रबन्ध सहित मुक्त हलिया पुनर्स्थापना नभएका बस्तीहरूमा एकिकृत बस्ती विकास आयोजना सिफारिश गर्न माग गरिएको थियो।







साथै तत्काल प्रदेश सरकारको समन्वयमा छुट मुक्त हलियाहरूको तथ्याँक संकलन गरी उनीहरूलाई बर्गिकृत परिचयपत्र प्रदान गरि पुनर्स्थापनाको कार्यक्रम अगाडी बढाइनुपर्ने, मुक्त हलिया परिवारको लागि छोटो अवधिको अल्पकालीन सीप तालिम प्रदान गरेर बीउपुँजी र औजार प्रदान गरेर तत्काल रोजगारीको अवसर सिर्जना गरिनुपर्ने, मुक्तहलियाका सन्तानको लागि १२ कक्षा सम्म निशुल्क शिक्षा सुनिश्चित गर्दै प्राविधिक शिक्षामा पहुँच वृद्धि गरिनुपर्ने, हरेक मुक्त हलिया बस्तीमा स्वास्थ्य केन्द्र वा स्वास्थ्यचौकीको र आधारभूत औषधिहरूको बन्दोबस्त गरि मुक्त हलियाका सन्तानका लागि सबै खाले खोपको प्रबन्ध गर्नुपर्ने, प्रदेश सरकारको बजेट बिनियोजनमा आफ्नो हिस्सा समेत थपी हरेक हलिया बस्तीमा भौतिक पूर्वाधारहरू खानेपानी, बिजुली, सडक, टेलिफोन र इन्टरनेट नेटवर्क पुऱ्याईनुपर्ने, स्थानीयतहको सामाजिक तथा राजनीतिक नेतृत्वमा हलियाको पहुँचको लागि स्थानीय तहले कानुन ल्याएर २ प्रतिशत सीट सुनिश्चित गर्नुपर्ने, हरेक पालिका भित्र न्युनतम ज्यालाको प्रावधान कडाइपूर्वक लागू गर्दै सो नगर्ने कडा दण्ड दिने स्थानीय कानुन ल्याईनुपर्ने र स्थानीयतहमा हरेक वडाबाट अनिवार्य रूपमा छानिने दलित वडा सदस्यमा मुक्तहलिया बस्ती ज्यादा रहेको वडामा त्यस्तो दलित सदस्य अनिवार्य रूपमा हलिया नै हुनुपर्ने कानुन र नियम तर्जुमा गर्न भूमिका खेलिनुपर्ने सवालहरू ज्ञापनपत्रमा उल्लेख गरिएको छ ।

### २.१.५: **राष्ट्रिय कृषि बधुवा मजदुर संघर्ष समितिको बैठक :**




*कृषि बधुवा मजदुर संघर्ष समितिको बैठकका सहभागीहरु*

राष्ट्रिय कृषि बधुवा मजदुर संघर्ष समितिले मुक्त हरवाचरवा, हलिया र कमैयाको पुनर्स्थापनाका लागि थप आन्दोलन गर्न आगामी ३ महिनाका लागि राष्ट्रिय कृषि बधुवा मजदुर संघर्ष समितिको

बैठक सहजीकरण गरिएको थियो। २०७९ असोज १ गतेदेखि ३ गते सम्म बाँके जिल्लाको नेपालगंजमा सम्पन्न भएको कृषि बधुवा मजदुरहरूको संयुक्त जनवकालत रणनिति कार्यशाला गोष्ठी तथा समिक्षा बैठकबाट उक्त कार्यक्रम तय गरिएको थियो।संघर्षका कार्यक्रम अन्तरगत असोज ८ देखि १० गते सम्म आसन्न प्रदेशसभा र प्रतिनिधीसभाको निर्वाचनलाई लक्षित गरेर चुनावी घोषणापत्रमा कृषि बधुवा मजदुरहरूः मुक्त हरवाचरवा, हलिया र कमैयाका सवालहरू सम्बोधन गराउन विभिन्न राजनितिक दलहरूको केन्द्रीय र प्रदेश समितिहरूमा ध्यानार्कषण पत्र पेश गर्ने, कार्तिक महिनाभरि मधेस प्रदेशमा मुक्त हरवाचरवाको सवाल, लुम्बिनी प्रदेशमा मुक्त कमैयाको सवाल र सुदूरपश्चिम प्रदेशमा मुक्त हलिया तथा कमैयाको सवालमा केन्द्रीत भएर प्रदेश सभा र प्रतिनिधिसभाका उम्मेदवार १५ वटा जिल्लाहरूमा छलफल गर्ने, असोज ११ गते मुक्त हरवाचरवा, हलिया र कमैया पुनर्स्थापनाको मोडालिटीबारे संघीय सरकार भूमिव्यवस्था, सहकारी र गरिबी निवारण मन्त्रालयसँग अन्तरक्रियाको आयोजना गर्ने साथै मुक्त हरवा्चरवा, छुट हलिया तथा कमैयाहरूको लगत संकलन, प्रमाणीकरण, परिचयपत्र वितरण मार्फत न्यायिक पुनर्स्थापनाका लागि निरन्तर रूपमा सम्बन्धित मन्त्रालय र आयोगहरूमा दबाव श्रृजना गरिने कुरा राष्ट्रिय कृषि बधुवा मजदुर संघर्ष समितिका संयोजक दशनलाल मण्डलले बताउनु भएको थियो। कृषि बधुवा मजदुरहरूको संयुक्त जनवकालत रणनिति कार्यशाला गोष्ठी तथा समिक्षा बैठकमा मधेस, लुम्बिनी र सुदूरपश्चिम प्रदेशबाट कृषि बधुवा मजदुरहरूः मुक्त हरवाचरवा, हलिया र कमैया सँगठनहरू तथा विकास साँझेदार गरि जम्मा ५० जनाको सहभागीता रहेको थियो।

### २.१.६ **लाभग्राही समुह गठन तथा परिचालनः**

२०७९ साल बैशाख ११ गते कैलाली जिल्लाको कैलारी गाउपालिका वडा नं. ७ बिपतपुरमा अवस्थित मुक्त कमैया शिविरमा भएको आगलागीबाट २७ घरधुरी जलेर पूर्ण रूपमा नष्ट भई घरबार बिहिन भएका थिए। आगलागीबाट प्रभावित व्यक्तिहरूको आवासको हक सुनिश्चतताको लागि सुदुरपश्चिम प्रदेश सरकार भूमि व्यवस्था, कषि तथा सहकारी मन्त्रालय, साझेदार संस्था हयाविट्याट फर हुम्यानिटी नेपाल र राष्ट्रिय दलित नेटवर्क, नेपाल बिचको समझदारीमा २७ घरहरू निर्माण गर्ने योजना अनुरूप प्रभावित समुदायको अगुवाईमा घर निर्माण कार्य अघि बढाउन पौष, २०७९ मा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजम लाभग्राही समुह गठन गरि पालिकामा सुचिकृत गरिएको छ। सम्बन्धित मन्त्रालय

र राष्ट्रिय दलित नेटवर्क नेपालसँग लाभग्राही समुदायले घर निर्माण सम्झौता सम्पन्न गरेका छन। सम्झौता अनुसार परियोजनामा सम्बन्धित मन्त्रालयको रु ९० लाख र राष्ट्रिय दलित नेटवर्कले संचालन गरिरहेको सुरक्षित आवास परियोजनाको रु ५४ लाख नगद रहनेछ भने समुदायले स्थानीय श्रोत साधन र श्रमदान गरि योगदान गर्नेछन। २०८० साल जेठ मसान्त सम्म घर निर्माण कार्य सम्पन्न गरि सम्बन्धितलाई हस्तान्तरण गर्ने योजना रहेको छ।

**लाभग्राही समुदाय संचालक समितिको नामावली :**

| क्र.सं. | नाम | पद | क्र.सं. | नाम | पद |
|---|---|---|---|---|---|
| १ | हरि प्रसाद चौधरी | अध्यक्ष | ७ | सिताराम चौधरी | सदस्य |
| २ | संजय कुमार चौधरी | सचिव | ८ | सुधराम चौधरी | सदस्य |
| ३ | जानकी देवि चौधरी | कोषाध्यक्ष | ९ | बिन्दु देवि चौधरी | सदस्य |
| ४ | अरूण चौधरी | सदस्य | १० | माया कुमारी चौधरी | सदस्य |
| ५ | मुन्निदेवि चौधरी | सदस्य | ११ | सल्लारु चौधरी | सदस्य |
| ६ | सिताराम चौधरी | सदस्य | | | |

## २.२ क्षमता अभिवृद्धि (Capacity Building):

### २.२.१ हरवाचरवा यूवा एक्टिभिजम तथा जनवकालत तालिम:




*हरवाचरवा यूवा एक्टिभिजम तालिम*

दाशप्रथाको अबशेषको रूपमा रहेको कृषि बधुवा मजदुरः हरवाचरवाको मुक्ति र पुनर्स्थापनाको संयुक्त आन्दोलनमा हरवाचरवा यूवाहरूको सँगलनता वृद्धि गर्ने उद्देश्यले सिराहाको लहानमा ३ दिने हरवाचरवा यूवा एक्टिभिजम तथा जनवकालत तालिम लहानमा सम्पन्न भयो। नेपालको परिवर्तित राजनितिक सामाजिक सन्दर्भ, कृषि बधुवा मजदुर सम्बन्धी राज्यका निति तथा कानुन सम्बन्धी हरवाचरवा यूवाहरूको क्षमता अभिवृद्धि गर्न तालिमको आयोजना गरिएको ३ दिन सम्म चलेको उक्त तालिममा हरवाचरवाका वर्तमान समस्या र सवालहरू पहिचान र प्राथमिकीकरण भई मुक्ति र पुनर्स्थापनाको आन्दोलनमा ६ महिने जनवकालत योजना समेत निर्माण भयो। साथै तालिममा अभियान र आन्दोलन सञ्चालनका लागि हरवाचरवा यूवाहरूको भूमिकाबारे छलफल भई स्थानीय, प्रादेशिक र संघीय स्तरमा नितिगत जनवकालत सञ्चालन गर्नका लागि एक्टिभीष्टहरूले चाल्नुपर्ने कदमका बारेमा पनि समान बुझाई कायम गरिएको थियो। उक्त तालिममा मधेस प्रदेशका ६ वटा जिल्लाहरू सप्तरी, सिराहा, धनुषा, बारा, पर्सा र रौतहटका ३० जना हरवाचरवा यूवाहरूको सहभागीता रहेको थियो। द फ्रिडम फण्डको आर्थिक सहयोग र राष्ट्रिय हरवाचरवा अधिकार मञ्चसँगको सहकार्यमा राष्ट्रिय दलित नेटवर्क नेपालको आयोजनामा मिति २०७८ फागुन २२ देखि २४ सम्म भएको उक्त तालिमको सहजीकरण द फ्रिडम फण्डका बालाराम भट्टराई, जियाम श्रेष्ठ, भूमिबिज्ञ जगत देउजा, मानवअधिकारकर्मी राजु पासवान र राष्ट्रिय दलित नेटवर्कका कार्यकारी निर्देशक हुकुम सार्कीले गर्नु भएको थियो।

### २.२.२ **नेतृत्व विकास तालिम सम्पन्नः**

राष्ट्रिय दलित नेटवर्क RDN नेपाल र राष्ट्रिय हरवाचरवा अधिकार मंचको संयुक्त आयोजनामा २०७९ श्रावण २३ देखि २४ सम्म जिल्ला हरवाचरवा अधिकार मंचका पदाधिकारीहरू र एक्टिभिष्टहरूका लागि नेतृत्व विकास र जनवकालतशिप सम्बन्धी दुई दिने तालिम सम्पन्न भयो। तालिमको उदघाटन गर्दै मधेस प्रदेश सरकारका उद्योग, पर्यटन तथा बन मन्त्री सत्रुघन महतोले अझै पनि कृषि बँधुवाको रूपमा काम गरिरहेका हरवाचरवाको सवाल राजनितिक दलहरूको मुख्य एजेण्डा बन्नुपर्नेमा जोड दिनु भएको छ। साथै उहाँले हरवाचरवाको समग्र सामाजिक र आर्थिक विकासका लागि मधेस प्रदेश सरकारको मन्त्री परिषदको बैठकमा विशेष प्रस्ताव राख्नका लागि आफुले पहल कदमी लिनमा कुनै कन्जुस्याई नगर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। कार्यक्रमका विशिष्ट अतिथि एवं राष्ट्रिय दलित नेटवर्क नेपालका केन्द्रीय

अध्यक्ष एवं संघीय सरकार भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयद्धारा गठित हरवाचरवा, मुक्तहलिया, कमैया र कमलरीको बस्तुस्थिति अध्ययन समितिका सदस्य गणेश विश्वकर्माले मुलुकमा अहिले संघीयता र समावेशी विकासको अभ्यास थालनी भईरहेको परिपेक्षमा अझै सम्म पनि शोषणमूलक कुप्रथाको रूपमा रहेको कृषि बधुवा प्रणाली को अन्त्य नहुनु संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका लागि लाज मर्दो भएको कुरा बताउनु भयो । साथै उहाँले राज्यको संरचनात्मक रूपान्तरणको माध्यमबाट हरवाचरवाको सामाजिक, आर्थिक सशक्तिकरण मार्फत उनीहरूको मर्यादित जीवन सुनिश्चित गराउने पहिलो दायित्व राज्यको नै रहेको कुरामा जिकीर गर्नुभयो ।




कार्यक्रमको उदघाटन सत्रमा नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजवादी) का महोत्तरी जिल्ला अध्यक्ष कौशीलाल यादब, द फ्रिडम फण्डका नेपाल कार्यक्रम सल्लाहकार जियम श्रेष्ठ, जनवकालत सल्लाहकार बालाराम भट्टराई, राष्ट्रिय हरवाचरवा अधिकार मंचका केन्द्रीय महासचिव लागिन्द्र सदा, दलित समाज उत्थान समिति नेपालका कार्यकारी निर्देशक श्री सुनिल ठाकुरले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो । राष्ट्रिय हरवाचरवा अधिकार मंचका केन्द्रीय उपाध्यक्ष श्रीप्रसाद सदाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा राष्ट्रिय दलित नेटवर्कका कार्यकारी निर्देशक हुकुम बहादुर सार्कीले सहभागीहरूलाई स्वागगत गर्दै कार्यक्रमको महत्व र औचियत्ता माथीप्रकाश पारेका थिए। उक्त कार्यक्रमको संचालन राष्ट्रिय दलित नेटवर्क नेपालका जनवकालत अधिकृत रूपनारायण पासवानले गरेका थिए। उक्त कार्यक्रममा मधेस प्रदेशका ८ वटै जिल्लामा गठन भएका जिल्ला अधिकार मंचका पदाधिकारीहरू र

हरवाचरवा एक्टिभिष्टहरू गरी ४० जनाको सहभागीता रहेको थियो। सो तालिममा वर्तमान परिवर्तित सन्दर्भसँगै जनवकालत सिप, नेतृत्व विकास, मानव अधिकारमुखी विकास पद्धती, मुक्त हरवाचरवाको पुनर्स्थापनाको प्याकेज, सरोकारवाला बिश्लेषण सम्बन्धी छलफल भई हरवाचरवाको पुनर्स्थापनाको अभियानमा सहयोग पुग्ने ६ महिने कार्ययोजना समेत निर्माण गरिएको थियो। सो तालिमको सहजीकरण राष्ट्रिय दलित नेटवर्कका केन्द्रीय अध्यक्ष गणेश विश्वकर्मा, द फ्रिडम फण्डका नेपाल कार्यक्रम सल्लाहकार जियमश्रेष्ठ, जनवकालत सल्लाहकार एवं कानुनी सल्लाहकार बालाराम भट्टराइ रकार्यक्रम सल्लाहकार ब्रम्हदेव रामले सहजीकरण गर्नुह भएको थियो।

## २.२.३ **बिपद जोखिम न्युनिकरण तालिम :**




समुदायमा आधारित बिपद व्यवस्थापन समितिको क्षमता अभिबद्धि गरि समुदायको जोखिम न्युनिकरण गर्ने उद्देश्यले कैलाली जिल्लाको भजनी नगरपालिका -९ भुरुवा र कंचनपुर जिल्लाको पुनरवास -९, हलिया बस्तिमा ३/३ दिने बिपद जोखिम न्युनिकरण र सुरक्षित आवास निर्माण सम्बन्धि तालिम सम्पन्न गरिएको थियो।` उक्त तालिममा ७० जना व्यक्तिहरूको सहभागीता रहेको थियो। तालिमबाट प्राप्त ज्ञान र सिपबाट समुदायमा बिपद जोखिम न्यूनिकरणमा मद्दत पुग्ने विश्वास गरिएको छ।

## २.२.४ **क्षमता अभिवृद्धि सम्बन्धी अभिमुखीकरणः**

Habitat for humanity Nepal को आयोजनामा १९ देखि २३ डिसेम्बर २०२२ मा आयोजना गरिएको विपद जोखिम न्युनिकरण र प्राथमिक उपचार तालिममा आर.डि.एन

नेपालका सुरक्षित आवास परियोजनामा कार्यरत कर्मचारी ७ जना र कार्य समितिका सदस्यहरू ५ जना गरि १२ जनाको सहभागीता रहेको थियो। उक्त तालिमबाट संस्थाका कर्मचारी तथा कार्य समिति सदस्यहरूको क्षमता अभिवृद्धि भई परियोजना कार्यान्वयनमा मद्दत पुग्ने विश्वास गरिएको थियो। साथै प्राथमिक उपचार तालिममा समुदायका ९ जना र १ जना वडाका जनप्रतिनिधिको पनि सहभागीता रहेको थियो। त्यसै गरि परियोजनामा कार्यरत कर्मचारी र कार्यसमिति सदस्यहरूलाई ३ दिने बित्तिय व्यवस्थापन तालिम संचालन भएको थियो। यस तलिमले संस्थाको क्षमता अभिवृद्धि भएको छ।

## २.३. नागरिक शिक्षा (Civic Education):

२.३.१ **स्वयंसेवकहरूको छनोट**ः राष्ट्रिय दलित नेटवर्क र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (युनडिपी) निर्वाचन सहयोग कार्यक्रम बीच सम्झौता भएपछि सुदुरपश्चिम प्रदेशका ९ वटा जिल्लाहरूका १८ वटा पालिकामा मतदाता शिक्षा अभियान संचालनका लागि १० जना स्वयंसेवक तथा सामाजिक परिचालकहरूलाई छनोट गरिएको थियो। सो कार्यका लागि राष्ट्रिय दलित नेटवर्कका सम्बन्धीत जिल्ला शाखाहरू र पालिका स्तरिय दलित भुमि अधिकार युनियनसँग समन्वय गरिएको थियो। कार्यक्रमका लागि आवश्यक १० जना स्वयंसेवक तथा सामाजिक परिचालकहरूलाई छनोट गर्नका लागि निम्नानुसारका क्षेत्रहरू निर्धारण गरिएको थियो।

छनोटका आधारहरूः

- १८ वर्ष उमेर पुगेको
- नेपाली नागरिकताको प्रमाणपत्र भएको
- स्थानीय तहको निर्वाचनमा उम्मेदवारीका लागि तयार नहुने व्यक्ति
- कुनै राजनितिक दलको प्रचार प्रसारमा सामेल नहुने व्यक्ति
- मतदाता नमावलीमा नाम भई मतदाता कार्ड भएको व्यक्ति
- ईमेल ईन्टरनेटमा पहुँच भएको व्यक्ति
- सामाजिक संजालमा निरन्तर सँगलन भएको व्यक्ति
- दलित महिलालाई विशेष प्राथमिकता
- सामाजिक परिचालनमा ज्ञान भएको
- समन्वय र सहकार्यमा सिप भएको
- प्रतिवेदन लेखन सिप भएको व्यक्ति

### २.३.२ सदुरपश्चिम प्रदेश स्तरीय अन्तरक्रिया कार्यक्रमः



*सरोकारवालाबिच अन्तरक्रिया कार्यक्रमका सहभागी*

आसन्न निर्वाचनमा मतादाता शिक्षाको महत्वको विषय तथा उपायका विषयमा सरोकारवालाहरूबीच कैलालीको धनगढीमा सदुरपश्चिम प्रदेश स्तरिय एक दिवसीय अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो। कार्यक्रममा ९ वटा जिल्लाका संभावित उम्मेदवारहरू, विभिन्न राजनितिक दलका नेताहरू, नागरिक समाज र पत्रकारहरूको प्रतिनीधिमुलक सहभागीता रहेको थियो। कार्यक्रममा १२ महिला र ३६ पुरुष गरी जम्मा ४८ जनाको सहभागीता रहेको थियो। कार्यक्रमको अध्यक्षता राष्ट्रिय दलित नेटवर्कका कार्यवाहक अध्यक्ष मोहन ओडले गर्नुभएको थियो भने कार्यक्रमको संचालन राष्ट्रिय दलित नेटवर्कका कार्यकारी निर्देशक हुकुम ब.सार्कीले गर्नु भएको थियो। कार्यक्रममा सहभागीहरूले मतदाता शिक्षाका विषयमा अनुभवमा आधारित सुझावहरू दिएका थिए भने उक्त कार्यक्रममा नेपाली काँग्रेसका कैलाली जिल्ला सचिव नृप सुनार,नेकपा (माओवादी केन्द्र) प्रदेश कमिटि सदस्य गोविन्द विक र नेकपा (एकीकृत समाजवादी) कैलाली जिल्ला उपसचिव दीर्घ जोशीले आगामी स्थानीय तहको निर्वाचनमा दलित उम्मेदवार बढाउन प्रयास गर्ने प्रतिवद्धता गर्नुभएको थियो। कार्यक्रमको अन्तमा स्व.मुल्याकंन समेत गरिएको थियो।

### २.३.३ **मतदाता शिक्षाका लागि स्वयंसेवकहरूलाई अभिमुखिकरणः**



सुदूरपश्चिम प्रदेशका कार्यक्षेत्रका ९ वटा जिल्लाका १८ वटा पालिकाहरूमा स्तरमा मतदाता शिक्षा अभियान संचालनका लागि १० जना स्वयंसेवक तथा सामाजिक परिचालक र अभियान व्यवस्थापन समुहलाई एक दिने अभिमुखिकरण कार्यक्रम संचालन गरिएको थियो। उक्त अभिमुखिकरण कार्यक्रमको सहजीकरण सुदुरपश्चिम निर्वाचन कार्यालयका प्रमुख श्री प्रेमराज भट्टले गर्नुभएको थियो। उहाँले निर्वाचन प्रद्धती र मतदान प्रकृयाका बारेमा प्रस्तृती गर्दै निर्वाचनका कानूनी तथा मतदानका क्रममा पर्ने संभावित व्यहारिक जटिलताका विषयमा दाहोरो छलफल गराउनु भएको थियो। राष्ट्रिय दलित नेटवर्कका केन्द्रीय अध्यक्ष श्री गणेश विश्वकर्माले स्वयंसेवकले ध्यान दिनुपर्ने र तटस्थताका विषयमा प्रशिक्षणा दिनुभएको थियो भने कार्यकारी निर्देशक हुकम ब. सार्कीले मतदाता शिक्षाका गतिविधिहरू तथा रिपोर्टिंग फर्मेट भर्ने प्रक्रियाका विषयमा जानकारी गराउनु भएको थियो। राष्ट्रिय दलित नेटवर्कका बित्त व्यवस्थापक श्री भरत आग्रीले आर्थिक व्यवस्थापनका विषयमा जानकारी गराउनु भएको थियो। सो कार्यक्रममा संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (युनडिपी) निर्वाचन सहयोग कार्यक्रमका अनुगमन तथा मुल्याकंन अधिकृत श्री पुष्पा मुखरिया सुनुवारले जुम मार्फत मतदाता शिक्षा अभियानका दौरानमा अवलम्बन गर्नुपर्ने अनुगमन पद्धतिका विषयमा प्रशिक्षणा दिनु भएको थियो। कार्यक्रमको अन्तमा स्वमूल्याकन समेत गरिएको थियो।

### २.३.४ **नमूना मतदानको अभ्यासः**


स्वयंसेवकहरूलाई अभिमुखिकरणका क्रममा मतदाता शिक्षाको सैद्धान्तिक पक्षका बारेमा छलफल भए पश्चात त्यसको व्यवहारिक प्रयोगको लागि नमूना मतदान गरिएको थियो।

उक्त कार्यक्रम अभियान संयोजक श्री पार्वती आग्रीले सहजीकरण गरेको सो नमूना मतदानमा १५ जनाको सहभगिता रहेको थियो। ३ वटा मत बदर भएका थिए भने १२ वटा मत सदर भएका थिए। नमूना मतदानका क्रममा भएका व्यवहारिक कमीकमजोरीलाई ध्यान दिने विषयमा दोहोरो छलफल गरिएको थियो। मतदानका क्रममा स्वयंसेवकले तटष्थता कायम गर्नु पर्ने कुरामा ध्यान दिइएको थियो। सोही क्रममा राष्ट्र संघीय विकास कार्यक्रम (युनडिपी) निर्वाचन सहयोग कार्यक्रमको फर्मेटमा भर्ने तरिका समेत अभ्यास गरिएको थियो।






*नमुना मतदान सम्पन्न*





**२.३.५ जिल्लागत मतदाता शिक्षा कार्यक्रमः**


स्वयंसेवकहरूको अभिमुखिकरण सम्पन्न गरिसकेपछि जिल्लागत कार्ययोजना निर्माण गरिएको थियो । जसमा सबै जिल्लाहरूमा दलित वस्तिमा एकै दिन मतदाता शिक्षा संचालन गर्ने र दोस्रो दिन नमूना मतदान गर्ने योजना बनाइएको थियो । यसका साथै जिल्लागत योजना बनाएर अघि बढ्ने निर्णय गरिएको थियो । सुदुरपश्चिम प्रदेशका ९ वटा जिल्लाहरूः कैलाली १२ कंचनपुर १०००, दार्चूला ४००, बैतडी ४००, डडेल्धुरा ४००, डोटी ४००, अछाम ४००, बाजूरा ४०० र बझांगमा ४०० गरी ५००० जनताका बीचमा मतदाता शिक्षा संचालन गर्ने योजना बनाइएको थियो । सोही अनुसार यूएनडिपीबाट प्राप्त नमूना मतपत्र तथा अन्य मतदाता शिक्षाका सामाग्रीहरू जिल्लागत रूपमा वितरण गरियो । कार्ययोजनाका आधारमा सुदुरपश्चिम प्रदेशका ९ वटा जिल्लारुका १८ वटा पालिकाहरूका ५००२ दलित मतदाताका बिचमा निर्वाचन प्रकृया,मतदाता शिक्षा र नमुना मतदान बारे छलफल गरिएको थियो । जसमा २५३१ महिला र २४७१ पुरुषहरू सहभागी भएका थिए । मतदाता शिक्षा अभियानका लागि ९० वटा ईभेन्टहरू आयोजना गरिएका थिए । यसका लागि निवार्चन प्रकृया,मतदाता शिक्षा र नमुना मतदान बारे यस अघि नै धनगढीमा स्वयमसेवक लाई अभिमुखिकरण कार्यक्रम गरेर प्रशिक्षणा गरिएको थियो । मतदाता शिक्षा अभियान अन्तरगत मतपत्र मा कसरी स्वस्तिक छाप लगाउने र निर्वाचनमा बदर मतको संख्यामा कमि ल्याउन दलित समुदायका गाउगाउ मै पुगेर बैशाख १० गते देखि बैशाख १७ गतेसम्म ५००२ जना मतदातालाई नमुना मतदान सम्बन्धि शिक्षा दिईको थियो । उक्त मतदाता शिक्षा अभियानमा सहभागी ५००२ जना मतदातालाई लिङ्ग, जातजाति, उमेर, शिक्षा र पेशाको आधारमा निम्नानुसार बिश्लेषण गरिएको थियो ।





लिङ्गका आधारमा:





जातजातीका आधारमा





उमेरका आधारमा




## शिक्षाका आधारमा




## पेशा का आधारमा



### २.३.६ नमूना मतदान कार्यक्रमः


सुदूरपश्चिमका ९ जिल्लाका तोकिएका १८ वटा पालिकाहरूका दलित समुदायको वस्ति भएका स्थानहरूमा योजना अनुसार मतदाता शिक्षा दिनुकासाथै उनीहरूका बीचमा नमूना मतदान गरिएको थियो। गर्मिको र खेतीपासितीको कामका कारण सहभागीहरूको समयानुकुल हुने गरी व्यवस्था मिलाइउको थियो। साथै निर्वाचन प्रचारको काम राजनीतिक दलहरूले तीब्र बनाएका हुनाले तटष्थताको लागि उच्च शर्तकता अबलम्वन गरिएको थियो।

| क्र.सं. | जिल्ला | पालिकाको नाम | मतदाता शिक्षामा सहभागीता | | |
|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | जम्मा |
| १ | कैलाली | धनगढी उपमहानगरपालिका | ३९० | ३०१ | ६९१ |
| | | गौरीगंगा नगरपालिका | ३७४ | ४३७ | ८११ |
| २ | कंचनपुर | भीमदत्त नगरपालिका | २४० | १९६ | ४३६ |
| | | बेदकोट नगरपालिकार | ७५ | ८५ | १६० |
| ३ | दार्चुला | महाकाली नगरपालिका | २० | २९ | ४९ |
| | | लेकम गाउँपालिका | १५१ | २२१ | ३७२ |
| ४ | बैतडी | दशरथचन्द नगरपालिका | ८५ | १४२ | २२७ |
| | | सुरनैया गाउँपालिका | ८७ | १०५ | १९२ |
| ५ | डडेल्धुरा | अमरगढी नगरपालिका | २२८ | ९ | २३७ |
| | | नवदुर्गा गाउँपालिका | १०७ | ८७ | १९४ |
| ६ | डोटी | दिपायल सिलगढी नगरपालिका | १०५ | ९६ | २०१ |
| | | पूर्वीचौकी गाउँपालिका | १०१ | ९९ | २०० |
| ७ | अछाम | साफेबगर नगरपालिका | ८५ | १११ | १९६ |
| | | मंगलसेन नगरपालिका | ७१ | १४३ | २१४ |
| ८ | बाजूरा | बडिमालिका नगरपालिका | १४७ | १८० | ३२७ |
| | | बुडीगंगा नगरपालिका | २९ | ४५ | ७४ |
| ९ | बझाङ | जयपृथ्वी नगरपालिका | १०५ | १५५ | २६० |
| | | थलारा गाउँपालिका | ७१ | ९० | १६१ |
| कुल जम्मा | | | २४७१ | २५३१ | ५००२ |

*स्रोतः स्थानीय स्वयंसेवक को प्रतिवेदन*

२.३.७ **नमुना मतदानको बैद्यता**ः


९ जिल्लाका तोकिएका १८ वटा पालिकाहरूका आयोजना गरिएका ९० वटा नमुना मतदानमा जम्मा ५००२ मतदानहरू खसेका थिए। जसमध्ये ४२०२ वटा मतहरू सदर भएका थिए भने ८०० मतहरू बदर भएका थिए जसलाई निम्नानुसारले उल्लेख गरिएको छ।





२.३.६ **विभिन्न कार्यक्रमहरूको सहभागी मुल्याकंन**ः

स्वयंसेवकहरूका लागि अभिमुखीकरण कार्यक्रममा सहभागी १० जना सहभागीहरूका बिचमा स्वमुल्याकंन गरिएको थियो। उक्त १० जना सहभागीहरू मध्ये ७ जना सहभागीहरूले कार्यक्रमको ढाचाँमा पुर्ण सहमती जनाए का थिए। त्यसैगरी ३ जना सहभागीहरूले आफुहरू सहमत भएको कुरा जनाएका थिए। कार्यक्रममा सहभागी १० जना मध्ये कसैले पनि असहमत र पुर्ण असहमत भएको कुरा दर्शाएका थिएनन्। त्यसैगरी अभिमुखीकरण कार्यक्रमको विषयसुचीका सन्दर्भमा ६० प्रतिशत सहभागीहरूले पुर्ण रूपमा सहमत भएको कुरा व्यक्त गरेका थिए भने ३० प्रतिशतले सहमत भएको बताएका थिए। यसको अलवा ५ प्रतिशतले आफुहरू असहमत भएको कुरा दर्शाएका थिए भने बाँकी ५ प्रतिशत सहभागीहरूले पुर्ण रूपले असहमत भएको कुरा बताएका थिए।

कार्यक्रमको ढाचाँ





कार्यक्रमको विषयसुची:




स्थानीय तहको निर्वाचनमा दलित समावेशीकरणलाई लक्षित गरेर गरिएको सुदुरपश्चिम प्रदेश स्तरीय अन्तरक्रिया कार्यक्रममा राजनितिक दलहरू, समुदायका संभावीत उम्मेदवारहरू, नागरिक समाज र दलित एक्टीभिष्टहरू गरि जम्मा ४८ जनाको सहभागीता रहेको थियो । जसमध्ये ४० जना सहभागीहरूले आफुहरू कार्यक्रमको ढाचाँका सम्बन्धमा पुर्ण रूपमा सहमत रहेको कुरा व्यक्त गरेका थिए । त्यसैगरी बाँकी ८ जना सहभागीहरूले सो सम्बन्धमा सहमत भएको कुरा औल्याएका थिए । कार्यक्रमका कुनै पनि सहभागीहरूले आफुहरू असहमत र पुर्ण रूपमा असहमत रहेको कुरा औल्याएका थिएनन । कार्यक्रमको विषयबस्तु सान्दर्भिक छ कि छैन भन्ने प्रश्नको उत्तरमा ३६ जना सहभागीहरूले पुर्ण रूपमा

सहमत, ८ जनाले सहमत, ३ जनाले असहमत र बाँकी १ जना सहभागीले आफु पुर्ण रूपमा असहमत रहेको व्यक्त गरेका थिऐ। त्यसैगरी ७४ प्रतिशत सहभागीहरूले कार्यक्रमको व्यवस्थापन एकदम राम्रो भएको बताएका थिए भने १७ प्रतिशत सहभागीहरूले राम्रो रहेको कुरा महशुसीकरण गरेका थिए भने बाँकी ९ प्रतिशत सहभागीहरूले कार्यक्रमको व्यवस्थापनमा केही सुधार ल्याउनुपर्ने कुरामा सुझाव दिएका थिए। कार्यक्रममा सहभागी मध्य ८० प्रतिशतले समावेशीकरण र मतदान अधिकारका सम्बन्धमा आम रूपमा समान बुझाई कायम गर्नुपर्नु पर्ने कुरामा आफ्नो धारणा व्यक्त गरेका थिए।

**कार्यक्रमको ब्यवस्थापन पक्षः**




**अनुगमन तथा मूल्याँकन**

जिल्लागत रूपमा संचालित मतदता शिक्षाको राष्ट्रिय दलित नेटवर्कका अभियान संयोजक पार्वती आग्रीले यसको मूल संयोजक गर्नु भएको थियो भने अन्य प्राविधिक तथा प्रशासनिक काममा कार्यकारी निर्देशक हुकुम ब. सार्की, बित्त व्यवस्थापक भरत आग्री र कल्पना सुनारले अनुगमन गर्ने र स्वयंसेवकहरूलाई परिचालन गर्ने काम गर्नु भएको थियो। तोकिएको समयमा मतदाता शिक्षा सफलतापूर्वक सम्पन्न भएको थियो। छोटो अवधिका लागि संचालन भएको यो मतदाता अभियान अत्यन्तै सफल तथा प्रशंसायोग्य कार्यक्रमका रूपमा सम्पन्न भएको थियो।

## २.४. नितिगत जनवकालत (Policy Advocacy):

### २.४.१ प्रदेश सरकारको नीति तथा कार्यक्रम विषयक गोलमेच छलफल:




२०७९ जेष्ठ २६ गतेका दिन मधेश प्रदेशको जनकपुरधाममा प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटमा हरवाचरवा सवाल विषयक गोलमेच सम्पन्न भयो। मधेश प्रदेश दलित विकास समितिका उपाध्यक्ष रामप्रवेश बैठाको प्रमुख अध्यक्षतामा सम्पन्न सो कार्यक्रमको अध्यक्षता राष्ट्रिय हरवाचरवा अधिकार मंचका उपाध्यक्ष श्रीप्रसाद सदाले गर्नु भएको थियो। राष्ट्रिय हरवाचरवा अधिकार मंचका महासचिव लागेन्द्र सदाको स्वागत मन्तव्यबाट शुरुवात भएको सो कार्यक्रममा नेपाल सरकारको भूमिव्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयद्धारा गठित मुक्त कमैया, कम्लहरी, हलिया र हरवाचरवाको वस्तुस्थिति अध्ययन समितिका सदस्य गणेश विश्वकर्माले अध्ययन समितिको प्रतिवेदनको सारसंक्षेप प्रस्तुत गर्नु भएको थियो। सो प्रतिवेदनमाथि टिप्पणीसहित आगामी बजेटमा राख्नुपर्ने हरवाचरवाका सवालबारे राष्ट्रिय हरवाचरवा अधिकार मन्चका केन्द्रीय अध्यक्ष दशनलाल मण्डल, द फ्रिडम फण्डका प्रतिनीधि बालाराम भट्टराई, समाजसेवी कोशिलाल यादव, सिआइसिका अध्यक्ष संजय शाह, श्याम सदा, हरवाचरवाका नेताहरूराजमति मण्डल, रामदयाल सदा, राजदेव वीन, हसिना हुसेनलगायतका बक्ताहरूले आफ्ना धारणाहरू राख्नु भएको थियो। सबै वक्ताहरूले आगामी बजेटमा हरवाचरवाको सम्पूर्ण समस्या हल हुने खालको कार्यक्रम घोषणा हुनुपर्नेमा जोड दिएका थिए। कार्यक्रममा हालै सम्पन्न स्थानीय निर्वाचनमा हरवाचरवाको अर्थपूर्ण

प्रतिनीधित्व नभएको, उल्टै हरवाचरवालाई किनबेचको साधन बनाएको प्रति आक्रोस व्यक्त गरेका थिए।

कार्यक्रममा राष्ट्रिय हरवाचरवा अधिकार मन्चका केन्द्रीय अध्यक्ष दशनलाल मण्डलले मुक्त कमैया, कम्लहरी, हलिया र हरवाचरवाको वस्तुस्थिति अध्ययन समितिको प्रतिवेदन कार्यक्रमका प्रमुख अथिति दलित विकास समितिका उपाध्यक्ष समक्ष कार्यान्वयनका लागि हस्तान्तरण गरेका थिए। प्रतिवेदन ग्रहण गर्दै प्रमुख अथिति रामप्रवेश बैठाले मधेश प्रदेशमा हरवाचरवा प्रथा मधेश विद्रोहबाट प्राप्त संघीयता र रूपान्तरणको कलंकको टीका भएको धाराणा राख्दै यो समस्या हल गर्न अध्ययन समितिले सिफारिश गरेका कार्यक्रमहरू र बजेट सहित कार्यान्वयन गराउनका लागि आफूहरूले मुख्यमन्त्री समक्ष यो सवालको अगुवाई गर्ने प्रतिबद्धता जाहेर गर्नु भयो। दलित विकास समितिबाट विभिन्न दलित केन्द्रीत कार्यक्रम भए पनि हरवाचरवा केन्द्रीत कार्यक्रम नभएकोले यो वर्षदेखि समितिले एउटा मूल एजेण्डा बनाएर अघि बढ्ने प्रतिबद्धता जाहेर गर्नु भयो। यो कार्यक्रम हुनु अघि यही २०७९ जेष्ठ २५ गते मधेश सरकारका उद्योग, पर्यटन तथा वनमन्त्री शत्रुघन महतोसँग डेलिगेशन सहित हरवाचरवा समस्या हल गर्ने उपायका बारे बृहत छलफल गरिएको थियो।

### २.४.२ **कृषि बधुवा मजदुरको सवालमा Face to Face**:

मिति २०७९ असार ३१ गतेका दिन कृषि बधुवा मजदुरहरूः मुक्त हलिया र कमैयाहरूको सामाजिक आर्थिक सवालमा समसामयिक छलफल गर्न सुदूरपश्चिम प्रदेश सरकार भूमि व्यवस्था, कृषि र सहकारी मन्त्रालयद्धारा Face to Face बैठकको आयोजना गरिएको थियो। उक्त बैठक राष्ट्रिय दलित नेटवर्क नेपालको संयोजन र मुक्त हलिया, कमैया सँगठनहरूको सहभागीतामा सम्पन्न भएको थियो। बैठकमा कृषि बधुवा मजदुरहरूः मुक्त हलिया र कमैयाहरूको न्यायिक पुनर्स्थापनामा साझा पहलको थालनी गर्न मन्त्रालयको अगुवाईमा प्रदेश स्तरमा एक समन्वयात्मक संयन्त्र निर्माण गरि त्यस मार्फत कामहरू अगाडी बढाउनुपर्ने कुरामा निष्कर्ष निकालियो। उक्त बैठकको अध्यक्षता ग्रहण गर्दै भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय बिनीता चौधरीले कृषि बधुवा मजदुरहरूः मुक्त हलिया र कमैयाहरूको आवाश, भूमि र जिवीकोपार्जन मार्फत न्यायिक पुनर्स्थापनाका लागि प्रदेश सरकार प्रतिबद्ध भएर लाग्ने कुरा औल्याउनु भयो। साथै उहाँले कृषि बधुवा मजदुर र महिलाहरूद्धारा नेतृत्व गरेका

सहकारीहरूलाई मन्त्रालय मार्फत बिऊँपुँजी सहयोग गर्न सकिने कुरा बताउनु भएको थियो। सो बैठकमा द फ्रिडम फण्डका कानुनी सल्लाहकार अधिवक्ता बालाराम भट्टराईले कृषि बधुवा मजदुरको समग्र न्यायिक पुनर्स्थापनाका लागि एकिकृत कानुन निर्माण भई त्यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने कुरामा जोड दिनुभयो। मुक्त कमैया समाजका केन्द्रीय अध्यक्ष पशुपति चौधरीले अहिलेको परिवेशमा समन्वयात्मक ढंगले अगाडी बढनुपर्ने कुरा बताउनु भयो। उक्त बैठकमा राष्ट्रिय दलित नेटवर्कका केन्द्रीय कोषाध्यक्ष जंग बहादुर सुनार, भूमि आयोगका सदस्य पार्वती आग्री कार्यकारी निर्देशक हुकुम बहादुर सार्की, मुक्त हलिया समाज महासंघका सदस्य टिका नेपाली लगायत १५जना सरोकारवाला निकायको सहभागीता रहेको थियो। कार्यक्रमको सहजीकरण मन्त्रालयका शाखा प्रमुख धर्मराज ओझाले गर्नु भएको थियो।

२.४.३ **मानव अधिकार आयोगलाई ज्ञापनपत्र पेशः**



राष्ट्रिय कृषि बधुवा मजदुर संघर्ष समितिले राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्षलाई पांच बुन्दे मागसहित ज्ञापन पत्र बुझाएको थियो। मिति २०७९ असार १७ गतेका दिन संघर्ष समितिले हरवाचरवालाई अहिलेसम्म लागेको सम्पूर्ण अनुचित ऋण र कागज तमसुकहरूको खारेजीसहित हरवाचरवा मुक्तिको घोषणा गर्ने, हरवाचरवा मुक्तिको बिस्तृत व्यवस्थापन, देशव्यापी समन्वय र सहजीकरण र अनुगमनका लागि मन्त्री परिषदबाट गठन आदेश जारी गरेर एउटा अधिकार सम्पन्न 'हरवाचरवा व्यवस्थापन आयोग' गठन गर्ने माग गरेको थियो।

अयोगले सो विषयमा अध्ययन र अनुसन्धान तथा फिल्ड कार्य गरेका विषय विज्ञहरू, नेपाल सरकारका सो विषयमा वा कमैयारहलिया पुनर्स्थापनका विषयमा राम्रो पूर्व अनुभव भएका कर्मचारीहरू वा भूपू कर्मचारीहरू, सरोकारवाला हरवाचरवा समुदायमा प्रतिनिधिहरू राख्ने व्यवस्था गर्नुपर्ने पनि ज्ञापन पत्र मार्फत माग गरिएको थियो। स्थानीय तह, त्यसको पनि वडा तहलाई परिचालन गरी हरवाचरवाको एकीन तथ्याङ्क र लगत अविलम्व लिने व्यवस्था गर्ने लगत लिएकालाई पालिकाको बोर्डले तुरुन्त परिचय पत्र प्रदान गर्नका लागि स्थानीय तहलाई अख्तियारी, जिम्मेवारी सुम्पने तथा बजेट बिनियोजित गर्ने पर्ने लगायतका ५ बुंदे मागहरू गरिएको राष्ट्रिय हरवाचरवा अधिकार मन्चका केन्द्रिय अध्यक्ष दशनलाल मण्डलले बताएका थिए। राष्ट्रिय हरवाचरवा अधिकार मन्चका केन्द्रिय अध्यक्ष मण्डल, मुक्त कमैया समाज केन्द्रिय अध्यक्ष पशुपति चौधरी, राष्ट्रिय मुक्त हलिया समाज महासंघ नेपालका राजुराम भूल र बाध्यकारी श्रम उन्मुलन पैरवी समुहका बालाराम भट्टराईले हस्ताक्षरित ज्ञापन पत्र आयोगका अध्यक्षलाई बुझाइएको थियो।

### २.४.४ हरवा चरवा अधिकार मंच र दलित प्रदेश सभा मंच बिच अन्तरक्रियाः



मिति २०७९ चैत्र १८ गतेका दिन राष्ट्रिय हरवाचरवा अधिकार मंच र दलित प्रदेश सभा मंच बीच अन्तरक्रिया सम्पन्न भएको थियो। जनकपुरको होटेल वेलकममा आयोजित अन्तरक्रियालाई सम्बोधन गर्दै नेकपा एकीकृत समाजबादीका पोलिटब्युरो सदस्य एवं मधेस प्रदेश सभा सदस्य रबिन्द्र बैठाले मधेस प्रदेशमा बिधमान रहेको हरवा चरवाको अवस्था दैयनीय रहेकोले व्यवस्थापनको लागि आफू प्रदेश सभामा जोडदार अवाज उठाउने प्रतिबद्धता जनाएज्ञका थिए। सांसद बैठकले अधिकांश हरवा चरवा दलित समुदाय नै भएको बताउँदै

दलित कलष्टर जस्तै हरवा चरवा कलष्टर बनाएर बृती विकासमा राज्यले योग्दान गर्नुपर्ने बताएका थिए ।

एकीकृत समाजबादी मधेस प्रदेश सभाका प्रमुख सचेतक सुन्दर विश्वकर्माले दलित समुदायको लागि ल्याइएको जनता अवास जस्तै हरवा चरवा आवास आयोजना ल्याइ हरवा चरवाहरूको आवासको समस्या समाधान गर्नु पर्नेमा जोड दिएका थिए । राष्ट्रिय हरवाचरवा अधिकार मंचका अध्यक्ष दर्शन लाल मण्डलको अध्यक्षतामा भएको अन्तरक्रियामा महासचिव लगेन्द्र सदा, राष्ट्रिय दलित नेटवर्कका कार्यकारी निर्देशक हुकुम सार्की, जन वकालत अधिकृतहरू रूपनरायण पासवान, संजय महरा लगायतले मन्तव्य व्यक्त गरेका थिए । अन्तरक्रिया पछि मंचका पदाधिकारीहरू प्रदेश सांसद रबिन्द्र बैठा, सुन्दर विश्वकर्मालाई आफ्ना समस्याहरू समाधानको लागि प्रदेश सभामा उठाइ दिनको लागि ज्ञापन पत्र बुझाएका थिए ।

### २.४.५ कृषि बधुवा मजदुरको सवालमा संघीय स्तरको जनवकालः



*श्रम, रोजगार तथा सामाजिक किसान श्रेष्ठलाई ज्ञापन पत्र बुझाउँदै*

मधेस प्रदेशका आठवटा जिल्लाहरूमा मुक्त हुन बाँकी हरवाचरवाको नाममा रहेको अनुचित ऋण खारेजी सहित मुक्तिको घोषणा गरेर मुक्त हलिया, कमैया, कमलरी र हरूवाचरवाको बजेट सहितको एकिकृत पुनर्स्थापना घोषणा गर्न माग गर्दै कृषि बधुवा मजदुरहरूः हरवाचरवा, मुक्त हलिया तथा कमैयाका सँगठनहरू लगायत अधिकारकर्मीहरू र विकास साँझेदारका प्रतिनिधीहरूले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री शशी श्रेष्ठलाई भेटेर छलफल गरेका थिए । सो अवसरमा बोलूदै मन्त्री श्रेष्ठले मन्त्रालयद्धारा गठित मुक्त



*संघीय स्तरमा जनवकालत*

कमैया कम्लहरी, हलिया र हरवाचरवाको वस्तुस्थिति अध्ययन प्रतिवेदन, २०७८ का सिफारिसहरू कार्यान्वयन गर्नका लागि नेपाल सरकार भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय संबेदनशिल रहेको कुरा बताउनुभयो। साथै उनले मन्त्रालयले हरवाचरवाका सवालहरूलाई उच्च प्राथमिकतामा राखेकोले काम कारवाहीका लागि सम्बन्धित निकायलाई निर्देशन समेत दिईसकेको र यसका लागि आफू प्रतिवद्ध भएर लागि रहने कुरामा जोड दिनुभयो। अध्ययन समितिका सदस्य एवं कृषि बधुवा मजदुर आन्दोलनका अगुवा गणेश विश्वकर्माले हरवाचरवाको मुक्तिको घोषणा विना नेपाल सरकारले जतीसुकै राम्रा निती तथा कार्यक्रमहरू ल्यायता पनि त्यसको कार्यान्वयनमा हरवाचरवाले अपनत्व बोध गर्न नसक्ने कुरा जिकिर गर्नुभयो। साथै उनले नेपाल सरकारद्धारा गठित मुक्त कमैया कम्लहरी, हलिया र हरवाचरवाको वस्तुस्थिति अध्ययन प्रतिवेदन, २०७८ को पहिलो सिफारिस नै हरवाचरवा मुक्तिको घोषणा भएकोले त्यसलाई सरकारल गम्भीरताका साथ लिनुपर्ने कुरामा जोड दिनुभयो।

### २.४.६ **समुन्वय बैठक** :

नेपाल सरकार भूमिव्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयद्धारा गठित मुक्त कमैया कम्लहरी, हलिया र हरवाचरवाको वस्तुस्थिति अध्ययन समिति, हरवाचरवा, मुक्त हलिया तथा कमैया सँगठनका अगुवाहरू र कृषि बधुवा मजदुरको क्षेत्रमा काम गर्ने निकायहरू लगायत विकास साँझेदारहरूको बिचमा एक उच्च स्तरको समन्वयात्मक बैठक सम्पन्न भयो। सो बैठकमा मुक्त कमैया कम्लहरी, हलिया र हरवाचरवाको वस्तुस्थिति अध्ययन समितिका संयोजक तथा नागरिक समाजका अगुवा श्याम श्रेष्ठले प्रतिवेदनका सिफारिश कार्यान्वयनका लागि अधिकारवालाका जनसँगठनहरूले नेपाल सरकारलाई ब्यापक रूपले जनदबाव श्रृजना गर्नुपर्ने कुरा औल्याउनु भएको थियो। साथै उहाँले अध्ययन समितिको

सारांश प्रतिवेदन प्रस्तुत गर्दै सिफारिश गरिएका सवालहरू कार्यान्वयन गराउनका लागि आफुहरू पनि चुप लागेर नबस्ने कुरामा जोड दिनुभयो। अध्ययन समितिका सदस्य गणेश विश्वकर्माले हाम्रो आन्दोलनको मुल लक्ष्य नै अध्ययन समितिको प्रतिवेदन भएकोले यसमा स्थानीय, प्रदेश र संघीय सरकारलाई अपनत्व ग्रहण गराउनतिर हामी सबै अग्रसर भएर लाग्नुपर्ने कुरामा जोड दिनुभयो। साथै उहाँले प्रतिवेदनका सिफारिश कार्यान्वयन गराउनका लागि निति निर्माणकर्ता, राजनितिक दलहका शीर्ष नेताहरू, सम्बन्धित मन्त्रालय र कर्मचारीलाई प्रभावमा पानुपर्ने भएकोले यसका लागि एकिकृत आन्दोलनको आवश्यकता रहेको औलूयाउनु भयो।

संबिधानसभाका सदस्य एवं हलिया आन्दोलनका अगुवा तथा अध्ययन समितिका सदस्य हरी श्रीपाईलीले अध्ययन समितिको प्रतिवेदनबारे प्रदेश तथा संघीय स्तरका सम्बन्धित मन्त्रालयका बिचमा ब्यापक छलफल चलाउनुपर्ने कुरामा जोड दिनुभयो। साथै उहाँले संघीय सरकारले आर्थिक वर्ष २०७९/८० निति तथा कार्यक्रममा हरवाचरवा, मुक्त हलिया र कमैयाहरूको सवालहरू सम्बोधन भईसकेको परिपेक्षमा बजेट मार्फत उक्त सवालहरू सम्बोधन गराउन अध्ययन समितको प्रतिवेदनका सिफारिशहरू नेपाल सरकारले कोसेढुंगाका रूपमा ग्रहण गर्नुपर्ने कुरा बताउनुभयो।

### २.४.७ ज्ञापनपत्र पेशः

हरवाचरवा, कमैया, कम्लहरी तथा हलिया वस्तुस्थिति अध्ययन समितिको प्रतिवेदनका सिफारिशहरूलाई कार्यान्वयन गराउनका लागि राज्यका निर्देशक सिद्धान्त, निति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मुल्याकंन समितिका सभापति माननीय निरा जैरुलाई ध्यानार्कषण पत्र बुझाईएको छ। सोही अवसरमा उहाँले मुक्त कमैया, कम्लहरी, हलिया र हरवाचरवाको सवालहरू संबेदनशिल भएकोले समितिको प्रतिवेदनका सिफारिशहरूलाई कार्यान्वयन गराउनका लागि तत्कालै सम्बन्धित मन्त्रालयमा परिपत्र जारी गर्दै यसबारे आफुले प्रतिनिधीसभाको बैठकमा जोडदार रूपले कुरा उठाउने प्रतिबद्धता व्यक्त गर्नुभयो। उक्त कार्यक्रममा बाध्यकारी श्रम उन्मुलन पैरवी समुहको संयोजनमा संचालन गरिएको जनवकालत अभियानमा राष्ट्रिय मुक्त हलिया समाज

नेपालका केन्द्रीय अध्यक्ष ईश्वर सुनार, पुर्व अध्यक्ष राजुराम भुल, राष्ट्रिय हरवाचरवा अधिकार मञ्चका केन्द्रीय अध्यक्ष दशन मण्डल, महासचिव लागिन्द्र सदा, मुक्त कमैया समाजका केन्द्रीय अध्यक्ष पशुपती चौधरी, कोषाध्यक्ष हरीकृष्ण चौधरी, राष्ट्रिय दलित नेटवर्कका हुकुम ब. सार्की, द फ्रिडम फण्डका जियाम श्रेष्ठ, बाध्यकारी श्रम उन्मुलन पैरवी समुहका बालाराम भट्टराई, अन्तराष्ट्रिय श्रम सँगठनका राम बहादुर चर्मकार, एक्सन एड नेपालका सुजात श्रमानेरा, दलित मुक्ती अभियानका भीम कैनी, फेलूम नेपालका रुजुला शर्मा, मानव अधिकार तथा सामाजिक रूपान्तरण अभियान (काहुराष्ट्र) का सरला मर्हजन, स्वतन्त्रता अभियान नेपालका प्रतिक्षा केसीको सहभागीता रहेको थियो ।

**२.४.८ मुक्त कमैया सवालमा परामर्श कार्यशालाः**

नेपालमा कृषि बधुवा मजदुरहरू हरवाचरवा तथा मुक्त हलिया, कमैया प्रणालीको अन्त्यका लागि संयुक्त रणनिति निर्माणका लागि मंगलबार लुम्बीनी प्रदेशको बुटवलमा मुक्त कमैया सवालमा प्रदेश स्तरको परामर्श कार्यशाला गोष्ठी सम्पन्न भयो । कार्यशाला गोष्ठीको उद्घाटन गर्दै संबिधान सभा सदस्य तथा कार्यक्रमका प्रमुख अतिथी बिनोद पहाडीले नेपालमा शोषणको मारमा परेका बर्ग समुदायको समग्र मुक्तिका लागि एकिकृत क्रान्ति जरुरी रहेको बताए । साथै उनले आवाजबिहीनहरूको आवाज बुलन्द गर्न एकिकृत आन्दोलन र सँगठनको अपरिहार्यता रहेको बताउनुभयो ।

४८ दिने बादी आन्दोलनले गर्दा नै नेपाल सरकार आन्दोलनकारी समक्ष झुकेको उदाहरण उनले प्रस्तुत गरेका थिए । राष्ट्रिय दलित नेटवर्कका केन्द्रीय अध्यक्ष गणेश विश्वकर्माले अहिले पनि नितिगत सवालमा दोहोरोपना भएकोले दास प्रथाको अवशेषको रूपमा रहेको हरवाचरवा, मुक्त हलिया र कमैयाहरूको बास्तविक मुक्ति हुन नसकेकोले उनीहरूले मानवअधिकार र स्वतन्त्रताको अनुभुति गर्न नसकेको बताए । त्यसका लागि नयाँ युगको शुरुवात नयाँ ढंग र परिवेशबाट हुनुपर्ने कुरा बताउन भएको थियो ।

द फ्रिडम फण्डका कानुनी सल्लाहकार बालाराम भट्टराईले समाजमा अन्यायपुर्ण श्रम सम्बन्धी बाँकी रहेसम्म बाध्यकारी श्रम उन्मुलन नहुने भएकोले यसका लागि साझा र ऐक्बयबद्धतापुर्ण अभियानको आवश्यकता रहेको कुरा बताउनुभयो । साथै उनले आधुनिक दासत्व प्रणालीका लागि नेपाल सरकारले तिनवटै तहमा कानुन निर्माण गरि त्यसको प्रभावकारी कार्यान्वयन र अनुगमन संयन्त्रको विकास गर्नुपर्ने कुरामा जोड दिएका थिए ।

कार्यक्रममा जिफण्टका केन्द्रीय उपाध्यक्ष कमल गौतम, एक्सन एड ईन्टरनेसनल नेपालका सुजात श्रमनेरा, कमैया महिला जागरण समाजका केन्द्रीय सचिव सँगीता थारु, मुक्त कमैया तथा सुकुम्बासी समाजका अध्यक्ष भक्त विश्वकर्मा र नेपालका अध्यक्ष तारा थापाले आ आफ्नो विचार व्यक्त गरेका थिए। मुक्त कमैया समाजका केन्द्रीय कोषाध्यक्ष हरीचन्द्र चौधरीको सभापतित्वमा सम्पन्न कार्यक्रममा राष्ट्रिय दलित नेटवर्कका केन्द्रीय सदस्य मीना परियारले सहभागीहरूलाई स्वागत गरेकी थिइन भने कार्यक्रमको सहजीकरण राष्ट्रिय दलित नेटवर्कका कार्यकारी निर्देशक हुकुम बहादुर सार्कीले गरेका थिए। कञ्चनपुर, कैलाली, बर्दिया, बाँके र दाङ्ग जिल्लाबाट सहभागी मुक्त कमैया सँगठनका प्रतिनिधिहरूका बिचमा सञ्चालन गरिएको उक्त कार्यक्रममा यस अघि सम्बन्धित ५ वटा जिल्लाहरूमा आयोजना गरिएका परामर्श गोष्ठीहरूको निष्कर्ष प्रस्तुतीकरणका आधारमा मुक्त कमैया सवालमा स्थानीय स्तरमा आशा गरिएका साना परिवर्तनहरू र प्रादेशिक स्तरमा आशा गरिएका साना परिवर्तनहरूको पहिचान गरि त्यसको प्राथमिकिकरण गरिने र त्यसलाई राष्ट्रिय स्तरको संयुक्त रणनिति योजना कार्यशाला गोष्ठीमा प्रस्तुत गरिने कुरा कमैया महिला जागरण समाजका परियोजना अधिकृत दुर्गा चौधरीले बताएका थिए।

## २.४.९ **राजनितिक दलहरूलाई सुझावपत्र पेश**ः



*नेकपा (एकिकृत समाजवादी) का उपमहासचिव जगन्नाथ खतिवडा सुझाव पत्र ग्रहण गर्दै।*

मिति २०७९ असोज, ०९ गतेका आगामी प्रदेश र प्रतिनीधीसभाको निर्वाचनलाई लक्षित गरेर विभिन्न राजनितिक दलहरूका चुनाबी घोषणापत्रमा कृषिमा आधारित बाध्यकारी श्रमिकहरूः मुक्त हरवाचरवा, हलिया, कमैया र कमलरीका सवालहरू सम्बोधन गराउनका लागि विभिन्न पार्टीका केन्द्रीय कार्यालय काठमाण्डौमा सुझावपत्र पेश गरिएको थियो। बाध्यकारी श्रम उन्मुलन जनवकालत समूहका राष्ट्रिय संयोजक तथा RDN नेपालका अध्यक्ष गणेश विश्वकर्मा र राष्ट्रिय हरवाचरवा अधिकार मन्चका केन्द्रीय अध्यक्ष तथा राष्ट्रिय कृषि बधुवा मजदूर संघर्ष समितिका संयोजक दशनलाल मण्डलद्धारा हस्ताक्षर गरिएको उक्त सुझावपत्र नेपाली काग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), नेकपा (एकिकृत समाजवादी) र जनता समाजबादी पार्टी (जसपा) केन्द्रीय कार्यालयमा बुझाईएको थियो। उक्त सुझावपत्रमा कृषिमा आधारित बाध्यकारी श्रमिकहरूः मुक्त हरवाचरवा, हलिया, कमैया र कमलरीका बिवीधखाले सरोकारका विषयहरू श्रमको सम्मान, श्रमिकको मर्यादा भन्ने नारासहित आगामी ५ वर्षभित्र मुक्त हलिया, कमैया तथा कम्लरी र हरवाचरवाको पुनःस्थापनाको सम्पूर्ण काम व्यवस्थित कार्ययोजना सहित सम्पन्न गरिसक्नुपर्ने सुझाव राखिएको छ साथै, नेपालको संविधानले सामाजिक-आर्थिक प्रगतिशील रूपान्तरणसहित समाजवाद उन्मुख व्यवस्थातर्फ मार्गनिर्देश थियो। यसको प्रभावकारी कार्यान्वयनका लागि राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक समस्यालाई एकीकृत प्याकेज निर्माण गरी कार्यान्वयन गरिनुपर्ने कुरामा जोड दिइएको थियो।



*नेकपा एमालेका महासचिव शंकर पोखरेल सुझाव पत्र ग्रहण गर्दै।*

त्यसैगरी नेपाललाई सबैप्रकारका बाध्यकारी श्रम मुक्त देश घोषणा गर्न एकीकृत बाध्यकारी श्रम (निषेध र सजाय) सम्बन्धी ऐन जारी गरिने साथै सोको प्रभावकारी कार्यान्वयनको अनुगमन तथा मूल्याँकनका लागि एक अधिकार सम्पन्न राष्ट्रिय श्रमिक आयोगको गठनको पहल गरिदिनका लागि माग गरिएको थियो भने बैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउँदै स्वदेश तथा विदेशमा हुने रोजगारीका लागि श्रमिकहरूको भर्ति प्रक्रियामा श्रमिकहरूले रोजगारी प्राप्तिका लागि कुनै पनि शुल्क तिर्न नपर्ने व्यवस्था कडाइकासाथ लागू गर्नका लागि जोड दिइएको थियो। एक श्रमिक परिवार एक रोजगारको नारालाई व्यवहारमा लागू गरि यसका लागि एक श्रम बैंकको स्थापना गर्दै कृषि मजदूरहरूको दीगोपनका लागि एक श्रमिक भलाई कोषको स्थापना गर्नका लागि माग गरिएको थियो भने समान कामको महिला र पुरुषको लागि समान ज्यालाको सुनिश्चितता गर्नका लागि जोड दिइएको थियो। साथै हरेक वर्ष श्रम अडिटका लागि स्थानीय तहमा श्रम निरीक्षकहरूको व्यवस्था गर्न माग गरिएको छ। साथै विभिन्न बहानामा अस्तित्वमा रहेका झूटा तमसुक, अधिकतम व्याज, तथा मिटरव्याजलगायत सबै प्रकारका अनुचित ऋणको खारेजी गर्नुपर्नेमा जोड दिदै। रोजगारदाता, श्रमिक, स्थानीय सरकार तथा सरोकारवाला कार्यालयका व्यक्तिहरूलाई श्रम मापदण्ड, उपयुक्त श्रम अभ्यास र बाध्यकारी श्रमको अन्त्यका लागि बाध्यकारी कानून सहित निर्माण गर्न माग गरिएको थियो।



*जसपाका अध्यक्ष उपेन्द्र यादव सुझाव पत्र ग्रहण गर्दै।*

सबै किसिमका बाध्यकारी श्रमिकहरूलाई उनीहरूको प्रकृति र इच्छा अनुसार ट्रेड यूनियनहरूमा सँगठित गर्दै उनीहरूको नेतृत्व विकास तथा समावेशीकरणका साथै शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षाको सुनिशिचतताका लागि जोड दिदै कृषि

श्रमिकहरूका परम्परागत तथा व्यवसायिक सीपको आधुनिकीकरणका लागि उद्योगका रूपमा विकास गरिनेछ। साथै, प्रत्यक्ष करको दायरा बढाई, सामाजिक सुरक्षाका कार्यक्रमहरू विकास गरी अनौपचारिक क्षेत्रका श्रमिकहरूका लागि समेत सामाजिक सुरक्षाको स्किम लागू गर्नमा जोड दिइएको थियो। यसको अलवा सबै स्थानीय तहहरूमा सिप भएका तथा विभिन्न पेशामा संलग्न भएका अनौपचारिक श्रमिकहरू (घरेलु श्रमिक, भरीया, कृषि श्रमिक, निर्माण श्रमिक आदि) को पन्जिकरण गर्दै नेपालले बाध्यकारी श्रम अन्त्यका लागि अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धी २९ को अनुमोदन गरेको भएपनि उक्त महासन्धिमा क्षतिपुर्ति र परिपूरणलगायत जनजागरणका व्यवस्थाहरू नरहेकोले कानूनी कार्वाही, पीडितको संरक्षण र पुनःस्थापनासहितको अधिकार स्थापना गर्न आईएलओ महासन्धि २९ को प्रलेख अनुमोदन गर्नका लागि सामुहिक माग गरिएको थियो। उक्त सुझावपत्र नेपाली काँग्रेसका महामन्त्री एवं चुनावी घोषणापत्र मस्यौदा समितिका प्रवक्ता जीवन परियार, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का बरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, नेकपा -एमाले) का महासचिव शंकर पोखरेल, नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजबादी) का उपमहासचिव एवं प्रचार बिभाग प्रमुख जगन्नाथ खतिवडा र जनता समाजबादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादवलाई बुझाईएको थियो। सुझावपत्र बुझदै विभिन्न राजनितिक दलका नेताहरूले आ आफ्नो राजनितिक दलहरूको चुनाबी घोषणा पत्रहरूमा कृषिमा आधारित बाध्यकारी श्रमिकहरूः मुक्त हरवाचरवा, हलिया, कमैया र कमलरीका सवालहरू सम्बोधन गराउनका प्रतिबद्ध रहेको कुरा बताएका थिए। उक्त सुझावपत्र पेश गर्ने कार्यक्रममा राष्ट्रिय हरवाचरवा अधिकार मन्चका केन्द्रीय अध्यक्ष दशनलाल मण्डल, राष्ट्रिय मुक्त हलिया समाज महासंघ नेपालका पुर्व अध्यक्ष राजुराम भुल, मुक्त कमैया समाजका केन्द्रीय कोषाध्यक्ष हरीचन्द्र चौधरी, राष्ट्रिय कृषि बधुवा मजदुर संघर्ष समितिका सदस्य तुलाराम सार्की, दलित भूमि अधिकार यूनियनका राष्ट्रिय महासचिव श्याम सुनार, राष्ट्रिय हरवाचरवा अधिकार मन्चका केन्द्रीय सदस्य सुमित्रा खङ्ग, कमैया महिला जागरण समाजका उपाध्यक्ष कस्तुरिया डगौरा थारु, बाध्यकारी श्रम उन्मुलन जनवकालत समुहका सदस्य बालाराम भट्टराई, द फ्रिडम फण्डका नेपाल कार्यक्रम सल्लाहकार जियम श्रेष्ठ, एक्सन एड नेपालका सुजाता श्रमनेरा र राष्ट्रिय दलित नेटवर्ककका कार्यकारी निर्देशक हुकुम ब. सार्कीको सहभागीता रहेको थियो।

२.४.१० बहुसरोकारवाला बिच नितिगत संवादः




*कृषि बधुवा मजदुरका सवालमा बहुसरोकारवाला बिच नितिगत संवादका सहभागी हरु*

यही २०७९ श्रावण १८ गतेका दिन राष्ट्रिय दलित नेटवर्क नेपाल र राष्ट्रिय हरवाचरवा अधिकार मञ्चको संयुक्त आयोजनामा काठमाण्डौको अनामनगर स्थित युनियन हावसमा सम्पन्न कृषि बधुवा मजदुरका सवालमा बहुसरोकारवाला बिच नितिगत संवाद सम्पन्न भयो। कार्यक्रमको प्रारम्भमै अवधारणागत प्रस्तुतीकरण गर्दै उच्च स्तरिय भूमि सुधार आयोगका पुर्व सदस्य एवं हरवाचरवा, मुक्तहलिया, कमैया र कमलरी बस्तुस्थिति अध्ययन समितिका सदस्य गणेश विश्वकर्माले मुलुकमा अझै सम्म पनि शोषणमुलक कुप्रथाको रूपमा रहेको कृषिबधुवा प्रणाली को अन्त्य हुन नहुनु संघीय लोकतान्त्रिक गणतन्त्रका लागि लाज मर्दो भएको कुरा बताउनु भयो। साथै उहाँले राज्यको संरचनात्मक रूपान्तरको माध्यमबाट हरवाचरवा, मुक्त हलिया, कमैया र कमलरी सामाजिक, आर्थिक सशक्तिकरण मार्फत उनीहरूको मर्यादित सुनिश्चित गराउने पहिलो उत्तरदायित्व राज्यको नै रहेको कुरामा जोड दिनुभयो।

सो कार्यक्रमा आफनो धारणा राख्दै संबिधानसभा सदस्य एवं हरवाचरवा, मुक्त हलिया, कमैया र कमलरी बस्तुस्थिति अध्ययन समितिका संयोजक माननीय श्याम श्रेष्ठले मुक्तकमैया, कम्लहरी, हलिया र हरवा चरवा सम्वन्धमा विस्तृत कार्ययोजना र नीति बनाएर, साथ साथै, यी सबैलाई मन्त्री परिषदले पारित गरेर, त्यसलाई लागू गर्ने कानुन अनुसारका प्रभावकारी संस्था समेत खडा गरेर अनि काम थालेमा सधैँकालागि नेपालबाट बँधुवा श्रम र सामन्ती भूदास प्रथालाई विदाइ गर्न सम्भव रहेको कुरा औल्याउनु भयो। उक्त नितिगत संवाद कार्यक्रममा भूमि व्यवस्था, कृषि तथा सहकारी

मन्त्रालयका सहसचिव जनकराज जोशीले कृषि बधुवा मजदुरहरू हरवा चरवा, मुक्त हलिया, कमैया र कम्लरीको वर्तमान अवस्था र पुनर्स्थापनाका लागि सरकारको आगामी योजना समबन्धमा प्रस्तुतीकरण गर्नुभयो । उक्त प्रस्तुतीकरण माथि आफ्नो धारणा राख्दै राज्यका निर्देशक सिद्धान्त, निति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याकंन समितिका सभापती माननिय निरा जैरुले कृषि बधुवा मजदुरहरूको समग्र सामाजिक न्याय र मर्यादित जीवन सुनिश्चित गर्नका लागि राज्यले एक प्रभावकारी संयन्त्रको निर्माण गरेर त्यस मार्फत निति, कार्यक्रम र बजेटको व्यवस्था गरि त्यसको प्रभावकारी कार्यान्वयनमा जोड दिनुभयो ।

प्रतिनिधीसभा सदस्य माननीय अन्जना बिसुंकेले हरवाचरवा, मुक्तहलिया, कमैया र कमलरीको सवाललाई सार्वजनिक महत्वको प्रस्तावको विषय बनाएर संसदमा सवाल उठान गर्नुपर्ने कुरामा जोड दिँदै नेतृ बिसुंकेले यसका लागि आफुले पार्टी अध्यक्ष पुष्पकमल दहाल (प्रचण्ड) र सभामुखसँग पनि समन्वय गर्ने प्रतिबद्धता जाहेर गर्नुभयो । प्रतिनिधीसभा सदस्य माननीय पार्वती बिसुंकेले संबैधानिक व्यवस्था अनुसार हरवाचरवा, मुक्त हलिया, कमैया र कमलरीको सवाललाई सम्बोधनगर्नका लागि नीतिगत संरचना, सो अनुसारको कार्यक्रम र बजेटको व्यवस्था गरि त्यसको प्रभावकारी कार्यान्वयनको लागि अनुगमन संयन्त्रको विकास गर्नुपर्ने कुरामाजोड दिनुभयो ।

उक्त कार्यक्रममा राष्ट्रिय दलित आयोगका माननीय सदस्य मेहेले पार्की, राष्ट्रिय मानवअधिकार आयोगका हरी ज्ञवाली, मधेसी आयोगका लोकेन्द्र ज्ञवाली, राष्ट्रिय महिला आयोगका ओमकार शाह, दलित सेवा संघका पुर्व अध्यक्ष चक्रमान विश्वकर्मा लगायतले आ आफ्नो विचार व्यक्त गर्नुभएको थियो । उक्त कार्यक्रममा बाध्यकारी श्रम उन्मुलन पैरवी समुहका सचिवालय सदस्य एवं अधिबक्ता बालाराम भट्टराईले कृषि बधुवा मजदुरहरूको साझा अभियानक ालागि योजनाको खाका प्रस्तुत गर्दै नितिगत संवादको सार संप्क्षेपीकरण गर्नु भएको थियो । राष्ट्रिय कृषि बधुवा मजदुर संघर्ष समितिका सह संयोजक राजुराम भुलको अध्यक्षता सम्पन्न कार्यक्रमको सहजीकरण राष्ट्रिय दलित नेटवर्कका कार्यकारी निर्देशक हुकुम ब. सार्कीले गर्नुभएको थियो । कार्यक्रममानागरिक समाज, मानवअधिकारकर्मी, कृषि बधुवा मजदुर सँगठनका प्रतिनीधीहरू गरि ५० जनाको सहभागीता रहेको थियो ।

### २.४.११ **भूमि अधिकार क्याराभान** २०७९:

आसन्न प्रदेशसभा र प्रतिनिधीसभाको निर्वाचनमा विभिन्न राजनितिक दलहरूको घोषणापत्रहरूमा दलित र मुक्त हलियाहरूको सवाल सम्बोधन गराउनका लागि आम रूपमा जागरण अभियान संचालन गर्ने उद्देश्यले सुदूरपश्चिम प्रदेशका ९ जिल्लाबाट मिति २०७९ भाद्र १५ गतेबाट दलित तथा मुक्त हलिया भूमि अधिकार क्याराभान २०७९ सम्पन्न भएको थियो। सो अभियान अन्तरगत दलित भूमि अधिकार यूनियनको अगुवाईमा सुदूरपश्चिम प्रदेशका ९ जिल्लाका १८ स्थानीयतहमा विभिन्न मागहरू राखी ज्ञापन पत्र पेश गरिएको थियो।




*भूमिअधिकार क्याराभान २०७९*

सो अधिकार क्याराभान राष्ट्रिय दलित नेटवर्क नेपाल र सम विकास केन्द्र डोटीको संयुक्त आयोजना र राष्ट्रिय कृषि बधुवा मजदुर संघर्ष समितिसँगको सहकार्यमा संचालन भएको थियो। कार्यक्रम अन्तरगत २०७९ भाद्र १६ गते अभियानको सन्देश सम्प्रेषणका लागि प्रेश विज्ञप्ती जारी, १७ गते ९ वटै जिल्लाका सदरमुकामहरूमा कोणसभा आयोजना गरि यात्रीहरूलाई बिदाई गर्ने १८ गते डोटी र डडेल्धुरा जिल्लामा मुक्त हलिया सवालमा छलफल गरि १९ गतेका दिन क्याराभानको समापनका अवसरमा धनगढीको चौराहाबाट पंचेबाजा सहित बिशाल रयाली सहित मुक्त हलियाको पुनर्स्थापनाका सवाल र राज्यको दायित्व विषयक सुदूरपश्चिम प्रदेश स्तरिय अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो।

भूमि अधिकार क्याराभान २०७९ को समापन सत्रको अवसरमा भूमिहिन दलित र मुक्त हलिया पुनःस्र्थापनाको सवाल र राज्यको दायित्व विषयक सुदूरपश्चिम प्रदेश स्तरिय बृहत अन्तरक्रिया कार्यक्रमका सहभागीहरूले नेपाल सरकारले मुक्त हलिया, कमैया, कमलरी र हरवाचरवाको न्यायिक पुनःस्र्थापना नभए नयाँ चरणको आन्दोलन गर्ने बताएका छन ।

क्याराभानको समापन कार्यक्रमका प्रमुख अतिथी एवं सुदूरपश्चिम प्रदेश सरकारका भौतिक पूर्वाधार विकास मन्त्री माननीय दिर्घ सोडारीले उक्त अन्तरक्रिया कार्यक्रमको उदघाटन गर्दै मुक्त हलिया र कमैयाको पुनर्स्थापनाका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनु भयो । साथै उहाँले सुदूरपश्चिम प्रदेश सरकारले हालसालै दलित सशक्तिकरण ऐन पारित गरेका छौं । सो ऐन अनुसार यस आन्दोलनका नेताहरूको परामर्शमा दलित विकास समितिको निर्माण गरी मुक्त हलिया पुनःस्र्थापनाको प्याकेज बनाई त्यसलाई प्रभावकारी कार्यान्वयन गरिनेछ भन्ने कुरामा जोड दिनु भएको थियो ।




*भूमिअधिकार क्याराभान २०७९ मा बाजागाजा सहित ।*

कार्यक्रमका विशिष्ट अतिथी एवं उच्च स्तरिय भूमि आयोगका पुर्व सदस्य, नेपाल सरकार भुमिव्यवस्था, सहकारी र गरिवी निवारण मन्त्रालयद्धारा गठित मुक्त हलिया, कमैया, कमलरी र हरवाचरवा वस्तुस्थिति अध्ययन समितिका सदस्य गणेश विश्वकर्माले नेपाल सरकारले सुदूरपश्चिम र कर्णाली प्रदेशका १२ जिल्लाहरूमा तथ्याकं संकलन नगरेका कारण हजारौ मुक्त हलियाहरू पहिचान, प्रमाणीकरण र पुनःस्र्थापनाको प्याकेजबाट बंचित रहेको

जिकीर गर्नुभयो। यसका लागि संघीय सरकार भूमिव्यवस्था, सहकारी र गरिवी निबारण मन्त्रालयद्धारा गठित, मुक्त हलिया, कमैया, कमलरी र हरवाचरवा बस्तुस्थिति अध्ययन समितिको प्रतिवेदन २०७९ अक्षरसः कार्यान्वयन गर्नमा जोड दिनुपर्ने कुरा औल्याउनु भयो। साथै उहाँले हरवाचरवा, मुक्त हलिया, कमैया कमलरी सम्ब न्धी सबै तहको कामको अनुगमन, सहजीकरण, समन्वय र सुनिश्चित कार्यान्वयनको लागि संघ तहमा एउटा अधिकार सम्पन्न आयोग वा संरचना निर्माण गरिनुपर्ने कुरामा जोड दिनुभयो।

नेपाल पत्रकार महासंघ सुदूरपश्चिम प्रदेशका पुर्व अध्यक्ष अर्जुन शाहले मुक्त हलिया पुनःर्स्थापनाको सवाल र राज्यको दायित्व विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। उहाँले राष्ट्रिय तथा अन्तराष्ट्रिय मावअधिकार कानुन, नेपालको संविधान, सर्वोच्च अदालतको आदेश, सरकारले विभिन्न समयमा गरेका प्रतिवद्धता तथा घोषणा र निर्णयहरूको अक्षरशः कार्यान्वयन नै विद्यमान मुक्त हलिया समस्याको दिगो समाधानको एक मात्र उपाय भएको कुरामा जोड दिनु भएको थियो।

कार्यपत्र माथि टिप्पणी गर्दै द फ्रिडम फण्डका जनवकालत सल्लाहकार एवं बाध्यकारी श्रम उन्मुलन पैरवी समुहका सचिवालय सदस्य बालाराम भट्टराईले मुक्त हलियाको सवालमा साझा अभियान थालनी गर्नका लागि मुक्त हलिया जनसँगठन र त्यससँग सरोकार राख्ने निकायहरूले माग र अडानमा स्पष्ट धारणा र दृष्ट्रीकोण राख्नुपर्ने कुरामा जोड दिनुभयो। साथै उहाँले कृषि बधुवा मजदुरहरूः हरवाचरवा, मुक्त हलिया, कमैया र कमलरीको न्यायिक पुनःर्स्थापनाका लागि राज्यले आफ्नो प्रतिबद्धता कार्यान्वयन नै अहिलेको आवश्यकता रहेको जिकीर गर्नुभयो। उक्त अवसरमा डडेल्धुरा जिल्ला अजैमेरु गाऊँपालिकाका पुर्व उपाध्यक्ष कलावती भांड एक्सन एड नेपालका परियोजना संयोजक सुजात श्रमनेरा, , नेपाल दलित मुक्ति सँगठनका सुदूरपश्चिम प्रदेश सचिव चक्र बि.के, समता मिडीया सेन्टरका तिलक परियार, राष्ट्रिय मुक्त हलिया समाज महासंघ नेपालका महासचिव मंगल सार्की, राष्ट्रिय कृषि बधुवा मजदुर संघर्ष समितिका सदस्य तुलाराम सार्की, दलित नेता काशी नेपाली लगायतले आफना धारणा राख्नुभएको थियो।

सुदूरपश्चिम प्रदेश स्तरीय दलित भूमि अधिकार यूनियनका संयोजक राजुराम भुलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा राष्ट्रिय दलित नेटवर्कका कार्यवाहक अध्यक्ष मोहन ओडले

सहभागीहरूलाई स्वागत गर्नुभएको थियो। सम विकास केन्द्र डोटीका कार्यक्रम अधिकृत शंकर बि.के. ले कार्यक्रमको औचियत्ता माथि प्रकाश पार्नु भएको थियो। सुदूरपश्चिम प्रदेश स्तरीय दलित भूमि अधिकार यूनियनका महासचिव श्याम सुनारले संचालन भएको कार्यक्रममा ८ बुदे भूमि अधिकार क्याराभान २०७९ धनगढी घोषणा पत्र जारी गरिएको छ।

२.४.१२ **लुम्बिनी प्रदेश स्तरीय नितिगत जनवकालतः**
दांङ, बाँके र बर्दियाका मुक्त कमैया तथा कमलरीहरूका सँगठन र तिनका सहयोगी सँगठनहरू आगामी नीति तथा कार्यक्रम र बजेटमा आफ्ना मुद्दाको संबोधन होस भन्दै लुम्बिनी प्रदेश सरकारको मुख्यमन्त्री माननीय कुलबहादुर केसीलाई भेटी ध्यानाकर्षण पत्रसहित नेपाल सरकार भूमिव्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयले गत २०७८ मंसीर १७ गते गठीत मुक्त कमैया, कम्लहरी, हलिया तथा हरवाचरवाको वस्तुस्थितिको अध्ययन प्रतिवेदन हस्तान्तरण गरिएको थिए। आफ्ना मागहरूसहितको ध्यानाकर्षण पत्र पढिबाची गर्दै मुक्त कमैया समाजका केन्द्रीय कोषाध्यक्ष हरिचन्द चौधरी र कमैया महिला जागरण समाजकी अध्यक्ष विरुनी थारुले सो प्रतिवेदन संयुक्त रूपमा हस्तान्तरण गरिएका थिए। सो हस्तान्तरण समारोहमा अध्ययन प्रतिवेदन समितिका सदस्य गणेश विश्वकर्मा, संविधान सभा सदस्य विनोद पहाडी, अधिवक्ता बालाराम भट्टराई, अधिकारकर्मी मीना परियार, मुक्त कमलरी विकास मन्च, दांङ की केन्द्रीय सदस्य रम्भा चौधरी, दियालो नेपालकी ज्योति पुनलगायतको उपस्थिति रहेको थियो। मुक्त कमैया तथा कमलरीहरूको ध्यानार्कषण पत्रसहितको प्रतिवेदन बुझ्दै मुख्यमन्त्री कुलबहादुर केसीले प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटले यो ऐतिहासिक अध्ययन प्रतिवेदनका सिफारिशहरूलाई आफ्नो अधिकार क्षेत्र अनुसार कार्यान्वयन गर्ने र कमलरीहरूलाई स्नातक तहसम्म सम्पूर्ण पढाई निःशुल्क गर्ने प्रतिबद्धता जाहेर गर्नु भएको थियो।

मुख्यमन्त्रीलाई प्रतिवेदन बुझाउनु अघि बुटवलस्थित न्यू एरा होटलमा ती सँगठनहरूले अध्ययन प्रतिवेदनमा समेटिएका आफ्ना सवालहरूबारे एक छलफल कार्यक्रमको आयोजन गरिएको थियो। सो छलफल कार्यक्रमको उदघाटन लुम्बिनी प्रदेश सभाका माननीय उपसभामुख कृष्णीदेवी थारुले गर्नु भएको थियो। उद्घाटन  समारोहलाई संबोधन गर्दै उपसभामुख थारुले आफूले मुक्त कमैया र कमलरीका लागि विगतमा कठिन आन्दोलनको नेतृत्व गरेको स्मरण गर्दै अध्ययन प्रतिवेदनको सिफारिशका आधारमा जमिन, घर, शौचालय, करेसावारी, घरघरमा खानेपानीसहितको धारा, बिजुली, सडक, सामुदायिक सिकाइका लागि

भवन, विद्यालय नजिक, स्वास्थ्य संस्था नजिक र महिला तथा पुरुषका लागि रोजगारीको अवसरसहितको एकीकृत प्याकेज हुनुपर्नेमा जोड दिनु भएको। सो कार्यक्रममा अध्ययन समितिका सदस्य गणेश विश्वकर्माले प्रतिवेदनको समग्र पक्ष प्रस्तुत गर्नु भएको थियो। प्रतिवेदनमाथि संविधानसभा सदस्य विनोद पहाडी, अधिवक्ता बालाराम भट्टराई, इन्सेकको रीमा विसी, कृषि मन्त्रालयका घनश्याम चौधरी, महिला वालवालिका तथा जेष्ठ नागरिक मन्त्रालयकी उपसचिव शारदा बस्याल, मुक्त कमैया समाजका हरिचन्द चौधरी, मुक्त कमलरी रम्भा चौधरी, कमैया महिला जागरण समाजका दुर्गा चौधरी, राष्ट्रिय दलित नेटवर्कको मीना परियारलगायतका बक्ताहरूले आफ्नो धारणा राख्दै प्रतिवेदन कार्यान्वयनमा जोड दिएका थिए।

## २.४.१३ **हरवाचरवाहरूको मुक्तिको ऐतिहासिक घोषणाः** :

हलिया मुक्ति तथा पुनःस्थापना पश्चात् उस्तै प्रकृतिको समस्याका रूपमा रहेको पूर्वी नेपालको हरवाचरवा मुक्तिको आन्दोलनमा RDN नेपालको नेतृत्वदायी भूमिकाका कारण यही २०७९ श्रावण २ गते सम्माननीय प्रधानमन्त्रीज्यूले नेपाल सरकारका माननीय मन्त्रीहरू, माननीय साँसदहरू, संवैधानिक आयोगका प्रमुख तथा प्रतिनीधिहरू, उच्च पदस्थ कर्मचारीहरूसहित हलिया, कमैया तथा हरवाचरवा आन्दोलनका अगुवाहरूको उपस्थिति रहेको एक भव्य समारोहका बीच अनुचित ऋणको खारेजीसहित हरवाचरवा मुक्तिको घोषणा गर्नुभएको थियो।

नेपालमा दासप्रथाको रूपमा विद्यमान रहेको एक मात्र हरवाचरवा प्रथाको मिति २०७९ श्रावण ०२ गतेका दिन एक भव्य समारोहकाबीच कमैया मुक्त घोषणाको २२ वर्ष पुगेको अवसरमा कमैया श्रमिक हरवाचरवा को लागि सम्माननिय प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यूको बिशेष सन्देश मार्फत मुक्तिको घोषणा गर्नुभएको हो। मुक्तिको घोषणामा निम्नानुसारका ४ वटा बुदाहरू थिए।

१. नेपालमा लामो समयसम्म सामाजिक कुप्रथाको रूपमा रहेको कमैया प्रथालाई अन्त्य गर्ने गरी कमैया मुक्ति घोषणा भएको २२ वर्ष पुगेको अवसरमा म मुक्त कमैया, मुक्त हलिया लगायत सम्पूर्ण कमैया श्रमिकहरूलाई हार्दिक शुभकामना व्यक्त गर्दै उहाँहरूको सुखी र सम्मानपूर्ण जीवन यापनको कामना गर्दछु।

२. कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ मार्फत हरवा चरवा लगायत सबै किसिमका कमैया श्रमिक परिवारहरूको मुक्ति, असमान श्रम सम्बन्ध र शोषणयुक्त प्रथाको अन्त्य तथा ऋण मोचन गरिसकिएको छ। यसका बाबजुद कही कतै बहानामा सो प्रथाको अबशेष बाँकी रहेको वा उक्त ऐनको पुर्ण कार्यान्वयन हुन नसकेको अवस्था रहेछ भने सो विषय कानूनको गम्भीर उल्लङ्गन भएको विषय हुने कुरा स्पष्ट पार्न चाहन्छु।
३. अतः म आजकै मितिबाट पुनः एकपल्ट सो ऐनको पूर्ण कार्यान्वयन गर्न, गराउन सम्बन्धित सबै सरोकारवालाहरूको गम्भीर ध्यानाआकर्षण गराउँछु। साथै, ऐनको ब्यवस्थाको प्रभावकारी पालना भए नभएको सघन अनुगमन गर्न समेत सम्बन्धित मन्त्रालय र सो मातहतका निकायहरूलाई निर्देशन दिन चाहन्छु।
४. मुक्त हरवा चरवा परिवारहरूको सामाजिक आर्थिक उन्नती र सम्मानजनक जगीवन सुनिश्चित गर्नको लागि बिशेष लक्षित कार्यक्रम संचालन गर्न नेपाल सरकारका सबै सम्बृद्ध निकायहरूलाई आग्रह गर्दछु। यस कार्यमा आवश्यक सहयोग, समन्वय र सहकार्यका लागि प्रदेश सरकार र स्थानीय तहलाई समेत हार्दिक आब्हान गर्दछु।
प्रधानमन्त्रीको घोषणालाई हरवाचरवा मञ्चका अध्यक्ष दशनलाल मण्डलले समर्थन गर्नुभएको थियो भने अध्ययन समितिको प्रतिवेदन सारांश संयोजक श्याम श्रेष्ठले प्रस्तुत गरेको थियो।

## २.५. स्थानीय तथा प्रदेश सरकारसँगाको समन्वय

(Coordinationa & Collaboration with Local and Provincial Government)

### २.५.१ सुरक्षित आवास निर्माणः



नागरिकको जमिन र आवासको अधिकार सुनिश्चित गर्ने उद्देश्यले सुदुरपश्चिम प्रदेश सरकार, भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र संस्थाको साझेदारीमा कंचनपुर जिल्लाको बेदकोट नगरपालिका वडा नं. ५, धरमपुरमा मुक्त कमैया, मुक्त हलिया, भूमिहिन, सिमान्तकृत समुदायका २५ वटा सुरक्षित आवास निर्माण कार्य सम्पन्न गरेको छ। मुख्य मन्त्रि सुरक्षित आवास कार्यक्रम अर्न्तगत निर्माण गरिएका घरहरूमा राष्ट्रिय दलित नेटवर्कले प्राबिधिक तथा सामाजिक परिचालनका साथै रु २६ लाख बराबरको निर्माण सामाग्रीहरू उपलब्ध गराएको थियो। त्यसै गरि मुख्य मन्त्रि सुरक्षित आवास परियोजना अर्न्तगत संस्थाले कैलाली जिल्लाको भजनी नगरपालिका वडा नं.९, भुरुवामा लोपउन्मुख राजि समुदायका २५ वटा सुरक्षित आवास निर्माण कार्यमा साझेदारी मार्फत निर्माण कार्य सम्पन्न गरि घरधनिहरूलाई हस्तान्तरण गरिएको थियो। सुरक्षित आवासको नमुना सहितको विवरण तल दिइएको छ।



*सुरक्षित आवासको नमुना।*

बेदकोटमा निर्माण गरिएका घरका धनिहरूको नामावली

| क्र.सं. | नाम | क्र.सं. | नाम |
|---|---|---|---|
| १ | सिता डगौरा | १४ | बिर बहादुर डगौरा ख |
| २ | बिर बहादुर डगौरा क | १५ | सरु देवि सुनार |
| ३ | प्रदेशु खुना | १६ | दुर्गा डगौरा |
| ४ | जयराम ओड | १७ | सुमित्रा डगौरा |
| ५ | लाली लुहार | १८ | मन कुमारी खुना |
| ६ | नर देवि बोहरा | १९ | बालमती डगौरा |
| ७ | पुष्पा थारु | २० | राम सिंह डगौरा |
| ८ | मान बहादुर डगौरा | २१ | गोपाल राना |
| ९ | कल्पना डगौरा | २२ | किसन डगौरा |
| १० | जानु चौधरी | २३ | सुरेस सुनार |
| ११ | श्याम हुड्के | २४ | गहवा खुना |
| १२ | रतिलाल डगौरा | २५ | मनोज डगौरा |
| १३ | बन्धु डगौरा | | |

### २.५.२ समन्वय र सहकार्य:

परियोजनाले आफ्ना गतिबिधिहरूको प्रभावकारी कार्यान्वयन गरि उपलब्धिमुलक सुरक्षित आवास बनाउन संस्थाले प्रदेश सरकार, स्थानीय सरकार लगाएत अन्य सरोकारवाला निकायहरूसँग नियमित समन्वय र सहकार्य गरि रहेको छ।



*ह्याविट्याट फर हुमनिटीको राष्ट्रिय निर्देशक एलिजा स्थापित  बेदकोटमा।*

## २.६.अन्य गतिविधिहरु (Other Activities):

### २.६.१: दलित अधिकार सप्ताह :



*दलित अधिकार सप्ताहा*

दलित अधिकार, भूमि अधिकार र मानव अधिकारका क्षेत्रमा क्रियाशिल राष्ट्रिय दलित नेटवर्कको २२ औ स्थापना दिवसको सन्दर्भमा २०७९ श्रावण ३२ देखि भाद्र ६ गते सम्म दलित अधिकार सप्ताह २०७९ सम्पन्न भयो। दलित अधिकार सप्ताह अन्तरगत श्रावण ३२ गते हयाविट्याट फर हुमनिटी नेपालका राष्ट्रिय निर्देशक एलिजा स्थापितको बिशेष सहभागीतमा बेदकोट नगरपालिका वडा नम्बर ५ धरमपुरमा निर्माणधिन सुरक्षित आवासको अनुगमन भई भाद्र १ गते कैलारी गाऊँपालिका वडानम्बर ८ विपतपुरमा स्थानीय सरकार, सरोकारवाला र मुक्त कमैयाका बिचमा सुरक्षित आवास सम्बन्धी अन्तरक्रिया कार्यक्रम भएको थियो। त्यसैगरी भाद्र २ गते कैलाली जिल्लाको घोडाघोडी नगरपालिका प्रमुख खड्क रावतसँग सुरक्षित आवास सम्बन्धी छलफल भएको थियो। भाद्र ३ गते शुक्लाफाँटा नगरपालिका वडा नम्बर ८ फुलेलीमा हलिया अधिकार मञ्चका अध्यक्ष धनबहादुर लुहारको उपस्थितिमा सुरक्षित आवास सम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो । भाद्र ४ गते राष्ट्रिय दलित नेटवर्कको कार्यक्षेत्रमा कार्यरत सम्पूर्ण कर्मचारी र अभियान्ताबीचमा समन्वयतात्मक छलफल गरिएको थियो।

त्यसैगरी भाद्र ५ गते राष्ट्रिय दलित नेटवर्क नेपालका संस्थापक संरक्षक स्व. रबिन्द्रसिंह गहतराजले दलित आन्दोलनमा पुऱ्याएको योगदानको चर्चा गर्दै आगामी आसन्न प्रदेश र संघीय तहको निर्वाचनमा दलितहरूको सहभागीतालाई लक्षित गर्दै राजनितिक दलका दलित भातृसँगठन, संभावित उम्मेदवार र दलित एक्टीभिष्टहरूका बिच एक बृहत अन्तरक्रिया

कार्यक्रमको आयोजना गरिएको छ। कार्यक्रमका प्रमुख अतिथी एवं नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) केन्द्रीय समाज कल्याण बिभागका सदस्य बसन्त बागचनले नेपालमा परिवर्तत भएको भएता पनि दलित समुदायको राजनितिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपान्तरणका लागि गुणात्मक परिवर्तन नभएको कुरा औल्याउनु भयो। नेपालमा जनगणतन्त्र नआएर बुर्जवा गणतन्त्रको आगमन भएकोले बास्तविक परिवर्तनका लागि अझै आन्दोलनको खाँचो रहेको कुरामा जिकीर गर्नुभयो। साथै उहाँले राष्ट्रिय दलित नेटवर्क नेपालका संस्थापक संरक्षक स्व. रबिन्द्रसिंह गहतराजले आफुलाई डोटीको सिलगढी स्थित हरिजन स्कुलमा पढाई यहाँसम्म पुरयाउनु भएकोले उहाँप्रति श्रृद्धासुमन व्यक्त गर्नुभयो। कार्यक्रममा बिशेष रूपले बोल्दै उहाँले नेपालको दलित आन्दोलनमा बिगत २२ वर्षदेखिको गतिशिलता प्रति आभार व्यक्त गर्नुभयो।

कार्यक्रमका बिशीष्ट अतिथी एवं नेपाल दलित संघका केन्द्रीय बरिष्ठ उपाध्यक्ष छत्र टेलरले बि.स.२०५३ सालबाट एक्सन टीमको अवधारणाबाट निर्माण भएको राष्ट्रिय दलित नेटवर्कले बिगत २२ वर्षदेखि नेपालका आम दलित समुदायको राजनितिक, सामाजिक र आर्थिक अधिकारका क्षेत्रमा चमत्कारी काम गरेको आफुलाई महशुसीकरण भएको कुरा औल्याउनु भयो। साथै उहाँले विभिन्न राजनितिक दलहरूमा दलितहरूको अर्थपुर्ण सहभागीताका लागि सबै राजनितिक दलका दलित भातृसँगठनहरूले पार्टीको आन्तरिक लोकतान्त्रिकरणका लागि पहल गर्नुपर्ने कुरामा जोड दिनुभएको थियो।

नेपाल दलित मुक्ति मोर्चाका केन्द्रीय कार्यालय सदस्य गोबिन्द बि.क.ले नेपालमा संघीयता र समावेशीको अभ्यास भईरहेको सन्दर्भमा अझैपनि दलित आन्दोलनले उठान गरेका सवालहरू संस्थागत हुने काम अझै पनि बाँकी रहेकोले त्यसलाई प्रणालीगत तरिकाले सम्बोधन गर्नका लागि राजनितिक दलहका दलित जनवर्गिय सँगठनहरूले समान बुझाई कायम गर्दै एकिकृत ढंगले आन्दोलन गर्नुपर्ने सुझाव दिनुभयो। नेपाल दलित मुक्ति सँगठन प्रदेश सचिव चक्र बि.के. ले आरडिएनले दलित अग्रजलाई सम्मान गर्ने अभ्यासको थालनी गरेकोले आफुहरूमा आत्मविश्वासको भावना जागृत हुदै आफ्नो जिम्मेवारी बोध भएको कुरा औल्याउनु भयो। साथै उहाँले आगामी आसन्न प्रदेश र संघीय तहको निर्वाचनमा दलितहरूको सामानुपातिक प्रतिनिधीत्वका लागि आफ्नो पार्टीभित्र ब्यापक ढंगले आवाज उठाउने प्रतिबद्धता व्यक्त गर्नुभयो। संघीय दलित मुक्ति प्रान्तीय मंचका केन्द्रीय अध्यक्ष

सर्मिला बागचन्दले दलित समुदाय पनि राज्यका उत्पादनशिल शक्ति भएकोले सधैभरी तालि बजाउनका लागि राजनितिमा सँगलन नभएको कुरा स्पष्ट गर्नुभयो। उहाँले नेपालमा बिगत ३५०० वर्षदेखि दलितहरू राजनितिक रूपले बहिष्करण, सामाजिक रूपले अपहेलित, आर्थिक रूपले गरिवीको रेखामुनी जीवन बिताउन बाध्य भएकाले त्यसको एकिकृत सामाधानका लागि अबका दिनमा दलितहरू संयुक्त आन्दोलनमा होमीने दिन आएको कुरा खुलासा गर्नुभयो। साथै उहाँले नेपालका ठुला राजनितिक दलहरूले अझैपनि पुर्ण रूपले आरक्षणलाई स्विकार गर्न नसक्नु तितो यर्थात भएकोले आफ्नो समग्र मुक्तिको लागि दलितहरूलाई सँगसँगै आउनका लागि आब्हान गर्नुभयो। जिल्ला समन्वय समिति कैलालीका निवर्तमान सदस्य मालती सार्की बि.के.ले दलित नेतृत्वले आम दलितहरूलाई समेटेर लग्न सकिरहेको अवस्था नभएको, राजानितिक दलका नेताहरू आम रूपले परिवारवादमा फसेको र निर्णायक तहमा दलित सवाल प्रभावमा पर्न नसकेको गुनासो गर्नुभयो।

गौरीगंगा नगरपालिका कैलालीका पुर्व कार्यपालिका सदस्य एव नेकपा माओवादी केन्द्रकी नेतृी अमृता बि.क.ले अहिलेसम्म पनि दलित समुदाय एकता हुन नसकेका कारणले यस कुराले अन्तत गैरदलित समुदायलाई फाईदा पुगेको कुरा बताउनु भयो। साथै गएको स्थानीय निर्वाचनमा आफुले समाजमा अहिले पनि राजनितिक दलका नेताहरूले अझैपनि दलित नेतृत्व स्विकार गर्न नसकिरहेको यर्थात आफुसामु रहेको कुरा स्पष्ट पार्नुभयो। दलित अभियान्ता सुमन देवलले आरडिएन नेपालले बिगत देखि हामी दलितहरूका लागि अभिभावकहरूको काम गर्दै नेतृत्व उत्पादनका लागि सहजीकरण गर्दै आईरहेकोले प्रति आभार व्यक्त गर्नुभयो। नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) की नेतृ मनमायाँ गहतराजले आरडिएनले आफ्नो कामलाई अब ग्रामिण स्तरसम्म पुरयाउनका लागि आफना पहल कदमीहरू अगाडी बढाउनुपर्ने कुरा बताउनु भयो। साथै उहाँले दलित सवाललाई सम्बोधन गर्नका लागि सबै राजनितिक दलहरूमा आवद्ध दलित नेताहरूले एकबद्ध हुनुपर्ने कुरामा जोड दिनुभयो।उक्त अन्तरक्रिया कार्यक्रममा समता मिडीया सेन्टरका कार्यकारी अध्यक्ष मिलन परियारले आधारपत्र प्रस्तुत गर्नुभयो। राष्ट्रिय दलित नेटवर्क नेपालका कार्यवाहक अध्यक्ष मोहन ओडको अध्यक्षतामा सम्पन्न कार्यक्रममा कार्यकारी निर्देशक हुकुम ब. सार्कीले सहभागीहरूलाई स्वागत गर्दै कार्यक्रमको औचियत्तामाथी प्रकाश पार्नुभएको थियो। कार्यक्रमको संचालन राष्ट्रिय दलित नेटवर्क नेपालका केन्द्रीय सदस्य श्याम सुनारले गर्नुभएको थियो। त्यसैगरी भाद्र ६ गते राष्ट्रिय दलित नेटवर्कको सहयोग, दलित विकास मञ्च सिराहासँगको सहकार्य र जिल्ला हरवाचरवा

अधिकार मञ्च सिराहाको आयोजनामा सिराहाको गोलबजारमा हरवाचरवा मुक्तिको सन्दर्भ र पुनर्स्थापनाको सवाल विषयक एक दिने अन्तरक्रिया कार्यक्रम आयोजना हुने भएको थियो। भाद्र ६ गते स्थापना दिवसका सन्दर्भमा संस्थाका केन्द्रीय अध्यक्ष श्री गणेश विश्वकर्मा ज्यूद्धारा हस्ताक्षरित प्रेश विज्ञप्ती जारी गरिएको थियो।

२.६.२ **हरवाचरवा यूवा एक्टीभिष्टहरूको यूवा महोत्सव** :

मधेस प्रदेशका ८ वटै जिल्लाहरूबाट प्रतिनिधीत्व हुनेगरि १० जना हरावाचरवा तालिम प्राप्त युवाहरूले आफ्नो आवाज बुलन्द गर्नका लागि २ दिने युवा महोत्सवमा सक्रिय सहभागीता जनाएका थिए। मधेश प्रदेश सरकारको महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले ८ वटै जिल्लाका ५०० जना युवाहरूको उपस्थितिमा कार्यक्रम आयोजना गरेको थियो। सन २९ देखि ३० देखि, २०२२ सम्म आयोजना गरिएको उक्त कार्यक्रमको २० बुँदे घोषणापत्रको बुँदा नम्बर १ र २ मा प्राविधिक शिक्षा र रोजगारी जस्ता हरवाचरवाका समस्याहरू स्पष्ट रूपमा उल्लेख गरिएको थियो। यस कार्यक्रमबाट हरवाचरवाको सवाललाई प्रदेश सरकारले स्वीकार महशुस समेत भएको थियो।

२.६.३ **पत्रकार सम्मेलन**:

हरवाचरवा मुक्तिको घोषणाप्रति आफ्नो धारणा राख्न राष्ट्रिय हरवाचरवा अधिकार मंचले १९ जुलाई, २०२२ का दिन काठमाण्डौको रिर्पोटर क्वलमा पत्रकार सम्मेलनको आयोजना गर्दै आफ्नो ६ बुंदे दृष्टिकोण सार्वजनिक गरेका थियो। मंचले हरवाचरवा मुक्तिको घोषणालाई कार्यान्वयन गर्न नेपाल सरकार भूमिब्यवस्था, सहकारी तथा गरिबी निबारण मन्त्रालयको अगुवाईमा विस्तारित कार्ययोजना निर्माण गरी मन्त्री परिषदबाट पारितको साथै पुनःस्थापनाको बजेटसहितको कार्ययोजना निर्माण गर्नु पर्ने, हरवाचरवा मुक्तिको घोषणालाई व्यवहारमा लागू गर्न तत्काल केन्द्रीय तथा प्रदेश स्तरमा अधिकार सम्पन्न संरचना निर्माण गर्नु पर्ने वताएका थिए।

यसैगरी प्रधानमन्त्रीबाट घोषणा गरिएको ४ बुंदे घोषणा संकलप प्रस्तावका रूपमा व्यवस्थापिका संसदबाट पारित गर्न, तत्काल प्रदेश सरकार तथा स्थानीय तहसँगको सहयोग, सहकार्य तथा समन्वयमा तथ्याँक संकलन गरी उनीहरूलाई परिचयपत्र प्रदान गर्नु पर्ने बताएको थियो। घोषित कार्यक्रममा अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिम मुक्त कमैया,

कम्लहरी, हलिया र हरवाचरवा सम्वन्धमा विस्तृत कार्ययोजना र नीतिबनाएर, साथसाथै, यी सबैलाई मन्त्रीपरिषदले पीरत गरेर, त्यसलाई लागू गर्ने कानुन अनुसारका प्रभावकारी ढंगले कार्यान्वयन गर्नु पर्ने र मुक्त घोषित मुक्त हरवाचरवाको सम्पूर्ण शान्ति सुरक्षाको व्यवस्था मिलाउन पर्ने दृष्टिकोण अघि सारिएको थियो।




*पत्रकार सम्मेलन*

मंचका केन्द्रिय अध्यक्ष दशनलाल मण्डलद्वारा हस्तक्षरित विज्ञप्तीमा ‘मुक्त कमैया कम्लहरी मुक्त हलिया, हरवाचरवा सम्वन्धी वस्तुस्थिति अध्ययन समिति’ ले गतः बैशाख ९ गते आफ् नो अध्ययन प्रतिवेदनको सिफारीशलाई समुचित ठहऱ्याउँदै भूमिब्यवस्था, सहकारी तथा गरिबीनिबारण मन्त्रीज्यू को सक्रिय पहलमा विद्यमान कमैया श्रम निषेध ऐन २०५८ अनुसार हरवाचरवाको मुक्ति, ऋण र कागजात खारेजी सम्वन्धमा ऐतिहासिक घोषणा प्रधानमन्त्री शेरबहादुर देउवाबाट भएको उल्लेख गरिएको थियो। सो एउटा ऐतिहासिक महत्वको घोषणा पश्चात पुनर्स्थापनको एकीकृत प्याकेजसहित हरवा चरवाको मुक्ति र पुनर्स्थापन कार्यलाई प्रभावकारी ढंगले अघि बढाउन सकिएमा यो एउटा त्यस्तो ऐतिहासिक पाइला हुनेछ जसले नेपालमा सम्पूर्ण रूपमा सामन्ती भूदास प्रथा वाबँधुवा श्रमको पुरापुर उन्मुलन सम्भव बनाउने कुरा पनि उल्लेख गरिएको थियो। सो घोषणालाई मंचको केन्द्रीय समितिले स्वागत समेत गरेको थियो। मंचले घोषणाको लागि प्रधानमन्त्री तथा नेपाल सरकारका भूमिव्यवस्था, सहकारी तथा गरिवीनिवारण मन्त्रीलाई विज्ञप्ती मार्फत धन्यवाद ज्ञापन समेत गरेको थियो।

### २.६.४ साँझेदार संस्थाहरूबीच बैठकः

राष्ट्रिय दलित नेटवर्क र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (युनडिपी) निर्वाचन सहयोग कार्यक्रम बीच मतदाता शिक्षाका लागि सम्झौता भएपछि यूएनडिपीको आयोजनामा

देशभरिका साझेदारहरूबीच काठमाण्डौमा एउटा बैठकको आयोजना गरिएको थियो। सुदूरपश्चिम प्रदेशमा राष्ट्रिय दलित नेटवर्क दलितका लागि, मधेस प्रदेशमा अपांगता भएका व्यक्तिहरू तथा वागमती प्रदेशमा युवाहरूलाई लक्षित गरेर मतदाता शिक्षा अभियान संचालन गरिएको थियो। उक्त कार्यक्रममा निर्वाचन आयोगका प्रवक्ता, संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमका लैंगिक समानता र सामाजिक समावेशीकरण आउटरीच सल्लाहकार श्री निकीला श्रेष्ठ, क्षमता अभिवृद्धि अधिकृत श्री बिष्णु नेपाली र अनुगमन तथा मुल्याकंन अधिकृत श्री पुष्पा मुलिया सुनुवार लगायतले आ-आफ्नो विषयमा क्षेत्रगत रूपमा प्रस्तुती गर्नु भएको थियो। उक्त बैठकमा RDN नेपालका तर्फबाट बित्त व्यवस्थापक भरत आग्रीको सहभागिता रहेको थियो।

### २.६.५ **बार्षिक समिक्षा गोष्ठी :**

द फ्रिडम फण्डको आर्थिक सहयोगमा राष्ट्रिय दलित नेटवर्क (RDN) नेपालद्धारा मधेस प्रदेशमा सञ्चालन गरिएको नेपालमा कृषि बधुवा मजदुर उन्मुलन कार्यक्रम अन्तरगत आज जनकपुरधाममा हरवाचरवाको मुक्ति, स्वतन्त्रता र पुनर्स्थापनाको सवालमा कार्यरत अभियानकर्मीहरूको उपस्थितिमा २०७९ पौष १० गते वार्षिक समिक्षा तथा योजना बैठक जनकपुरमा आयोजना गरियो। बैठकले वर्षभरि भएको कार्यक्रमहरू, त्यसका उपलब्धीहरू, सिकाई र चुनौती सहितको सहभागीतामूलक ढंगले समालोचनात्मक समिक्षा गर्दै नेपाल सरकारद्धारा हालै मुक्त गरिएका मुक्त हरवाचरवाहरूको पुनर्स्थापनाको अभियानलाई अगाडी बढाउनको लागि आगामी तिन महिने जनवकालत योजना समेत निर्माण गरेको थियो।




*बार्षिक समिक्षा गोष्ठीको झलक*

**२.६.६ मानव अधिकार दिवसः**

७४ औ मानव अधिकार दिवसको अवसरमा राष्ट्रिय दलित नेटवर्क नेपाल र सिरहा जिल्ला हरवा अधिकार मञ्च सिरहाको बिस्तारित बैठक जिल्ला अध्यक्ष श्यामसुन्दर सदाको अध्यक्षतामा बैठक उत्साहपूर्वक सम्पन्न भयो। मानव अधिकारको दृष्टिकोण कोणले मधेस प्रदेश मा आधुनिक दासत्वको जीवन ८ वटै जिल्लामा विताईरहेका छन। हरवाचरवाकोले मानव अधिकारको न्यूनतम अधिकारबाट बंचित रहे पनि कुनै सरोबारवालाहरूको ध्यान हरवाचरवा समुदायमा नपरेको गुनासो हरवा चरवाका नेताहरूले राखेका थिए। आफुहरूले स्वतन्त्रपूर्वक मजदुरि वा ज्याला समेत गर्न नपाए दुखेसो पोखेकी जिल्ला हरवाचरवा अधिकार मञ्च सिरहाकी सचिव राधा चौधरीले पीडा पोखिन। जबसम्म मालिक वा गिरहतको खेतबारी, घर वा मालिकको काम सम्पन्न नभएपछि अरू ठाउँ का ज्याला गर्न जान पाईदैन। जिल्ला हरवाचरवा अधिकार मञ्च सिरहाका उपाध्यक्ष चलितर मण्डलले हरवाचरवाहरूले सँगठित भएर आवाज उठाईरहेको तरपनि आफुहरूको आवाज कुनै सरकारले नसुनेको गुनासो गरे। ८ घण्टा काम ८ घण्टा आराम र ८ घण्टा मनोरंजन हरवा चरवाको लागि कागलाई बेल पाक्यो हर्ष न बिस्मात जस्तो भएको कुरा सहभागीहरूले बताएका थिए। कार्यक्रम राष्ट्रिय दलित नेटवर्क काठमाडौं नेपालका जनवकालत अधिकृत संजय महराले सहजीकरण गरेका थिए।

**२.६.७ बाढी प्रभावित समुदायमा सुरक्षित आवास सामाग्रीहरू हस्तान्तरणः**

कैलाली जिल्लामा २०७९ मा भारी बर्षाका कारण आएको बाढीले बिपदको अवस्था सिर्जना भई समुदाय घरबाट बिस्थापित भयो। बाढी प्रभावित समुदायलाई सुरक्षित बासका लागि Habitat for humanity Nepal को सहयोगमा बिभिन्न पालिकामा तल उल्लेखित घरधुरी संख्यालाई सम्बन्धित पालिकाको विपद ब्यवस्थापन समितिको सिफारिशमा स्थानीय पालिकाबाट लिखित अनुमति प्राप्त गरि आवास सामाग्रीहरू हस्तान्तरण गर्ने कार्य गरिएको थियो।

- भजनी न.पा. वडा नं. १ : १७५ घरधुरी
- भजनी न.पा. वडा नं. ८ : ५५ घरधुरी
- भजनी न.पा. वडा नं. ९ : ५० भरधुरी
- कैलारी गा.पा. वडा नं. ७ : १७५ घरधुरी

### २.६.८ कोभिड-१९ प्रभावितलाई खाद्यन्न बितरण :

कोभिड-१९ का कारण सिमान्तकृत समुदायमा खाद्यन्न अभाव सिर्जना भएकोले सुरक्षित आवास परियोजनाको लक्षित समुदाय कैलालीको भजनी नगरपालिका ९, भरुवाका २५ घरधुरी र कंचनपुर जिल्लाको बेदकोट नगरपालिका वडा न ५, धरमपुरका २५ घरधुरी गरि ५० घरधुरीलाई १ महिना पुग्ने खाद्यन्न वितरण गरिएको थियो ।




*कोभिड प्रभावितलाई खाद्यन्न बितरण*

## मुख्य उपलब्धीहरु (Key Achievements):

### जनसँगठन निर्माण तथा परिचालन

**(Formation & Strengthening of People Based Organizations)**

- राष्ट्रिय हरवाचरवा अधिकार मञ्चको केन्द्रीय समिति सबै जिल्लामा जिल्ला समिति सहित यो वर्ष मधेस प्रदेशको २ वटा जिल्लाहरूः महोत्तरी र सर्लाहीमा जिल्ला स्तरका २ वटा र ८ वटा पालिकामा पालिका स्तरका हरवाचरवा अधिकार मञ्चहरू गठन भई सँगठनका नियमित बैठकहरू मार्फत सवालगत छलफल भएका छन।
- सुदुरपश्चिम प्रदेशका ९ वटा जिल्लाहरूबाट प्रतिनिधीत्व हुने गरि प्रदेश स्तरको दलित भूमि अधिकार युनियन गठन भएको छ भने सँगठन मार्फत दलितहरूको भूमि अधिकारका सवालमा निरन्तर पैरवी भएको छ।

### क्षमता अभिवृद्धि (Capacity Building)

- सुदुरपश्चिम प्रदेशका ९ वटा जिल्लारुका १० जना स्वयंसेवकहरू तथा सामाजिक परिचालकहरूको मतदाता शिक्षा अभियान सम्बन्धी क्षमता अभिवृद्धि भयो।
- कुलजम्मा ३० हरवाचरवा युवाहरू (युवा १७ र युवती १३ं) ले नेतृत्व विकास र जनवकालत सीपमा आफ्नो क्षमता वृद्धि गरेका छन।
- राष्ट्रिय र जिल्ला हरवाचरवा अधिकार मञ्चका ३२ जना प्रतिनिधीहरूले नेतृत्व विकास र आन्दोलन निर्माण सम्बन्धी आफ्नो क्षमता अभिवृद्धि गरेका छन।
- कृषि बधुवा मजदुरहरूः मुक्त हरवाचवा, हलिया, कमैया र कमलरीको पुनःर्स्थापनाका लागि सशक्त रूपमा आवाज उठाउनका साथै आन्दोलन गर्नका लागि राष्ट्रिय कृषि बधुवा मजदुर संघर्ष समिति गठन भएको छ। जसको नेतृत्व हरवाचरवाले गरेको छ।

### नागरिक शिक्षा (Civic Education)

- सुदुरपश्चिम प्रदेशका ९ वटा जिल्लारुका १८ वटा पालिकाहरूका ५००२ दलितहरूले सक्रिय रूपमा मतदाता शिक्षा अभियानमा सहभागी भई उनीहरू मतदान प्रकृयाका बारेमा सचेतीत भएका भए।
- मतदाता शिक्षा अभियानमा ५००२ दलित मतदाताहरूको आम रूपमा सशक्तिकरण गरियो।
- सुदुरपश्चिम प्रदेश स्तरिय अन्तरक्रिया कार्यक्रमका माध्यमबाट ४८ जना दलित नागरिक समाज, संभावित उम्मेदवारहरू,विभिन्न राजनितिक दलहरू, सामाजिक एक्टीभिष्टहरूको सामाजिक समावेशीकरण र संबैधानिक प्रावधानका बारेमा सचेतना अभिवृद्धि भयो।

- ५०० वटा प्रतिबेदनको प्रकाशन र बितरणको माध्यमबाट मतदाता शिक्षा अभियानको सिकाई आदन प्रदान भयो।
- यो संचार माध्यम र सामाजिक संजालको माध्यमबाट मतदाता शिक्षा अभियानबारे ब्यापक रूपमा सुचना सम्प्रेशष भई आम रूपमा जनचेतना फैलाउने कामको थालनी भयो।

**नितिगत जनवकालत (Policy Advocacy)**

- नेपाल सरकारले औपचारिक रूपमा २०७९ श्रावण ०२ गतेका दिन औपचारिक रूपमा हरवाचरवा मुक्तिको घोषणा गरेको छ।
- नेपाल सरकार भूमि ब्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले मुक्त हरवाचरवा पुनःर्स्थापनाका लागि निर्देशिका पारित गरेको छ।
- नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले नेपालमा रहेका कृषि बधुवा मजदुरहरूः मुक्त हरवाचवा, हलिया, कमैया र कमलरीको पुनःर्स्थापनाका लागि एकिकृत ऐन मस्यौदा गरेको छ। उक्त ऐन निर्माणका लागि मन्त्रालयद्धारा मस्यौदा समितिमा राष्ट्रिय दलित नेटवर्क नेपालका केन्द्रीय अध्यक्ष श्री गणेश विश्वकर्मा ज्यूलाई मनोनित गरेको थियो।
- सुदूरपश्चिम प्रदेशका ९ जिल्लाका १८ पालिकामा १०,००० भन्दा बढी भूमिहीन दलितहरूलाई नेपाल सरकारको जग्गा वितरण प्रक्रिया अन्तर्गत उनीहरूको लगत संकलनमा सहजीकरण भएको छ।
- कञ्चनपुरको वेदकोट नगरपालिकाले भूमिहीन दलित र अन्य सीमान्तकृत समूहहरूलाई जग्गा बितरण प्रकृयामा प्राथमिकता दिएको छ।
- विभिन्न अभियान मार्फत ६७८ पुरुष र १०१९ महिला गरी जम्मा १६९७ जनालाई राष्ट्रिय भूमि आयोगको नीति तथा कार्यक्रममा जग्गा बाँडफाँड प्रक्रियाबारे सचेतना वृद्धि भएको छ।
- सुदूरपश्चिम प्रान्तीय सरकारले दलित र अन्य जोखिममा परेका समूहहरूको उपकरणको आवश्यकतालाई सम्बोधन गर्न ९० लाख विनियोजन गरेको छ।
- भूमि अधिकार यात्राका कारणले सुदूरपश्चिम प्रदेशका ९ वटा जिल्लाका १० हजार भन्दा बढी दलित समुदाय नेपालको संबिधानको धारा ४० को उपधारा ५ र ६ बारे जानकार भएका छन। स्थानीय र प्रदेश सरकारलाई दबाब पुगेको छ।
- विभिन्न ६ वटा राजनीतिक दलको केन्द्रीय समितिले कृषिमा बाँधिएका मजदुरहरूको मागलाई सकारात्मक रूपमा सम्बोधन गर्दै आफ्नो घोषणापत्रमा समावेश गरेका छन।

**स्थानीय तथा प्रदेश सरकारसँगको समन्वय**

**(Coordinationa & Collaboration with Local and Provincial Government)**

- प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयमा समन्वय र सम्पर्क बिस्तार भई आगामी दिनहरूमा सहकार्य गर्नका लागि सहज बातावरणको श्रृजना भयो।
- जिल्ला भूमि आयोग कैलालीले लम्की-चुहा नगरपालिकाका १४७ वादी परिवारलाई संयुक्त जग्गा प्रमाणपत्र उपलब्ध गराएको छ।
- राष्ट्रिय भूमि आयोगसँग समन्वय मार्फत धनगढी उपमहानगरपालिका ९ बङ्गारा कटानका कुल २२ भूमिहीन दलित परिवारले राष्ट्रिय भूमि आयोगबाट संयुक्त भूमि प्रमाणपत्र प्राप्त गरेका छन।

**सिकाईहरू:**

- राज्यद्वारा अख्तियार गरेका निति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वियन नहुनुमा अनुगमन संयन्त्रको तथा अधिकारवालाहरुको एकतामा भर पर्छ।
- कार्यक्रमको प्रभावकारीता, दिगोपना र अपन्त्व श्रृजना गर्नका लागि अधिकारवालाको सँगठन निर्माण, परिचालन र क्षमता अभिवृद्धिमा जोड दिनु पर्दछ।
- सहभागीतात्मक पद्धतीद्धारा निर्माण गरिएको कार्ययोजना र कार्यान्वियन नै प्रभावकारी हुन्छ।
- समय सान्दर्भीक संस्थागत रणनिति, निति तथा कार्यक्रमहरू विकास गर्न सकेको खण्डमा श्रोत प्रबर्द्धनमा मार्फत संस्थागत वृद्धि र विकास गर्न सजिलो हुन्छ।
- समावेशी विकास र संघीयताको मुल मर्म भनेकै निति, संस्थागत संरचना, कार्यक्रम र बजेट लगायत अनुगमन र मुल्याकंन प्रणालीमा लैंगिक समानता र सामाजिक समावेशीकरण मुलप्रवाहीकरण गर्नु हो।
- स्थानीय स्तरमा अधिकारवालाहरुको सँगठनको बलमा सरोकारवालाहरुको सहकार्यमा स्थानीय, प्रादेशिक र राष्ट्रिय स्तरको नीतिगत वकालत प्रभावकारी हुन्छ।

# अनुसूची खण्ड

## अनुसूची १

Rastriya Dalit NetworK (RDN) Nepal
Central Office, Dhangadhi, Kailali
F.Y. 2078-4-1/2079-3-31
Income & Expenditure

| Income | Index | FY.2078/089 | FY.2077/078 |
|---|---|---|---|
| FAO Grant | 1 | 505450 | |
| HFHN Grant | 1 | 2219915 | |
| OPSF Grant | 1 | 3135915 | |
| The Freedom Fund Grant | 1 | 12902701.35 | |
| UNDP Grant | 1 | 744660 | |
| TAF Grant | 1 | 1753346 | |
| **Total** | | **21261987.35** | **12527462** |

| Expenditure | Index | FY.2078/089 | FY.2077/078 |
|---|---|---|---|
| FAO Grant | 2 | 505450 | |
| HFHN Grant | 3 | 1274882 | |
| OPSF Grant | 4 | 3427237 | |
| The Freedom Fund Grant | 5 | 9028351 | |
| UNDP Grant | 6 | 952950 | |
| TAF Grant | 7 | 1802161 | |
| Program under conducting | | 4270956.35 | |
| Total | | **21261987.35** | **12527462** |

Finance Manager    General Secretory    Treasure:    Redg.Auditor

राष्ट्रिय दलित नेटवर्क
Rastriya Dalit Network

**Rastriya Dalit NetworK (RDN) Nepal**
**Central Office, Dhangadhi, Kailali**
**F.Y. 2078-4-1/2079-3-31**
**Fund Accountability Statement**

| S.N | Particular | Amount of this year | Amount of Last year |
|---|---|---|---|
| | **opening balancr** | **15301** | **15301** |
| | Income | | |
| | FAO Grant | 505450 | |
| | HFHN Grant | 2219915 | |
| | OPSF Grant | 3135915 | |
| | The Freedom Fund Grant | 12902701.35 | |
| | UNDP Grant | 744660 | |
| | TAF Grant | 1753346 | |
| | **Fund received during this period** | **21277288.35** | **12754935** |
| | Expenditure | | |
| | FAO Grant | 505450 | |
| | HFHN Grant | 1274882 | |
| | OPSF Grant | 3427237 | |
| | The Freedom Fund Grant | 9028351 | |
| | UNDP Grant | 952950 | |
| | TAF Grant | 1802161 | |
| | capital assets purchase | 522200 | |
| | **Fund Utillization during this period** | **17513231** | **12797944** |
| | closing balance | | |
| | FAO Grant AC 010600001221-524 | 0 | 2223 |
| | HFHN Grant AC 010600001843-524 | 658942 | |
| | OPSF Grant AC 010600000352-524 | 4891 | 3223 |
| | FF AC 010000043050-524 | 3546823.35 | 783 |
| | TAF Grant AC 010600001660-524 | 40257 | 9072 |
| | **Closing balance l** | **4250913.35** | **15301** |
| | **Adjustment** | | |
| | Previous liability | 64283 | |
| | payable | -497489 | -64283 |
| | Advance | -53650.00 | |
| | **Total** | **-486856** | **-64283** |

Finance Manager    General Secretory    Treasure:    Redg Auditor

Rastriya Dalit NetworK (RDN) Nepal
Central Office, Dhangadhi, Kailali
F.Y. 2078-4-1/2079-3-31

## Income & Expenditure

| Income | Index | FY.2078/089 | FY.2077/078 |
|---|---|---|---|
| FAO Grant | 1 | 505450 | |
| HFHN Grant | 1 | 2219915 | |
| OPSF Grant | 1 | 3135915 | |
| The Freedom Fund Grant | 1 | 12902701.35 | |
| UNDP Grant | 1 | 744660 | |
| TAF Grant | 1 | 1753346 | |
| **Total** | | **21261987.35** | **12527462** |

| Expenditure | Index | FY.2078/089 | FY.2077/078 |
|---|---|---|---|
| FAO Grant | 2 | 505450 | |
| HFHN Grant | 3 | 1274882 | |
| OPSF Grant | 4 | 3427237 | |
| The Freedom Fund Grant | 5 | 9028351 | |
| UNDP Grant | 6 | 952950 | |
| TAF Grant | 7 | 1802161 | |
| Program under conducting | | 4270956.35 | |
| Total | | 21261987.35 | 12527462 |

Finance Manager General Secretory Treasure: Redg.Auditor

# अनुसूची २ः

## राष्ट्रिय हरवाचरवा अधिकार मञ्च

केन्द्रीय कार्यालय, सिराह (लाहान) नेपाल

### प्रेश विज्ञप्ती

सन्दर्भः अन्तराष्ट्रिय श्रमिक दिवश (१ मे, २०२२)

नेपालको संविधानको धारा २९ शोषणविरुद्धको हक अन्तरगत उपधारा (३) मा कसैलाई पनि बेचविखन गर्न, दास वा बाँधा बनाउन पाइैन् छैन र उपधारा (४) मा कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन पाईने छैन भने धारा ४० को उपधारा (५) र (६) मा दलितहरूलाई एक पटक जमिन र आवास उपलब्ध गराउने मौलिक हकको व्यवस्था गरेको छ। नेपालको संविधान र कानूनबाट प्राप्त हकअधिकारको समान उपभोगको अवसर सबै नेपाली जनताको समान अधिकार भएपनि विगत लामो समयदेखि समाजमा ब्याप्त हलिया, कमैया तथा कमलरी प्रथाको सरकारकातर्फबाट मुक्तिको घोषणा गरी पुनःस्थापनाका कामहरू समेत अन्तिम चरणमा पुगेको छ। तर उस्तै प्रकृतिको नेपालको पुर्वी तराई-मधेशमा विद्यमान हरवाचरवा प्रथा कायम नै रहेको छ। नेपाली समाजमा विद्यमान सामन्तवादको अवशेषमध्ये मुक्त हुन बाँकी यही प्रथा मात्र रहेको छ।

बाध्यात्मकरूपमा अरूको घरमा ऋण, जमिन वा पछि अन्नपात पाउने शर्तमा काम गरिरहेका कृषि मजदूरहरूमध्ये खेत जोत्नेलाई हरवा भनिन्छ भने गाईवस्तु चराउनेलाई चरवा भनिन्छ। यस्ता हरवा/चरवाले एकातर्फ उचित ज्याला पाउँदैनन् भने अर्कोतर्फ धेरैले बाबु/बाजेले कुनै जमानामा कुनै व्यक्तिसँग लिएको ऋणको ब्याजबापत काम गरिदिनुपर्ने बाध्यता छ। विडम्बना त यो छ कि जसको घरमा पुस्तौँदेखि उनीहरू ऋण चुक्ताका लागि श्रम गरिरहेका हुन्छन्, तिनैलाई ऋण कति थियो र कति समय श्रम गरेपछि त्यो कट्टा हुन्छ भन्नेसमेत जानकारी हुँदैन। यस अर्थमा हरवाचरवा पुस्तौँदेखि न्यायिक ज्यालाबिनै श्रम गर्न बाध्य छन्। सन्

२०१३ मा आइएलओले गरेको अध्ययन अनुसार हरवाचरवाको संख्या एक लाख भन्दा बढी भएको अनुमान गरिएको छ। हाल द फ्रिडम फण्ड तथा सिएसआरसिले गरेको अध्ययनले हरवाचरवा अनियमित ऋणका कारण अझैपनि बँधुवाको रूपमा रहेको तथ्य हाम्रो सामु छ।

यसै सन्दर्भमा अन्तराष्ट्रिय श्रमिक दिवश १ मे, २०२२ को अवसरमा नेपालमा कृषि बधुवा मजदुरको क्षेत्रमा सरोकार राख्ने निति निर्माता, राजनितिक दलहरू, सरकारी निकाय, नागरिक समाज, पत्रकार, मानवअधिकारकर्मी र राष्ट्रिय हरवाचरवा अधिकार मञ्चका स्थानीय, जिल्ला र केन्दीय स्तरका सम्पुर्ण प्रतिनिधीहरू लगायत मधेसप्रदेशका ८ वटा जिल्लामा रहेका आम १ लाख भन्दा बढी हरवाचरवा समुदयलाई शुभकामना व्यक्त गर्न चाहन्छौ ।

अन्तमा हालै नेपाल सरकार संघीय भूमि ब्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयद्धारा गठित मुक्त कमैया, कम्लहरी, हललया र हरवाचरवाको बस्तुस्थिती अध्ययन समितिको अध्ययन प्रतिवेदन, २०७८ का सिफारिशहरूलाई तत्काल कार्यान्वयनका लागि नेपाल सरकारसँग जोडदार माग गर्दछौ ।



श्री दशन मण्डल
केन्द्रीय अध्यक्ष,
राष्ट्रिय हरवाचरवा अधिकार मञ्च
मिति : २०७८ कार्तिक १७ गते

दलित अधिकार, भूमि अधिकार र मानव अधिकारका लागिः

# राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल

केन्द्रीय कार्यालय, धनगढी-५, हसनपुर कैलाली

## प्रेश विज्ञप्ती

## बधुवा मजदूर मुक्त नेपाल एक ऐतिहासिक उपलब्धी

राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल वि.सं.२०५७ भाद्र ६ गतेका दिन दलित समुदायका बहुआयामिक समस्याहरुको दीर्घकालिन समाधानका लागि जातीय छुवाछूत र भेदभाव विनाको अर्को नेपाल संभव छ, आउनुहोस निर्माण गरौं भन्ने मूल नाराकासाथ स्थापना गरिएको थियो। RDN नेपालको स्थापनमा उठाएका कतिपय मुद्दाहरु स्थानीय हुँदै राष्ट्रिय अनि अन्तराष्ट्रियकरण भई सही ढंगले संबोधन भएका छन् । हलिया मुक्ति तथा पुनःस्थापना पश्चात उस्तै समस्याका रुपमा रहेको पूर्वी नेपालको हरवाचरवाको मुक्तिको आन्दोलनमा RDN नेपालको नेतृत्वदायी भूमिकाका कारण यही २०७९ श्रावण २ गते सम्माननीय प्रधानमन्त्रीज्यूले नेपाल सरकारका माननीय मन्त्रीहरु, माननीय साँसदहरु, संवैधानिक आयोगका प्रमुख तथा प्रतिनीधिहरु, उच्च पदस्थ कर्मचारीहरुसहित हलिया, कमैया तथा हरवाचरवा आन्दोलनका अगुवाहरुको उपस्थिति रहेको एक भव्य समारोहका बीच अनुचित ऋणको खारेजीसहित हरवाचरवा मुक्तिको घोषणा गर्नु भएको छ। हरवाचरवाको मुक्तिको घोषणासँगै अब नेपालमा सामन्तवादका अवशेषहरुका रुपमा रहेको प्रथाहरु औपचारिकरुपमा अन्त्य भएका छन र नेपाल बधुँवाप्रथा मुक्त राष्ट्र भएको छ। RDN नेपालले स्थापनाकालदेखि नै कमैया, हलिया तथा हरवाचरवाप्रथाको अन्त्य गर्ने लक्षकासाथ आन्दोलनको निर्माण गरेको हुनाले यो वर्षको स्थापना दिवसका सन्दर्भमा गौरव अनुभूति गर्दै देशैभरिका मुक्त कमैया, कम्लरी तथा हलिया विशेषगरी हरवाचरवाप्रथाको जीवन व्यथित गर्नु भएका दाजुभाइ तथा दिदिबहिनीहरुप्रति हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छौं ।

यस ऐतिहासिक दिवसका सन्दर्भमा सर्वप्रथम नेपाल सरकारलाई हरवाचरवा पुनःस्थापना तथा कमैया कमलरी तथा हरलियाहरु जो अझै पुनःस्थापना हुन बाँकी छन _ उनीहरुको पुनःस्थापनाका लागि संविधानसभा सदस्य श्याम श्रेष्ठको संयोजकत्वमा गठित मुक्त कमैया, कम्लहरी, हलिया र हरवाचरवा सम्वन्धी वस्तुस्थितिको अध्ययन प्रतिवेदन २०७९ को अक्षरसः कार्यान्वन गर्न जोडदार माग गर्दछौं । साथै एक कार्यान्वयन संरचनाको गठन गरी आगामी निर्वाचन पूर्व मुक्त हरवाचरवाको तथ्याँक संकलन गर्ने काम सम्पन्न गर्न माग गर्दछौं । साथै, आफ्नो हकहितका लागि जसरी मुक्तिको आन्दोलनमा बन्धनको प्रवाह नगरी सक्रीयतापूर्वक त्याग गर्नु भयो त्यसैगरी पुनःस्थापनाको आन्दोलनमा अझ सशक्त रुपमा एक भएर लाग्न मुक्त हरवाचरवा, हलिया तथा कमैया र कम्लरी आन्दोनका अगुवाहरुलाई आव्हान गर्दछौं । र यस आन्दोलनमा स्वदेश तथा विदेशबाट सहयोग गरिरहनु हुने न्यायप्रमी समुदायमा अझ फदायी साथ र सहयोगको लागि आव्हान गर्न चाहन्छौं । साथै पुनःस्थापनाका काममा निरनतर निगरानी गर्न मानवअधिकार तथा न्यायका पक्षधर सम्पूर्ण राजनीतिक दल, स्थानीय जनप्रतिनीधिहरु, नागरिक समाज, प्राध्यापक, शिक्षक, वकिल तथा संचारकर्मी मित्रहरुलाई अनुरोध गर्न चाहन्छौं । आज राष्ट्रिय दलित नेटवर्क (RDN) नेपालको २२औं स्थापना दिवसको अवसरमा यसका संस्थापकहरु, सामाजिक रुपान्तरणको अभियानका साझेदारहरु, आबद्ध महासंघ, नेटवर्क तथा एलाइन्सहरु, मानवअधिकार तथा नागरिक सँगठनका अगुवाहरु, दलित राजनीतिक सँगठनहरु, दलित एक्टिभिष्टहरु, RDN नेपालका सबै तहका साथीहरु र आम दलित समुदायप्रति हार्दिक आभार व्यक्त गर्दै दलित अधिकार दशक २०३० को अभियानमा सदाझैं पक्तिबद्ध हुन आव्हान गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

मितिः २०७९/०५/०६

**गणेश बि.के.**
केन्द्रीय अध्यक्ष

दलित अधिकार, भूमि अधिकार र मानव अधिकारका लागिः

# राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल

केन्द्रीय कार्यालय, धनगढी-५, हसनपुर कैलाली

## प्रेश विज्ञप्ती

नेपालमा दास प्रथाको रुपमा विद्यमान रहेको एक मात्र हरवाचरवा प्रथाको आज मिति २०७९ श्रावण २ गतेका दिन एक भव्य समारोहका बीच सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाज्यूले मुक्तिको घोषणा गर्नुभएको छ। कमैया मुक्तिको २२औं मुक्ति दिवसको सन्दर्भमा आयोजित कार्यक्रममा विशेष सन्देश मार्फत हरवाचरवा मुक्तिको घोषणा गरेर समुद्घाटन गरिएको थियो। 'मुक्त कमैया कम्लहरी मुक्त हलिया, हरवाचरवा सम्वन्धी वस्तुस्थिति अध्ययन समिति' ले गतः बैशाख ९ गते आफ्नो अध्ययन प्रतिवेदनको सिफारीशलाई समुचित ठहऱ्याउँदै भूमि ब्यवस्था, सहकारी तथा गरिबी निबारण मन्त्रीज्यूको सक्रिय पहलमा विद्यमान कमैया श्रम निषेध ऐन २०५८ अनुसार हिजो श्रावण २ गते हरवाचरवाको मुक्ति र ऋण र कागजात खारेजी सम्वन्धमा ऐतिहासिक घोषणा सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाबाट भएको छ। यो एउटा ऐतिहासिक महत्वको घोषणा हो। पुनर्स्थापनाको एकीकृत प्याकेजसहित हरवाचरवाको मुक्ति र पुनर्स्थापनाको कार्यलाई प्रभावकारी ढंगले अघि बढाउन सकिएमा यो एउटा त्यस्तो ऐतिहासिक पाइला हुनेछ जसले नेपालमा सम्पूर्ण रुपमा सामन्ती भूदास प्रथा वा बँधुवा श्रमको पुरापुर उन्मुलन सम्भव बनाउने छ। सर्वप्रथम नेपाल सरकारको यस ऐतिहासिक घोषणाको हाम्रो सँगठन राष्ट्रिय हरवाचरवा अधिकार मंच केन्द्रीय समितिका तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छौं। यस ऐतिहासिक घोषणाका लागि सम्माननीय प्रधानमन्त्रीज्यू तथा नेपाल सरकारका भूमिव्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रीज्यूलगायतलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं। साथै, यस घोषणा गराउन आफ्नो आफ्नो क्षेत्रबाट योगदान गर्नु हुने संचारकर्मी मित्रहरु, विभिन्न सहयोगी संघ/सँगठनहरु तथा नागरिक अगुवाहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छौं।

उक्त घोषणाप्रति हाम्रो सँगठनका तर्फबाट हामी निम्नानुसार दृष्टिकोण अघि सार्न चाहन्छौं : नेपाल सरकारका तर्फबाट हरवाचरवा मुक्तिको घोषणा गर्दा २० वर्ष

पुरानो कमैया निषेध गर्न बनेको ऐन २०५८ अनुसार गरिएको छ। सो ऐन अनुसार मुक्त कमैयाको पुनःस्थापना गरिएको थियो। तर सो ऐन अनुसार हरवाचरवाको पुनःस्थापनाको लागि सो ऐन कार्यान्वयन भएको थिएन। सो ऐन जारी भएपछि पनि २०६५ मा हलिया मुक्तिको घोषणा भएको थियो भने २०७० मा कमलरीको मुक्तिको घोषणा गरिएको थियो। कमैया, कमलरी तथा हलियाको मुक्ति भएको तर हरवाचरवाको मुक्तिको घोषणा नभएको भन्दै हरवाचरवा अधिकार मन्चको नेतृत्वमा विगत एक दशकदेखि ५ बुंदे सम्झौताहिन मागहरुसहित आन्दोलनमा निरन्तर संघर्षमा थियौं। हाम्रा मागहरु सहित नेपाल सरकार समक्ष पटक पटक ज्ञापन पत्र पेश गरेका थियौं। जसमा पहिलो, हरवाचरवाका नाममा रहेको अनुचित ऋण खारेजीसहित मुक्तिको घोषणा गरियोस। दोस्रो, हरवाचरवाको स्पष्ट तथ्याँक संकलन, प्रमाणीकरण र परिचय पत्र वितरण गरियोस।, तेस्रो, हरवाचरवाको पुनःस्थापना गर्दा कम्तिमा ५ कठ्ठा जमिन प्रदान गरियोस।, चौथो, काम, ज्याला, समानता, स्वतन्त्रतासहित शिक्षा, स्वास्थ्य र रोजगारीमा प्राथमिकता दिइयोस। र पाँचौं, हरवाचरवाको हरेक तहमा अर्थपूर्ण सहभागीता र समावेशीकरण गरियोस्।

कमैया निषेध गर्न बनेको ऐन २०५८ लागू भएपछि जारी भएको नेपालको संविधानको धारा २९ शोषणविरूद्धको हक अन्तरगत उपधारा (३) मा कसैलाई पनि बेचविखन गर्न, दास वा बाँधा बनाउन पाइैने छैन। र उपधारा (४) मा कसैलाई पनि निजको इच्छा विरूद्ध काममा लगाउन पाईने छैन। भने धारा ४० को उपधारा (५) र (६) मा दलितहरुलाई एक पटक जमिन र आवास उपलब्ध गराउने मौलिक हकको व्यवस्था गरेको छ। यसकासाथै सबैका लागि प्रयाप्त आवासको अधिकार नेपालको संविधानले सुनिश्चित गरेको मौलिक अधिकार हो। यसकासाथै मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८ ले आवासको अधिकारलाई प्रयाप्त जीवनस्तरको अधिकारको मान्यता दिएको छ। राज्यले सामाजिक न्याय तथा समावेशीकरण सम्बन्धी नीतिमा मुक्त कमैया, हलिया, कमलहरी तथा हरवाचरवा, भूमिहिन र सुकुम्वासीलगायतको पहिचान गरी बसोवासका लागि घरघडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन र रोजगारीका लागि स्पष्ट मार्गनिर्देशन गरेको छ। यही व्यवस्थाका आधारमा गत २०७८ मंसिर १७ गते संविधानसभाका सदस्य तथा नागरिक आन्दोलनका अगुवा श्याम श्रेष्ठ संयोजक र हरि श्रीपाइली, गणेश विश्वकर्मा, चन्द्रबहादुर सिवाकोटी र रेमानसिंह राना सदस्य रहेको ५ सदस्यीय

मुक्त कमैया कम्लहरी मुक्त हलिया, हरवाचरवा सम्वन्धी वस्तुस्थिति अध्ययन समिति गठन गरिएको थियो । राष्ट्रिय हरवाचरवा अधिकार मंचका अगुवाहरुसँगको समन्वयमा हरवाचरवा बाहुल्यता भएका ८वटै जिल्लामा गई विस्तृत प्रतिवेदन नेपाल सरकार समक्ष पेश गरिएपछि यो घोषणा गरेको हो भन्ने अर्थमा हामीले लिएका छौं ।

**नेपाल सरकारको घोषणा कार्यानवयनका लागि हाम्रा निम्न मागहरू रहेका छन :**

१. सर्वप्रथम हरवाचरवा मुक्तिको घोषणालाई कार्यान्वयन गर्न नेपाल सरकार भूमिब्यवस्था, सहकारी तथा गरिबी निबारण मन्त्रालयको अगुवाईमा विस्तारित कार्ययोजना निर्माण गरी मन्त्रीपरिषदबाट पारित गरेर पुनःस्थापनाको बजेटसहितको कार्ययोजना निर्माण गरियोस् ।

२. हरवाचरवा मुक्तिको घोषणालाई व्यवहारमा लागू गर्न हरवाचरवा प्रतिनीधि रहेको तत्काल अधिकार सम्पन्न केन्द्रीय तथा प्रदेश स्तरमा संरचना निर्माण गरियोस ।

३. सम्माननीय प्रधानमन्त्रीज्युबाट गरिएको ४ बुंदे घोषणालाई संकल्प प्रस्तावका रुपमा सार्वभौम व्यवस्थापिका संसदबाट पारित गरियोस ।

४. संघ, प्रदेश सरकार तथा स्थानीय तहसँगको सहयोग, सहकार्य तथा समन्वयमा मुक्त हरवाचरवाको वास्तविक तथ्याँक संकलन गरी उनीहरुलाई परिचय पत्र प्रदान गरियोस ।


५. अध्ययन प्रतिवेदनमा उल्लेख भएबमोजिम मुक्त कमैया, कम्लहरी, हलिया र हरवाचरवा सम्वन्धमा विस्तृत कार्ययोजना र नीति बनाएर, साथसाथै, यी सबैलाई मन्त्रीपरिषदले पीरत गरेर, त्यसलाई लागू गर्ने कानुन अनुसारका प्रभावकारी संरचना समेत बनाइयोस ।

६. मुक्त घाषित मुक्त हरवाचरवाको सम्पूर्ण शान्ति सुरक्षाको व्यवस्था गरियोस ।

मिति २०७९ श्रावण २ गतेको ऐतिहासिक घोषणाको कार्यान्वयनका लागि मुक्त कमैया, कमलरी तथा हलियाको पुनःस्थापनाबाट शिक्षा लिदै द्रूत गतिका साथ पुनःस्थापनाका सम्पूर्ण कामहरु पूरा गर्न नेपाल सरकार, सम्बन्धित निकाय तथा सम्पूर्ण सरोकारवालाहरुमा सहयोगको लागि आवहान गर्दछौं ।



गणेश वि.के.
मिति : २०७९ श्रावण ३ गते
केन्द्रीय अध्यक्ष



मिति : २०७९/०६/१०६ गते

श्री अध्यक्ष ज्यू
राष्ट्रिय भूमि आयोग
सिरहा

विषय : उठीबास रोकी पाउँ बारे ।

बस्ने थातथलो कतै नपाएपछि हामी करिब चार पुस्तादेखि तत्कालीन भवानीपुर प्र.ध. गा.वि.स. अन्तर्गत पर्ने हाल धनगढीमाई नगरपालिका १ र ११, छपराढी बजारसँगै करिब एक सय मिटर दक्षिणतर्फ सडकसँगै पूर्वपट्टि टाँसिएको ऐलानी जग्गामा ११ घरधुरी बसोवास गर्दै आइरहेका छौं । इँटा भट्टा, गाउँघरमा कृषि मजदूरी, भारतको विभिन्न प्रान्तमा काम गरेर जीविका चलाउँदै आएका हाम्रो झुपडी बनाउने आफ्नो स्वामित्वको जग्गा कतै नभएकाले सडक किनारमा बसोवास गर्नु हाम्रो रहर नभई बाध्यता हो ।

नेपालको संविधान २०७२ मा एक पल्टलाई जग्गाविहीनलाई जग्गा र आवासविहीनलाई आवास दिने व्यवस्था, स्थानीय सरकार संचालन ऐन २०७४ मा समेत आफ्नो स्थानीय तहको सीमाभित्र रहेका भूमिहीन, सुकुम्वासीहरुको लगत संकलन गरी एकीकृत व्यवस्थापन गर्ने व्यवस्था रहेकोतर्फ ध्यानाकर्षण गराउँछौं । साथै, पछिल्लो पल्ट नेपाल सरकारले संवैधानिक व्यवस्था कार्यान्वयन गर्ने क्रममा राष्ट्रिय भूमि आयोगमार्फत् भूमिहीन दलित, भूमिहीन सुकुम्वासी, अव्यवस्थित बसोवासी, हरवा चरवाका लागि बसोवास गर्दै आइरहेको जग्गा नापी गरी प्रकृया पुर्‍याएर जग्गाधनी पूर्जा वितरण गर्दै आएको छ । दलित, भूमिहीन, सुकुम्वासीहरुको उल्लेख्य बसोवास रहेको मधेस प्रदेशको धनगढीमाई नगरपालिकाले नै सिंगो प्रदेशमा पहिलो स्थानीय तहको रुपमा भूमिहीन दलित, भूमिहीन सुकुम्वासीलाई जग्गाधनी दर्ता प्रमाणपूर्जा बाँडेपछि हाम्रो पनि स्थायी र सुरक्षित बसोवास हुने कुरामा विश्वस्त थियौं । तर सडक विस्तार र नाला निर्माण गर्न सडक क्षेत्रभित्र परेको भन्दै हाम्रो ११ घरको बस्ती खाली गर्न दिइएको सूचनाले चिन्तित भएका छौं ।

राष्ट्रिय भमि आयोगको भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीलाई जग्गाधनी दर्ता प्रमाण पूर्जा दिने अभियानमा नगर कार्यपालिका, नगर प्रमुख, नगरका जनप्रतिनिधिहरु सबैले प्राय: औपचारिक कार्यक्रमहरुमा भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीलाई जगाधनी प्रमाणपूर्जा दिएर स्थायी र सुरक्षित बसोवास गराउने, जोखिमयुक्त र असुरक्षित बसोवास गरिरहेकाहरुलाई सुरक्षित बसोवासका लागि नगरको उपयुक्त ठाउँमा स्थानान्तरण गरिने प्रतिबद्धता कार्यान्वयनका लागि पहल गरिदिन आग्रह गर्दछौं ।

श्यामसुन्दर सदाय
अध्यक्ष
हरवा चरवा अधिकार मन्च, सिरहा

पीडितहरु

# राष्ट्रिय कृषि बंधुवा मजदुर संघर्ष समिति

मितिः२०७९ असार १८ गते

## प्रेस विज्ञप्ती

नेपालमा अझै पनि दास प्रथाको अवशेषका रुपमा रहेका कमैया प्रथाको २०५७ साल साउन २ गते सरकारले मुक्तिको घोषणा गरेको २२ वर्ष पूरा भएको छ भने हलिया मुक्तिको घोषणा २०६५ साल भाद्र २१ गते गरिएको १४ वर्ष पुग्दैछ। मुक्त कमैया मुक्त हलिया हरु को मुक्तिको घोषणा पश्चात हालसम्म३२५०९ कमैया परिवार तथा १४७७५ हलिया परिवारले परिचयपत्र प्राप्त गरेका छन्। जसमध्ये हालसम्म २५१९५ मुक्त कमैया परिवारले पूनर्स्थापनाको लागि २ धुर देखी ५ कट्ठासम्म जग्गा पाएका छन। त्यसैगरी १३५४६ मुक्त हलिया परिवारले पूनर्स्थापनाको प्याकेज पाएका छन। अझै पनि बहुसंख्यक हलिया र कमैया परिवारहरु पहिचान र प्रमाणीकरण हुनवाट छुट भयेका छन। पुर्नस्थापना प्याकेज प्राप्त गरेका कमैया र हलिया परिवारहरु पनिव्यवस्थित र एकिकृत कार्यवन्यनको अभावमा शिक्षा, स्वास्थ्य रोजगारी, जिविको पार्जनका उपायहरु नहुँदा आधुनिक दासत्वको उच्च जोखिममा रहेका छन्।

पूर्वी तराईकाबारा देखि सुनसरी सम्मका ९ जिल्लाहरुमा करिव १ लाखभन्दा बढी जमिन्दार वा गृहतका घरमाऋण लिई चर्को ब्याज वापत विना ज्याला बाधा श्रमीकका(हरवाचरवा)का रुपम ाकाम गर्दै आएका छन्। संघीय लोकतान्त्रिक गणतान्त्रिक शासन व्यवस्था भएको मुलुकमाअहिलेसम्म पनि दास प्रथाको अवशेषका रुपमा रहेको हरवाचरवा बँधुवा श्रमिकका रुपमा रहि रहनु मानवअधिकार र संबिधान प्रदत्त मौलिकहकहरुको गम्भीर उल्लघंन हो। संविधानको मर्म र भावनाअनुरुप सामन्तवादका अवशेषका रुपमा हरवा चरवा, मुक्त कमैया कमलहरी र हलियाका वस्तुस्थिती तथा अवस्था अध्ययन गर्न भूमि ब्यवस्था सहकारी तथा गरिबी निबारण मन्त्रालयद्वारा २०७८ सालमा अध्ययन समिति गठन गरिएको थियो। उक्त समितिले सरोकारवालाहरु, पिडित समूदायहरुको स्थलगत अध्ययनको आधारमा बस्तु स्थिती तथा अबस्था अध्ययन गरी स्थानीय प्रदेश र संघीय सरकार लाई हालको अबस्था

र कार्यका सन्दर्भमा नेपाल सरकार सँग उनिहरुको ऋण खारेजी सहितमुक्ति, पहिचान र पूर्ण पुनस्थापनाका निम्ति सिफारिस गरेको छ ।

यसै सन्दर्भमा कृषि बधुवा मजदुरहरु (मुक्त भईसकेका तर छुट रहेका कमैया र हलियाहरु र मुक्त हुन बाँकी हरवाचरवा) हरुको पहिचान, मुक्ति र न्यायिक पुर्ण पूनर्स्थापनाका लागि विद्यमान संजालहरु राष्ट्रिय हरवा चरवाअधिकार मन्च, राष्ट्रिय मुक्तहलिया समाजमहासंघ र मुक्तकमैया समाजको राष्ट्रिय स्तरमा एकिकृत सञ्जाल राष्ट्रिय कृषि बँधुवा मजदुर संर्घष समिती गठन गरिएको छ । उक्त सँगठनका तर्फवाट निम्न लिखितमागहरु तत्काल पूरा गर्न नेपाल सरकारसँग यो प्रेस विज्ञप्ती मार्फत जोडदार माग गर्दछौं ।

हाम्रा साझा मागहरू:

१. पूर्वी तराईका बारा देखि सुनसरी जिल्लासम्म रहेका हरवाचरवा समुदायको हालसम्म मुक्तिको घोषणा नभएकाले तत्काल ऋण खारेजी गरि मुक्तिको घोषणा सहित न्यायिक पूनर्स्थापनाको कार्य थालनी गरियोस्,
२. सुदूरपश्चिम कर्णाली र लुम्बिनी प्रदेशमा रहेका छुट मुक्त कमैया, हलिया र कमलरीको पहिचान, प्रमाणीकरण गरि न्यायिक पूनर्स्थापना गरियोस
३. कृषि बधुवा मजदुरहरुः हरवाचरवा, मुक्त हलिया तथा मुक्त कमैयाको शिक्षा, स्वास्थ्य र रोजगारीको अधिकारहरु सुनिश्चित गरियोस,
४. विघमान असमान ज्याला अन्त्य गर्दै समान कामको समान र न्यायोचित ज्याला सुनिश्चितता गरियोस,
५. तीनै तहका शासनका नीति निर्माण प्रक्रियामा समन्यायिक (न्यायपूर्ण) र अर्थपूर्ण प्रतिनिधित्व र आवाजको सुनिश्चितता गरियोस,
६. नीती तथा कार्यक्रम निर्माण र कार्यान्वयन गर्दा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकहरुको अधिकारलाई केन्द्र बिन्दुमा राखि सम्बोधन गरियोस,
७. विद्यमान कमैया (बाँधा) श्रम निषेध ऐन २०५८ ले नेपालभरी छरिएर रहेका कृषिमा आधारित बाधा श्रमीकहरुको पहिचान, मुक्ति र पुनःस्थापनाको मुद्धालाई सम्बोधन गर्न असफल भएकोले तत्काल सबै बाधा श्रमीकहरुलाई सम्बोधन गर्ने गरि एकिकृत वाँधाश्रम निषेध ऐन निर्माण गरियोस ।

राष्ट्रिय कृषि बंधुवा मजदुर संघर्ष समितिल उठाएका मागहरु नेपाल सरकारले समयमै सम्बोधन नगरेको खण्डमा सशक्त आन्दोलन गर्ने कुरा जानकारी गराउदै यसबाट पर्न जाने असरप्रति सरकारले नै जिम्मेवार हुनु पर्ने कुरा समेत सचेत गराउन चाहन्छौ । हामीलेसाझा रुपमा उठाएका मागहरु प्रति ऐक्यबद्धता जाहेर गर्दै सहयोगका लागि सम्पुर्ण सरोकारवालालाई हार्दिक अपिल गर्दछौ ।

**राष्ट्रिय कृषिबँधुवामजदुर संर्घष समिती को तर्फबाटः**

१. संयोजकःदशन मण्डल, राष्ट्रिय हरवाचरवाअधिकार मञ्च
२. सहसंयोजकः राजुरामभुल, राष्ट्रियमुक्तहलिया समाजमहासंघ नेपाल
३. सदस्य सचिवःपशुपती चौधरी, मुक्तकमैया समाज
४. सदस्यःलागिन्द्र सदा,राष्ट्रिय हरवाचरवाअधिकार मञ्च
५. सदस्यः राजवती मण्डल, राष्ट्रिय हरवाचरवाअधिकार मञ्च
६. सदस्यः टीका नेपाली, राष्ट्रिय मुक्तहलिया समाजमहासंघ नेपाल
७. सदस्यः हरीचन्द्र चौधरी, मुक्तकमैया समाज
८. सदस्यःबिरूनीथारू, मुक्तकमैया समाज
९. सदस्यःतुलाराम सार्की, राष्ट्रिय मुक्तहलिया समाजमहासंघ नेपाल

# राष्ट्रिय हरवाचरवा अधिकार मञ्च

## केन्द्रीय कार्यालय, सिराह (लाहान) नेपाल

मितिः २०७८ माघ १७ गते

## प्रेश विज्ञप्ती

राष्ट्रिय हरवाचरवा अधिकार मञ्चका केन्द्रीय सचिव श्री मोहमद कासिम मियाकी धर्मपत्नी वर्ष ५० कि सकिला खातुनको मिति २०७८ माघ ०७ गतेका दिन असमायिक निधन भएकोले हार्दिक श्रद्धान्जली ब्यक्त गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौ । साथै निजको मृत आत्माले शान्ति पाओस भन्ने कामना समेत गर्न चाहन्छौ ।

सिराहा जिल्ला लक्ष्मीपुर गाऊँपालिका वडा नं= २ घरभई हरवाचरवा मुक्ति र स्वतन्त्रताको अधिकारमा लामो समयदेखि क्रियाशिल अभियान्ता मोहमद कासिम मियाकी जीवनसंगिनी स्वर्गिय सकिला खातुनले कोभीड १९ बिरूद्धको दोश्रो डोज खोप लगाएर घर आए पछि अकस्मात सोही दिन मृत्यु भएको थियो ।

नेपालको प्रदेश नं= २ अन्तरगत पुर्वी तराईका ८ वटा जिल्लाहरु सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सामा अझैसम्म पनि दाश प्रथाको अबशेषको रुपमा रहेको कृषी बधुवा श्रम हरवाचरवा प्रथा अझैसम्म पनि कायमै रहेको छ। साथै हरवाचरवाहरु सबैभन्दा बढी कोभीड १९ को मारमा परेका छन । समाजमा अति सिमान्तकृत र बंचितीकरणमा रहेको समुदाय हरवाचरवाको कोभीड १९ को तेश्रो लहर चलीरहेका बेला एक्कासी सकिला खातुनको मृत्यु भएकोले मृतकका परिवारलाई राहत उपलब्ध गराउनका लागि सम्बन्धित निकायसँग जोडदार माग समेत गर्दछौ ।

| | |
|---|---|
| मोहन ओड | दशन मण्डल |
| कार्यवाहक अध्यक्ष | अध्यक्ष |
| राष्ट्रिय दलित नेटवर्क | राष्ट्रिय हरवाचरवा अधिकार मञ्च |

मिति :-२०७९ साल मंसिर १६ गते

## प्रेश विज्ञप्ती

मिति २०७९ साल मंसिर १२ गतेका दिन बैतडी जिल्ला पञ्चेश्वर गा.पा.वडा नं.४ निवासी धन बहादुर लुहारको छोरी वर्ष २१ की माया लुहार र निजको भतिजी १५ वर्ष नेहा लुहार घरबाट निस्केको २४ घण्टा नबित्दै माया मृत अवस्थामा फेला परेकी थिन भने नेहा लुहार सख्त घाइते अवस्थामा फेला परेकी थिइन । घटनाको प्रकृती हेर्दा निज मृतक मायाको विभत्स हत्या भएको घटना प्रति घोर भर्त्सना गर्दछौं । घटनामा संलग्न दोषी पत्ता लगाई कानूनी कारवाही गर्न जोरडार माग गर्दछौं साथै मृतक माया लुहारको परिवारलाई क्षतिपूर्ति सहित न्याय दिलाउन र शख्त अवस्थामा घाइते भएकी नेहा लुहारको निशुल्क उपचार सहित दोषी माथी हदै सम्मको कानूनी कारवाही गर्न प्रहरी प्रशासन, स्थानिय, प्रदेश र केन्द्रीय सरकार सँग जोरडार माग गर्दछौ साथै सम्पूर्ण राजनितीक दल तथा जनप्रतिनिधी, मानव अधिकारकर्मी, संचारकर्मी, सामाजिक संघ संस्था लगायत सवैमा न्याय दिलाउन पहल गरी दिन अपिल गर्दछौं । घटनाको अनुसन्धान र सत्य तथ्य पत्ता लगाउन ढिलासुस्ती वा लापरवाही गरे कडा आन्दोलन गर्ने यसै प्रेश विज्ञप्ती मार्फत जानकारी गराउँदछौ ।

### तपसिल

१. चक्र बहादुर वि.के अध्यक्ष NNDSWO कैलाली

२. देव बहादुर वि.क.सचिव गै.स.स.महासंघ कैलाली

३. सविना सुनार अध्यक्ष दलित महिला संघ (फेडो)

४. पार्वती आग्री राष्ट्रिय दलित नेटवर्क (आर. डि. एन.)

५. श्याम सुनार सह इन्चार्ज नेपाल दलित मुक्ती संगठन सु.प.

६ खडक बहादुर विश्वकर्मा दलित गै.स.स.महासंघ(सु.प.संयोजक)

७. शर्मिला बागचन्द अध्यक्ष संघियं दलित मुक्ती मोर्चा.

८. अमृत वि.सी. दलित अगुवा धनगढी

९. गणेश नेपाली, दलित साहित्य सोपान, धनगढी

१०. लक्ष्मी वि.क. सचिवालय सदस्य नेपाल दलित मुक्ति अभियान

# अनुसूची ३ः
# सन् २०२२मा दलित अधिकारको अवस्था

**घटना १ः**

**जातीय विभेदले खुइल्याइरहेको लोकतान्त्रिक गणतन्त्रको रङ :**
**जेष्ठ २२, २०७९ सम्पादकीय कान्तिपुर**

नेपालमा जातीय भेदभाव र छुवाछुतलाई मुलुकी ऐन, २०२० ले नै वर्जित गरेको थियो । यसबीचमा त झन् प्रजातन्त्र पुनर्बहाली भयो, लोकतन्त्र आयोग सामन्ती व्यवस्थाको अवशेष मानिएको राजतन्त्र हटेर मुलुक गणतन्त्रमय भएकै डेढ दशक भैसक्यो । परन्तु यति धेरै उपलब्धिमूलक राजनीतिक उथलपुथलबीच पनि सामन्ती समाजमा रहेको जातीय विभेदको जरो भने उल्लेखनीय रुपमा हल्लिन सकेकै छैन । नेपाललाई छुवाछुत मुक्त घोषणा गरिएकै शनिबार १६ वर्ष पूरा भैसक्यो, जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ जारी भएकै पनि दशक नाघिसक्यो, तर पनि दलित भएकै कारण हुने अत्याचार रोकिएको छैन ।

लोकतन्त्र पश्चात् मुलुकका राजनीतिक र प्रशासनिक निकायहरुमा दलितहरुको प्रतिनिधित्व बढाइएको छ । समाजका तल्लो तहदेखि नै दलितहरुको राजनीतिक सहभागीता सुनिश्चित गरिएको छ । हरेक वडामै महिला दलित सदस्यका लागि एउटा कोटा छुट्याइएको छ । तर, उल्लेखित कानुनी तथा संरचनात्मक व्यवस्थाले मात्रै छुवाछुत तथा जातीय विभेद नरोकिएको यथार्थ यसबीचमा दलितहरुले भोग्नुपरिरहेको अमानवीय अपमान र तिरस्कारले प्रस्टै देखाउँछ । मुलुकलाई छुवाछुतमुक्त घोषणा गरिएयता मात्रै जातीय विभेदकै कारण तीन गैरदलितसहित ४४ जनाले ज्यान गुमाएका छन् । तीमध्ये अधिकांशको पछाडि अन्तरजातीय प्रेम र विवाह मुख्य कारण छन् । यसरी आज पनि प्रेममा जात तगारो बन्नु र त्यसले हत्या र मृत्युजस्ता शोकान्त घटना निम्त्याउनु हाम्रो सामाजिक चेतनामाथिकै ठूलो धब्बा हो ।

सन् २०२० मा संयुक्त राष्ट्र संघले गरेको सर्वेक्षणअनुसार ९७ प्रतिशत दलित यो समस्याबाट प्रताडित छन् । यसको अर्थ, मुलुकका करिब ४० लाख दलितमध्ये सवा लाखबाहेक सबैले कुनै न कुनै रुपमा विभेदको सामना गरेका छन् । र, विभेद

खेपेकामध्ये ७० प्रतिशतले समुदायमा समस्या नहोस भनेर उजुरी गर्दैनन् । यो पछिल्लो तथ्यांकले कानुन भएर पनि दलितका हकमा न्यायको प्रत्याभूति हुन कसरी सकिरहेको छैन भन्ने चित्र प्रस्तुत गरेको छ ।

विभेदको तह र स्वरुप फरक होला, हर क्षेत्रमा दलितहरुले विभेदको सामना गर्नु परिरहेकै छन । कति उच्च पदासीन दलितहरु पनि यस्तो मनोवैज्ञानिक त्रास बोकेर बाँच्न बाध्य छन् । यसरी मुलुकको ठूलो संख्याका नागरिकले सधैं विभेद भोग्नुपर्ने वा यस सम्बन्धी मनोवैज्ञानिक दबाबमा रहनुपर्ने अवस्था गणतन्त्र नेपालका लागि सबैभन्दा अशोभनीय कुरा हो । यो सामाजिक कलंकले खासमा नेपालीको राजनीतिक-नागरिक चेतलाई धूमिल तुल्याएको छ । २१ औं शताब्दीका दुई दशक बितिसक्दा पनि देशका हरेक सातमध्ये एक नागरिक कथित जात सोपानको जाँतोमा पिल्सिनुपर्ने यथार्थले हामी बाँचेको समयलाई मात्र प्रश्न गरिरहेको छैन, हामीले अपनाएको लोकतान्त्रिक गणतन्त्रकै रङ खुइल्याइ दिएको छ । हाम्रो राजनीतिक व्यवस्थाको उज्यालोलाई सामाजिक रुपमा विद्यमान यो तहको विभेदले छोपिरहेको छ । त्यसैले जुन दिन जातकै आधारमा विभेद भोग्नुपर्ने अवस्थाको अन्त्य हुन्छ, तब मात्र गणतन्त्र नेपालको लाभांश सबै नेपालीमाझ पुग्न सक्छ, र यो व्यवस्थामाथिको यस्तो ग्रहण हट्न सक्छ ।

छुवाछुतमुक्त राष्ट्र घोषणा, दलितहरुलाई विभिन्न क्षेत्र र निकायमा आरक्षण र जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन जारी गरेकै भरमा सरकारले दलितप्रतिको आफ्नो दायित्व सकिएको झैं ठानेको छ । राजनीतिक दलहरुले त आन्दोलन वा विद्रोहमा एउटा मुद्दा वा नारा बनाउन र चुनावका बेला भोट माग्न मात्र दलितहरुको उपयोग गर्दै आएका छन् । शताब्दिऔंदेखि समाजमा जरा गाडेर रहेको यो कुप्रथा अन्त्यका लागि सरकार र राजनीतिक दलहरुको विशेष प्रतिबद्धताको खाँचो छ । समाजका सबै तह र तप्काको सहभागीतामा बृहत र निरन्तर अभियान सञ्चालन गर्न अत्यावश्यक छ । तर, विशाल अभियानको त कुरै छाडौं, सरकारको वार्षिक बजेट र कार्यक्रममा समेत यो विषय सितिमिति पर्दैन, जसका कारण यो समुदायको सशक्तीकरण हुन सकेको छैन ।

राष्ट्रिय दलित आयोगको सर्वेक्षण अनुसार पहाडका ३६.७ र तराईका ४१.४ प्रतिशत दलितसँग घर बनाउने जमिन छैन । यही कारण दलित समुदायको गरिबी राष्ट्रिय

औसतभन्दा धेरै बढी अर्थात ३५ प्रतिशत छ। जनगणना-२०६८ अनुसार मुलुकमै ५२.४ प्रतिशत दलित मात्रै साक्षर छन्, जुन राष्ट्रिय औसतभन्दा साढे १३ प्रतिशत कम हो। तैपनि दलितहरुको जीवनस्तरमाथि उठाउन सरकार ठोस रुपमा प्रतिबद्ध देखिन्न। आगामी तीन वर्षभित्र दलितलाई आवास दिने भनेर घोषणा गरिए पनि त्यसका निम्ति बजेट विनियोजनसम्म नगरिनु यसैको दृष्टान्त हो।

दुःखलाग्दो पक्ष, आफैंले बनाएको कानुनको प्रचारप्रसार गरी यस अपराधबारे समाजलाई सचेत तुल्याउन सरकार उदासीन देखिन्छ। यो कुरीति अन्त्यका लागि दिलोज्यान दिनुपर्ने दलहरु उल्टो यस्ता घटनामा संलग्न आफ्ना नेता-कार्यकर्तालाई उन्मुक्ति दिलाउन मरिमेट्नसम्म लाज मान्दैनन्। २०६५ माघ १२ गते तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले जनताका नाममा सम्बोधन गर्दै केन्द्रदेखि गाविसस्तरसम्म छुवाछुत निगरानी केन्द्र स्थापना गर्ने घोषणा गरेका थिएस छुवाछुत अपराध हेर्ने छुट्टै इजलास स्थापना गर्ने भनेका थिए। यी घोषणालाई कार्यान्वयनमा लगिएको भए दलितको समस्या न्यूनीकरणमा उल्लेख्य प्रगति हुन सक्थ्यो। तर, यसबीचमा दाहाल दोर्होयाएर प्रधानमन्त्री बने। उनकै दलबाट बाबुराम भट्टराईले पनि सरकारको नेतृत्व गरेको अनेकौं पटक सत्ता साझेदारी गरेको उनको दल अहिले पनि सरकारमै छ, तैपनि यसबारे कुनै प्रगति भएको छैन। वास्तवमा सबै दलमा दलितका यस्ता सवालबारे उपेक्षाभाव छ। त्यही भएरै यस्ता विषय कार्यान्वयन नभएका हुन्।

युगौंदेखिको समस्या भएकाले झारा टार्ने कार्यक्रम वा सानातिना पहलले मात्र जातीय विभेदको जरो उखेल्न सम्भव छैन। त्यसैले सरकारले दलितको उत्थान र सशक्तीकरणका लागि दिगो प्रकृतिका ठोस कार्यक्रमहरु नै अघि सार्नुपर्छ। राजनीतिक दलहरुको राजनीतिक तथा सामाजिक मुद्दाको प्राथमिकतामा छुवाछुत तथा जातीय विभेदको विषयलाई अग्रपंक्तिमै राख्नुपर्छ। अनि, सरकार र राजनीतिक दलहरुले समाजका सबै तह र तप्कालाई साथ लिएर बृहत अभियान चलाउनुपर्छ। जिम्मेवार सबैको सुविचारित पहलमा लोकतान्त्रिक गणतन्त्रमा सबै नागरिकलाई सम्मानपूर्वक जीवन जिउने हकको प्रत्याभूति गरिनुपर्छ।

*स्रोत : कान्तिपुर, जेष्ठ २२, २०७१ सम्पादकीय*

**घटना २:**

**प्रेम, विवाह र पानी छोएको निहुँमा ४४ को ज्यान गयो : प्रकाश धौलाकोटी**

नेपाललाई छुवाछूतमुक्त घोषणा गरिएको शनिबार १६ वर्ष पूरा भएको छ। त्यस्तै नेपालले कानुनी रुपमा जातीय भेदभाव र छुवाछूत निषेध गरेको ५९ वर्ष र सबैप्रकारका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको पक्षराष्ट्र बनेको ५१ वर्ष बितेको छ। तर, दलितमाथि हुने अत्याचारको शृंखला भने उस्तै छ।

मुलुकको १४ प्रतिशत हिस्सा ओगट्ने दलित समुदाय अझै पनि छुवाछूतजस्तो अमानवीय अपमान र तिरस्कार सहन बाध्य छ। सरकारले जातीय विभेदलाई सामाजिक अपराधका रुपमा दण्डनीय बनाएपछि मात्रै जातीय विभेदकै कारण तीन गैरदलितसहित ४४ जनाले ज्यान गुमाएका छन्। तीमध्ये अधिकांशको पछाडि अन्तरजातीय प्रेम र विवाह मुख्य कारण छन्। सन् २०२० मा राष्ट्रसंघले गरेको सर्वेक्षणअनुसार ९७ प्रतिशत दलित जातीय विभेद र छुवाछूतबाट प्रताडित छन्। विभेद खेपेकामध्ये ७० प्रतिशतले समुदायमा समस्या नहोस भनेर उजुरी गर्दैनन्। प्रहरीमा जातीय भेदभाव र छुवाछूतका मुद्दाको संख्या वर्षमा ५० पनि नाघ्दैनन्। मुद्दामा गए समाजमा समस्या हुने डर देखाउँदै अधिकांशमा प्रहरीले मिलापत्र गरेर पठाउने गरेको छ।

अधिवक्ता प्रकाश नेपाली छुवाछूतमुक्त घोषणापछि दलितमाथि हुने विभेद झन भयावह बनेको बताउँछन्। 'पहिले छुवाछूत मात्रै थियो, त्यो विभेद धारामा, मन्दिरमा देखिन्थ्यो। तर, अहिले विभेदका स्वरुप फेरिएका छन, विभेदकै कारण धेरै दलितले ज्यान गुमाउनु परेको छ,' उनी भन्छन, 'अब हिजोको जस्तो छुवाछूत मात्रै छैन, विभेदका अनेक रुप छन। जस्तो, अन्तरजातीय विवाह अस्वीकार, नेतृत्व अस्वीकार र नीतिगत रुपमै बहिष्करण जारी छ। पहिले प्रत्यक्ष विभेद हुन्थ्यो, अहिले अप्रत्यक्ष विभेद धेरै छन्।'

राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विश्वकर्मा छुवाछूतमुक्त घोषणापछि संविधान र कानुनले जातीय भेदभावलाई दण्डनीय बनाएपनि व्यवहारमा विभेद कायम रहेको बताउँछन्। 'विभेदका अनेक रुप छन, दलित समुदायको हरेक मान्छे ममाथि विभेद हुने हो कि भनेर हरेक पल त्रसित भएर हिँडिरहेको हुन्छ,' उनी भन्छन्,

'मै पनि कार्यक्षेत्रमा आफैंमाथि विभेद हुन्छ कि भनेर डराउँछु, मानसिक रुपमा सधैं दबाबमा हुन्छु ।' दलित समुदायमाथि हुने विभेदका कारण राज्यले नै घाटा व्यहोर्नु परेको र त्यसको कुनै हिसाबकिताब नभएको उनको भनाइ छ ।

पूर्वसचिव एवं अर्थशास्त्री डा.मानबहादुर विकेका अनुसार दलितमाथिको जुन अपमान र गरिबी छ, त्यसले नेपालको कुल गार्हस्थ्य उत्पादनमा १० प्रतिशत असर पारेको छ । 'जबसम्म सरकार दलित समुदायमाथिको विभेद र छुवाछूतको अन्त्य गर्न तत्पर हुँदैन, तबसम्म न गरिबी सकिन्छ, न मुलुक समृद्ध बन्छ,' उनले भने । सरकारी दस्ताबेजमा अब जातकै आधारमा हुने भेदभाव र छुवाछूतजस्तो कुप्रथा बाँकी छैन । तर, व्याप्त विभेदको अन्त्य गर्न सरकारले कुनै चासो देखाएको छैन । सरकारले जारी गरेको आर्थिक वर्ष ०७९/८० को नीति तथा कार्यक्रम तथा बजेटमा जातीय भेदभाव र छुवाछूत अन्त्य गर्ने कार्यक्रम समेटिएका छैनन् । लेखक एवं विश्लेषक हीरा विश्वकर्मा भन्छन्, 'सरकारले यो वर्षमात्रै होइन, छुवाछूतमुक्त घोषणापछि कुनै पनि बजेटमा जातीय भेदभाव हटाउने खालका कार्यक्रम र बजेट ल्याएको छैन ।'

सरकारले ०६३ जेठ २१ गते छुवाछूतमुक्त घोषणापछि ०६४ मा दलितलाई निजामती सेवामा आरक्षणको व्यवस्था गर्‍यो । ०६८ मा जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन जारी गर्‍यो । तर, शताब्दीऔंसम्म कानुनी रुपमै लादिएको छुवाछूत हटाउन बजेट र कार्यक्रम भने छुट्याएन । 'सरकारले कानुन बनायो, तर कानुनको प्रचारप्रसार गरेन । छुवाछूत अन्त्य भएको घोषणा गर्‍यो । तर, छुवाछूत गर्नु हुदैन, यो अपराध हो भनेर गाउँ-गाउँसम्म जसरी सचेतना फैलाउनुपर्ने हो, त्यो गरेन,' विश्वकर्मा भन्छन, 'बरू कागजी घोषणा गरेर दलित समुदायलाई अल्मल्याउने, व्यवहारमा छुवाछूतलाई प्रोत्साहन गर्ने काम गरिरहेको छ।' राज्य सञ्चालनमा रहेका सबै व्यक्तिहरु नै विभेदकारी सोचबाट ग्रसित भएका कारण यतिका लामो समयसम्म पनि परिवर्तन आउन नसकेको उनको भनाइ छ ।

दलितका लागि अहिलेसम्म ल्याइएका सबै कार्यक्रम वितरणमुखी मात्रै छन् । संघ, प्रदेश र स्थानीय सरकार दलितलाई बजेट र अधिकार दिन तयार छैनन् । राष्ट्रिय दलित आयोगको सर्वेक्षणअनुसार पहाडका ३६.७ र तराईका ४१.४ प्रतिशत दलितसँग घर बनाउने जमिन नै छैन । सरकारले आगामी तीन वर्षभित्र दलितलाई आवास दिने भनेर घोषणा गरेको छ, तर बजेट विनियोजन भएको छैन । मुलुकको निरपेक्ष गरिबी दर

१६ प्रतिशतमा झरेको छ । तर, दलित समुदायको गरिबी ३५ प्रतिशत छ । 'कर्णाली र सुदूरपश्चिममा सबैभन्दा धेरै गरिबी छ, किनकि त्यहाँ दलितको जनसंख्या धेरै छ,' पूर्वसचिव विके भन्छन्, 'सरकारले गरिबी घटाउने लक्ष्य लिएको छ, तर दलितको जीवनस्तर उकास्ने कार्यक्रममा बजेट लगाउँदैन । अनि कसरी गरिबी दरमाथि उठ्छ जबसम्म सरकारले दलितलाई लगानी गर्दैन, तबसम्म गरिबी मासिँदैन ।'

सरकारले छुवाछूत अन्त्य र दलित सशक्तीकरणका कार्यक्रम ल्याए पनि तिनको कार्यान्वयन नहुने समस्या छ । वि.सं. २०६५ माघ १२ गते तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले जनताका नाममा सम्बोधन गर्दै केन्द्रदेखि गाविसस्तरसम्म छुवाछूत निगरानी केन्द्र स्थापना गर्ने घोषणा गरेका थिए । उनको सम्बोधनमा छुवाछूत अपराध हेर्ने छुट्टै इजलास स्थापनाको कुरासमेत समेटिएको थियो । तर, त्यो अहिलेसम्म घोषणामै सीमित छ । अहिले पनि दलित सांसद र अधिकारकर्मीले त्यही माग अघि सारिरहेका छन् । सरकारले गत कात्तिकमा दलितमाथि हुने अन्यायलाई विशेष सम्बोधन गर्न नेपाल प्रहरीमा दलित सेल स्थापना गर्न भनेको थियो । तर, प्रहरीले त्यस्तो दलित सेल अहिलेसम्म बनाएको छैन ।

जातीय छुवाछूतलाई दण्डनीय बनाएर ऐन जारी भएपछि प्रधानमन्त्रीको संयोजकत्वमा उच्चस्तरीय छुवाछूत उन्मूलन समिति गठन हुने प्रावधान बन्यो । तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराईले केही बैठक बसाएपनि त्यसपछि निष्क्रिय छ । ०७३ सालमा जातीय भेदभाव र छुवाछूत अन्त्य तथा दलित अधिकार प्रवर्द्धनसम्बन्धी पुनः कार्यविधि आयो । कार्यविधिले छुवाछूत अन्त्य गर्ने अभियान चलाउन प्रधानमन्त्रीकै संयोजकत्वमा उच्चस्तरीय समिति र जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा समन्वय समितिको व्यवस्था गरेको छ । तर, ती समिति अहिलेसम्म गठन नै भएका छैनन् ।

**घटना** ३.

**भूमिकाविहीन विकास समिति**

जातीय छुवाछूतको अन्त्य र दलित सशक्तीकरणका लागि ०५४ मा स्थानीय विकास मन्त्रालय अन्तर्गत गठन भएको उपेक्षित, उत्पीडित तथा दलित वर्ग उत्थान समिति

स्थापना पाँच वर्षदेखि भूमिकाविहीन छ । समितिको कार्यालय भाडा र कर्मचारीले तलब भत्ता खाइरहेकै छन् । तर, समितिको कार्यालयलाई कार्यक्रमिक बजेट दिएको छैन । समितिले दलित विद्यार्थीलाई छात्रवृत्ति, आयआर्जन, सचेतना, जागरण लगायत कार्यक्रमहरु सञ्चालन गर्ने गरेको थियो ।

प्रतिनिधिसभा सदस्य मीन विश्वकर्मा अब विकास समिति खारेज गरेर दलित विकास परिषद् गठन गर्नुपर्ने माग गर्छन् । 'दलित विकास समितिको कार्यक्षेत्र सीमित छ, त्यतिले मात्रै दलितको उत्थान र सशक्तीकरण सम्भव छैन,' उनले भने, 'हालै सर्वोच्च अदालतको आदेश बमोजिमको काम गर्ने गरी दलित विकास परिषद् गठन हुनुपर्छ ।'

बादी उत्थान समितिको अवस्था पनि पनि उस्तै छ । आमाको नाममा जन्मदर्ता र नागरिकता, छुवाछूतको अन्त्य, स्थायी बसोबास, यौन पेसाको अन्त्य र निःशुल्क शिक्षा लगायतका माग राख्दै बादी महिलाले ५ भदौ ०६४ मा सिंहदरबार अघि अर्धनग्न प्रदर्शन गरेका थिए । त्यसपछि भएको सहमतिबमोजिम ०६९ सालमा सरकारले स्थानीय विकास मन्त्रालयअन्तर्गत बादी समुदाय उत्थान समिति गठन गऱ्यो । तर, पाँच वर्ष बित्न नपाउँदै समिति योजना, कार्यक्रम र बजेटविहीन छ । सरकारले आर्थिक वर्ष ०७४/७५ देखि बजेट र कार्यक्रम दिएको छैन । विकास समितिका कर्मचारीले तलब खानेबाहेक कुनै काम छैन ।

सुदूरपश्चिम प्रदेशमा निर्वाचित बादी समुदायकै पहिलो सांसद उमा बादी भन्छिन्, 'संविधान र कानुनले समेटे । तर, सरकारले विगतमा भएका कार्यक्रमसमेत कटौती गरेर वादीलाई पुरानै अवस्थामा फर्काउने नियत देखाएको छ ।' नेपालगन्ज, घोराही र तुलसीपुरमा बादीको बाक्लो बस्ती छ । नेपालमा ९ हजार बादीहरु छन् ।

### बनेन दलित सेल

जातीय भेदभाव र छुवाछूतका मुद्दामा पीडितको पहिलो गुनासो हुन्छ- प्रहरीले जाहेरी नलिएको । त्यही गुनासो सम्बोधन गर्न गृहमन्त्री बालकृष्ण खाँणले गत कात्तिक ८ गते नेपाल प्रहरीलाई दलित सेल गठन गर्न निर्देशन दिएका थिए । तर, अहिलेसम्म दलित सेल बनेको छैन । त्यसो त छुवाछूत जोडिएका ठूला आपराधिक घटनामै पनि प्रहरीले पीडितको उजुरी लिन आनाकानी गरेको पुष्टि भएपछि संसद्को कानुन,

न्याय तथा मानवअधिकार समितिले २० जेठ ०७७ मै सरकार र नेपाल प्रहरीका अधिकारीलाई बोलाएर दलित सेल स्थापना गर्न निर्देशन दिएको थियो ।

अधिकारकर्मीहरु दलित मुद्दामा प्रहरी संवेदनशील नभएको गुनासो गर्छन् । 'प्रहरीले दलित समुदायमाथि हुने जातीय उत्पीडनको मनोविज्ञानलाई बुझ्दैन, अहिले जति उजुरी परेका छन्, सबैजसो घटनामा उजुरी गर्नकै लागि पनि दलितले धर्ना कस्नुपर्ने स्थिति छ,' सांसद पार्वती विशुंखे भन्छिन्, 'प्रहरीभित्र दलित सेल गठन हुँदा त्यस्तो संवेदनशीलता बुझेको जनशक्ति तयार गरौं, जसले विभेदका घटनामा जाहेरी दिन प्रोत्साहन गरोस, अनुसन्धान र कानुनी प्रक्रियामा बाधक होइन, सहयोगी बनोस ।' पहिलेभन्दा अवस्था सुध्रिए पनि दलितहरु पाइलैपिच्छे विभेद भोग्न बाध्य रहेको उनी बताउँछिन । 'सबैलाई उजुरी गर्नुपर्छ भन्ने थाहै छैन, हामी त्यस्तो अवस्थामा पीडितलाई कानुनी ज्ञान दिएरसमेत विभेदविरूद्ध न्याय दिलाउने प्रहरी सेल खोलून भनेका हौं । तर, त्यसको कुनै सुनुवाइ भएन,' उनले भनिन् ।

सन् २०२० मा संयुक्त राष्ट्रसंघले गरेको सर्वेक्षणअनुसार जातीय विभेद र छुवाछूत खेपेकामध्ये ७० प्रतिशतले समुदायमा समस्या नहोस् भनेर विभेदविरूद्ध उजुरी नै गर्दैनन । जो विभेदविरूद्ध उजुरी गर्न नेपाल प्रहरीसम्म पुग्छन्, प्रहरीले तिनको उजुरी लिँदैन । तर, नेपाल प्रहरीले भने अलग्गै दलित सेल गठन गर्नुपर्ने आवश्यकता देखेको छैन । प्रहरी प्रवक्ता एसएसपी विष्णुकुमार केसी अहिलेसम्म अलग्गै दलित सेल स्थापना नभएको स्वीकार्छन् । 'निर्देशन दिने निकायले आदेश त दिए, तर त्यो सुझबुझपूर्ण छैन । सेल गठन गर्ने भनेर मात्रै हुँदैन, त्यसका लागि उचित जनशक्ति र पूर्वाधार चाहिन्छ,' उनी भन्छन्, 'देशभर छुट्टै दलित सेल चलाउन हरेक कार्यालयमा पूर्वाधार र जनशक्ति दुवै व्यवस्थापन गर्ने कुरा सहज छैन । दलितका लागि छुट्टै सेल बनाउँदा भोलि आदिवासीले छुट्टै भन्ला, राउटेले माग्ला, माझीले माग्ला, हामीले क-कसका लागि कतिवटा सेल बनाउने ?'

सरकारले छुवाछूत मुद्दालाई सरकारवादी तथा फौजदारी मुद्दाका रुपमा सूचीकृत गरेको छ । ऐनले जातीय भेदभाव र छुवाछूतको कसुर गर्नेलाई एक महिनादेखि तीन वर्षसम्म कैद वा पाँच सय रुपैयाँदेखि २५ हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरेको छ । तर, अहिलेसम्म छिटपुट मुद्दामा बाहेक दोषीलाई कैद सजाय भएको छैन । छुवाछूतका मुद्दामा अदालतले पनि थोरै जरिवाना र क्षतिपूर्ति मात्रै तिराउने गरेको देखिन्छ ।

अधिवक्ता मोहन साशंकर जातीय भेदभाव र छुवाछूतका मुद्दामा प्रहरीले असहयोग गर्ने गरेको बताउँछन् । 'प्रहरीले प्रभावकारी अनुसन्धान र प्रमाण संकलन गर्दैन, जसकारण छुवाछूतको मुद्दामा प्रमाण नै पुग्दैन, आधाभन्दा धेरै मुद्दामा पीडकले सफाइ पाउँछन्,' उनले भने । जातीय विभेद र छुवाछूतसम्बन्धी कसुर हाल सरकारवादी र फौजदारी मुद्दा बन्छन् । यस्ता मुद्दामा प्रहरी र सरकारी वकिलले मुद्दाको अनुसन्धान र प्रमाण जुटाउने काम गर्छन् । प्रहरी र सरकारी वकिल नै पीडकको पक्षधर बनेर काम गरिदिँदा पीडितलाई न्याय पाउन सकस परेको अधिवक्ता साशंकर दाबी गर्छन् । तथ्यांक पनि त्यस्तै छ, पछिल्लो दशकमा अदालतसम्म पुगेका मुद्दामा कि त पीडकले सफाइ पाएका छन्, कि जरिवानामात्रै गरेर छोडिएको छ । आर्थिक वर्ष ०६६/६७ देखि ०७७/७८ सम्म जिल्ला अदालतहरुले ५ वटा मुद्दामा मात्रै न्यूनतम कैद सजाय तोके भने उच्च अदालतबाट २ मुद्दामा कैद सजाय भएको छ । जबकि यो अवधिमा मुद्दाको लगत ४ सय २२ थियो । 'जबसम्म अनुसन्धान अधिकारीले मुद्दाको संवेदनशीलता बुझेर प्रमाण जुटाउँदैनन्, तबसम्म जातीय भेदभावको मुद्दामा प्रमाण पुग्दैन, त्यो अजित मिजारको मुद्दामा होस् वा नवराज विकहरुकै मुद्दामा,' अधिवक्ता साशंकर भन्छन्, 'अजितको मुद्दामा उच्चअदालतबाट पनि सफाइ भइसक्यो । नवराजको मुद्दामा पटक-पटक गरेर ११ जना छुटी नै सके । यसबाट हाम्रो न्यायालय कस्तो छ भनेर छर्लंग हुन्छ ।'

### अन्तर्राष्ट्रिय निकायमा उजुरी गर्ने ढोका बन्द

नेपाल सबैप्रकारका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५ को पक्षराष्ट्र हो । पक्षराष्ट्रले त्यसको कार्यान्वयन नगरे सम्बन्धित देशका नागरिकले जातीय भेदभाव उन्मूलन समिति (सर्ड) मा उजुरी गर्न पाउँछन् । तर, नेपालमा भने नागरिकले त्यसरी उजुरी गर्न पाउने ढोका सरकार आफैंले बन्द गरेको छ । सबै किसिमका जातिभेद तथा रंगभेद उन्मूलन गर्ने अन्तर्राष्ट्रिय महासन्धि एक बाध्यकारी अन्तर्राष्ट्रिय मानवअधिकार कानुन हो । नेपालले सन् १९७१ मै महासन्धिको अनुमोदन गरेपनि ५१ वर्ष बित्दासमेत महासन्धिको धारा १४ बमोजिमको विशेष घोषणा गरेको छैन । त्यसबेला धारा ४, ६ र २२ मा राखेको आरक्षणसमेत कायम छ । धारा १४ ले महासन्धिमा उल्लेखित कुनै पनि अधिकारको उल्लंघन भए पीडित व्यक्ति वा नागरिकले राज्यपक्षविरूद्ध सर्ड समितिमा उजुरी गर्न सक्ने व्यवस्था

छ। सरकारले धारा १४ को व्यवस्था मान्ने घोषणा गरेर त्यसको जानकारी संयुक्त राष्ट्रसंघका महासचिवलाई बुझाउनुपर्छ, त्यसपछि मात्रै सर्डमा उजुरी लाग्छ।

सरकार महासन्धिको पक्षराष्ट्र बन्यो, त्यसको अनुमोदन पनि गऱ्यो। नेपालका संविधान र कानुनमा पनि जातीय भेदभाव र छुवाछूत अन्त्य भयो,' मानवअधिकारकर्मी भीम परियार भन्छन्, 'अन्तर्राष्ट्रिय समुदायले कागजमा हेर्दा नेपालमा जातीय भेदभाव नै देख्दैन, भेदभाव छ भनेर नागरिकले उजुरी गर्न पाउने सुविधा पनि छैन। ५१ वर्षदेखि सरकारले धारा १४ को घोषणा गरेको छैन। यहाँ दलितमाथिको दमन बढ्दो छ, अन्तर्राष्ट्रिय जगतमा सरकार चोखो देखिन्छ।'

सरकारले जातीय भेदभाव र छुवाछूत अन्त्यका लागि लगानी नगर्ने, प्रस्ट नीति तथा कार्यक्रम पनि नल्याउने र अन्तर्राष्ट्रियस्तरमा मुद्दा गर्न जान पाउने सुविधासमेत नदिने गरिरहेको उनको आरोप छ। 'सरकारका मन्त्रीहरु नै जातीय भेदभावलाई प्रोत्साहन गर्ने गरी प्रस्तुत हुन्छन्, हामीले यही सरकारबाट न्याय पाउँछौं भनेर कसरी विश्वस्त हुने ?' परियारले भने। सर्ड समितिले जातीय भेदभाव र छुवाछूतका घटनामा प्रहरीले उजुरी नलिएको, राम्रो अनुसन्धान नगरेको वा आफ्नो देशको न्यायिक निकायबाट न्याय नपाएको अवस्थामा पीडितले उजुरी दिन पाउने व्यवस्था छ। महासन्धिको कार्यान्वयन भएरनभएको प्रगतिसहित हरेक दुई वर्षमा पक्षराष्ट्रहरुले सर्ड समितिलाई प्रतिवेदन बुझाउँछन। तर, नेपालले सन् २०१८ पछि त्यस्तो प्रतिवेदन बुझाएको छैन। सर्डले १ मार्च, ०२२ मा २४ औं र २५ औं प्रतिवेदन पेस गर्न पत्राचार गरेको थियो। तर, सरकारले अहिलेसम्म प्रतिवेदनको तयारीबारे नै छलफल गरेको छैन। सर्ड समितिले सन १९८७ मै ८ औं प्रतिवेदनमाथि टिप्पणी गर्दै धारा १४ को विशेष घोषणामा ध्यान दिन भनेको थियो। सरकारले जानाजान यो घोषणा नगरेको देखिन्छ, यो घोषणा गर्दा भोलि कसैले पनि सर्डमा उजुरी दियो भने नेपालको अन्तर्राष्ट्रिय छविमा धक्का लाग्छ भन्ने सरकारको बुझाइ देखिन्छ,' अधिवक्ता त्रिलोकचन्द्र विश्वास भन्छन, 'जातीय भेदभाव र छुवाछूतको मुद्दालाई अन्तर्राष्ट्रियकरण गर्न सरकारले नै बाटो बन्द गरेर राखेको छ।' संयुक्त राष्ट्रसंघले सन् १९६५ मा सबै किसिमका जातिभेद तथा रंगभेद उन्मूलन गर्ने अन्तर्राष्ट्रिय महासन्धि पारित गरेको थियो। जुन सन् १९६९ देखि कार्यान्वयनमा छ। हालसम्म यो महासन्धिलाई १८२ देशले अनुमोदन गरेका छन्।

*स्रोत : इकान्तिपुर, २०७९ जेष्ठ २१ गते*

**घटना ४:**

झापाको मेचीनगर-१० का सूर्यप्रकाश कडरियाले १७ वर्षअघि रञ्जु ल्वागुन (विश्वकर्मा) सँग अन्तरजातीय बिहे गरेका थिए । दलितसँग विवाह गरेका कारण परिवारबाटै बहिष्करणमा परेका सूर्य प्रकाशकी ७२ वर्षीया आमा दिलमायाको गत जेठ ८ मा मृत्यु भयो । सासूको मृत्युपछि बुहारी रञ्जुले धार्मिक विधि अनुसार काजकिरिया गर्न पाएकी पाइनन् । परिवार र समाजका ठूलाठालुले उनलाई किरिया बस्न रोक लगाए । आमाको मृत्युपछि सूर्य प्रकाशलाई पनि पाँच दिनसम्म काजकिरियामा निषेध गरियो । तर, बुहारी रञ्जुले ढिकुरो फोरेर भत्काइदिने चेतावनी दिएपछि बल्ल श्रीमानलाई चाहिँ किरियामा सामेल गराइएको थियो । उनलाई त मूलघरमा ढिम्किनै दिइएको छैन । 'जेठाजु जीवन कडरियाले यो कामीसँगै बसेर आमाको काम गर्नुपर्छ भने म सामेल हुन्न भने', बुहारी रञ्जुले सुनाइन् 'मेरो श्रीमान पाँच दिनसम्म अलग्गै कोरामा बस्नुभयो ।' ७ दाजुभाइमध्ये सूर्यप्रकाश कान्छा छोरा हुन । ६ भाइले सँगै बसेर खान्छन । बुहारीलाई घर पर्तिरको केराबारीमा राखेर खाना दिइयो । 'कुनै पनि धार्मिक विधिमा सामेल नै गराइएको छैन,' रञ्जुले भनिन, 'दलितसँग बिहे गरेकालाई समावेश गरिएको भनेर दुई तीन पटक पण्डित उठेर हिँडिसके ।' मूलघरमा प्रवेश नदिए पछि रञ्जुले विगत ११ दिनदेखि घरमै सासूका किरिया कर्म गरिरहेकी छन । समाज र परिवारको मिलेमतोमा भएको विभेद सहन नसकेपछि उनी बुधबार कोराकै पोसाकमा उजुरीका लागि इलाका प्रहरी कार्यालय धुलाबारी पुगेकी थिइन । प्रहरी कार्यालय पुगेको थाहा पाएपछि परिवारका सदस्यले उनलाई किरियामा समावेश गर्ने आश्वासन दिएपछि उनी उजुरी नगरी फर्किएको इलाका प्रहरी कार्यालय धुलाबारीका निरीक्षक अनिल मावोहाङले जनाए । तर, जब घर पुगिन तब उस्तै व्यवहार सहनुर्पयो । 'फेरि घरमा ढिम्किनै दिएनन,' उनले दुखेसो पोखिन, 'म हैरान भएर बसेकी छु ।' वडाध्यक्ष खनालले परिवारले किरियामा समावेश गर्ने भन्ने जानकारी पाएपछि आफूले कुनै कानुनी एक्सन नलिएको जनाए । झापाका एसपी विश्वमणि पोख्रेलले जातका आधारमा कुनै पनि धार्मिक या सांस्कृतिक कर्ममा विभेद गर्न नपाइने कानुनी व्यवस्था रहेको भन्दै त्यस्तो गरिएको पाइए कारबाही गर्न सकिने जनाए ।

*स्रोत : इकान्तिपुर, जेष्ठ १९, २०७९ पर्वत पोर्तेल, किरियामा बुहारीलाई निषेध*

**घटना ५:**

**सानो जातको सानै बुद्धि परम्परा देखि चलिआएको संस्कार मान्छौं – वडा अध्यक्ष आले**

नवलपरासी बर्दघाट सुस्ता पूर्व विनय त्रिवेणी गाउँपालिका वडा न २ कि दिलमाया विश्वकर्मा आमा समूहको सचिव हुन । यही ज्येष्ठ १३ गते दिलमाया बिक आफ्नो घरबाट ३ घर मात्र पर छिमेकी पार्वती चापागाईंको घरमा छोराको मृत्युको १३ औं कामको लागि सहयोग गर्न घरको आँगनमा टेन्ट लगाएर छिमेकी सबैले दुनाटपरी गाँस्दै गरेको ठाउँ आफू पनि छिमेकीलाई सहयोग गर्न टपरी लगाउन पुग्छिन् । आफू जाँदा छिमेकी २,३ जना दिदि बहिनीहरु टपरी गाँसिरहेका थिए र आफू पनि गएर टपरी गाँस्न थालिन तर सोही घरकी चापागाईंले दलितले टपरी छुन नहुने अपवित्र हुने भन्दै टपरी नलगाउन र पात नछुनु भने पछि त्यहाँ दुई जना बिच विवाद सुरू भएको थियो । पीडित दिलमाया बिक का अनुसार आ फुलाइ यसरी सिधै जातीय आधारमा अपमान भए पछि आफू सहन नसकी सबै पातहरु छोएर ल अब यो बनको पात पनि दलितले छोएको छ सारा रूख , हावा पनि दलितले छोएको छ अब के गर्छौ ? भनी प्रतिवाद गरिन तर छिमेकी दिदीबहिनी कोही पनि यो गलत हो जातीय विभेद गर्न हुन्न भनी नबोलेको गुनासो गरिन ।घटना यतिमा मात्र सीमित रहेन चापागाईंका छोराले दिलमायालाई समातेर घरतिर लखेटे दिलमायाले भन्छिन् आमा त बुढी छिन बुझ्निनन् तर पढे लेखेको छोराले समेत जातपातको कुरा गर्न हुन्न भनी आमालाई सम्झाएन उल्टै मेरो घरमा किन आइस भनी गालिबेइज्ती गरिन् । दिलमायालाई आफू भित्र लागेको यो अपमानको पिडाले सुत्न दिएन उनी मिलाप नेपाल संस्थामा न्याय माग्न पुगिन मिलापका अध्यक्षको सहयोगमा प्रहरी कार्यालयमा न्यायको आसामा निवेदन लिएर पुगिन ।

१३ औं दिनको काम सके पछि बोलाउने भने पछि उनी न्यायको पर्खाइमा बसिन १३ गते दुबई पक्षहरु बोलाइ जी.प्र.का कावासोतीमा छलफल भयो । उमेर वृद्ध भएकी चापागाईंले आफ्नो गल्तीको महसुस गरेर अब आइन्दा यस्तो नगर्ने भनी माफी मागे पछि सहमतिमा मेलमिलाप भएको हो । २२ गते दोहोरो पक्षको छलफलमा एक्कासि वडा २ कि एमाले बाट निर्वाचित वडा अध्यक्ष पुष्पा आले आएर हाम्रो संस्कार छ किन आउनु हाम्रो घर, तिमी हरुको बानी व्यवहार ठिक नभएको हुँदा पछाडि परेका हौं ।हामीले छुवाछूतको अन्त्य गर्न सक्दैनौ, यो परम्परा देखि चली आएको दलितलाई

किन कोटा, आरक्षण दिएको होला सरकारले यिनीहरु सानोजातका सानै बुद्धि, मैले पनि दलितलाई मेरो घरमा आउन दिन्न, दलित भएर किन ठुलो जातको घरमा गएको भन्दै तथानाम जातीय गालीगलौज गर्दै उफ्रेपछि सिङ्गो समुदाय वडाअध्यक्षसँग आक्रोशित बनेको छ। भोट चल्ने दलितका ? तर दलितलाई पशु सम्झने र दलित समुदायकै भोटबाट वडाअध्यक्ष जित्ने र उनलाई जिताउन दलित समुदाय लागेको भन्दै स्थानीय दलित अधिकार कर्मीले अध्यक्षको राजीनामा र कारवाहीको माग गरेका छन्। अधिकारकर्मी दलबहादुर बिक भन्छन वडाअध्यक्षले आफ्नो कार्यभार समालेको २,४ दिन मै यसरी खुलेलाम विभेद गर्नु यो सिङ्गो समुदाय प्रतिको अपमान हो। हाम्रा भोटले जित्ने अनि हामीलाई विभेद गर्ने सिङ्गो समुदाय अत्यन्तै दुखी भएको छ र हामी आन्दोलन गर्छौ वहाँको राजीनामा सँगै कानुनी कारबाही हुनु पर्ने बताएका छन्। नगरप्रमुखले वडा अध्यक्षले यस्तो कुरा बोल्न नहुने हो। हामी जातीय विभेद र छुवाछूत विरूद्ध लागेको बताउँदै सिङ्गो समुदाय लाई अन्याय हुन नदिने र वडा अध्यक्षमाथि कारबाही हुने बताएका छन्। आफूहरु छलफलबाट कुनै निकास निकाल्न सकिने कि भनी छलफल गर्दैछौ भन्ने जानकारी दिए। यता स्थानीय भने वडा अध्यक्षको कारवाहीको माग गर्दै आन्दोलनको तयारी गरेको अधिकारकर्मी दलबहादुर विकले जानकारी दिएका छन्।

*स्रोत : थाहा अनलाइन, २३ जेष्ठ २०७९*

**घटना ६:**

महोत्तरीको सदरमुकाम जलेश्वर नगरपालिका-६ ठूलो धबौली गाउँमा एक दलित महिलालाई बोक्सीको आरोपमा कुटिएकी छिन। जलेश्वर नगरपालिका(६ धबौली निवासी ५४ वर्षीया दुलरियादेवी रामलाई स्थानीय व्यक्तिले बोक्सी आरोप लगाएर कुटिएकी हुन्। स्थानीय व्यक्तिहरुले ५४ वर्षीया दुलरियादेवी रामलाई विहिबार खेतमा काम गरिरहेको समयमा स्थानीय व्यक्तिले बोक्सी आरोप लगाएर सामुहिक रुपमा कुटपिट गरेका थिए। भुल्न र सोमारीसहित १०-११ महिला पुरूष मिलेर शरीरका सबै कपडा च्यातेर निर्वस्त्र पारी कुटपिट गरेका थिए।

घटनाका प्रत्यक्षदर्शी स्थानीयवासीका अनुसार स्थानीय तलेवर राम, भुलन राम, रामु राम, राकेश राम, रबि राम, बहुरीदेवी राम, सोमनदेवी राम, आरतीदेवी राम, पवनदेवी

राम र सुटियादेवी रामले कालोदेवी महतो तथा दुलारीदेवी राम दुवैलाई बोक्सी भन्दै नग्न पारेर हात, मुक्का, लातीले मरनासन्न गरी कुटपिट गरेका थिए। स्थानीय ४५ वर्षीय भुलनराम चमार र २८ वर्षीया सोमनदेवी भन्ने सोमारी देवीलाई ज्यान मार्ने उद्योग गरेको आरोपमा प्रहरीले जिल्ला प्रहरी कार्यालयले पक्राउ गरेको छ।

प्रहरी उपरीक्षक पङ्गेनीका अनुसार सोही गाउँका ५३ वर्षीया महिला कालोदेवी महतो र ५४ वर्षीया दुलारीदेवी रामलाई बोक्सीको आरोप लगाउँदै पक्राउ परेका भुलन र सोमारीसहित १०-११ महिला पुरूष मिलेर शरीरका सबै कपडा च्यातेर निर्वस्त्र पारी कुटपिट गर्नाका साथै ज्यान मार्ने उद्योग गरेको भन्दै पीडित कालोदेवी महतोका छोरा अमित महतो र दुलारी देवीका नाति रामजीवन रामले शुक्रबार जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएका थिए। जाहेरीपछि प्रहरीले सो घटनामा संलग्न रहेको आरोपमा भुलन र सोमारीलाई आज पक्राउ गरेको हो। उनीहरुउपर (बोक्सीको आरोप लगाइ कुटपिट गरी ज्यान मार्ने उद्योग) मुद्दा चलाएर कारबाही प्रक्रिया अगाडि बढाएको छ भने बाँकी फरार व्यक्तिको खोजतलास भइरहेको जनाइएको छ।

*स्रोत : दलित अनलाइन २८ जेष्ठ २०७९*

**घटना ७:**

बागलुङ जिल्लाको बढिघाट गाउँपालिका वडा ८ रणसिङ किटिनिका १९ बर्षिय सुनिल सुनारले जलजला कि जनजाति परिवारको १७ बर्षिय युवतीसँग प्रेम गरेका थिए। उनीहरु पढाईलाई अगाडि बढाउने उमेर पुगेपछि विवाह गर्ने उद्देश्य रहेको तर केटीको परिवारले कामि केटासँग लागेको भन्दै यातना दिएपछि केटीले म तिमिबिना बाँच्न नसक्ने भनी केटाको घरमा आफै गएको माइतीले जात नमिलेको भनेर पटक पटक फर्काउने गरेको पछिल्लो पटक २०७८ चैत २८ गते भागेका ति जोडिलाई २०७९ असार १ गते सुनिलका बाबा बिर्खमान सुनारलाइ अपहरण र छोरा सुनिल सुनारलाइ ज्यान बन्धक र बलात्कार मुद्दा दर्ता भयो। असार २२ गते बाबा बिर्खमान सुनार २० हजार धरौटीमा छुटेका छन भने प्रेम गरेका सुनिल सुनारलाई पुर्पक्षको लागि जिल्ला कारगार चलान गरिएको छ।

***स्रोत :टीका विश्वकर्मा (बागलुङ्ग) को फेसबुक वालबाट (२०७० असार २३)***

**घटना ८:**

बाजुरा जिल्लाको नाटेश्वरी मन्दिरमा मिति २०७९ असोज ११ गते नवरात्रीको पुँजा गरिरहेका बुढीगंगा नगरपालिका वडा नंबर ५ नुवाघर निवासी टेकेन्द्र सुनारलाई मन्दिरमा पसेर पुँजा गरेको आरोपमा स्थानीय त्रिवेणी नगरपालिका वडा नंबर ७ का वडाअध्यक्ष जुद्धबहादुर ऐडीले सांघातिक आक्रमण गरी सक्त घाइते बनाएको छ। हाल वडाध्यक्ष थुनामा रहेका छन् ।

*स्रोत : सामाजिक संजाल*

**घटना ९:**

मधेश प्रदेशको सिरहा जिल्लाको भगवानपुर गाउँपालिकाका अध्यक्ष श्री उग्रनारायण यादवकी आमाको मिति २०७९ फागुन २२ गते आफ्नो आमाको १३औं दिनको पुन्य तिथिको अवसरमा आयोजना गरिएको शुद्धि भोजमा मुश्लिम, दलित र गैरदलितको लागि अलग अलग साइनबोर्ड टाँसेर दलितमाथि गरिएको जातीय छुवाछूत तथा भेदभावको अमानवीय घट्नाको घोर भर्त्सना गर्दै सो भोजमा पार्टीका जिम्मेवार नेताहरु, पूर्वमन्त्री भइसकेका व्यक्तिहरु, वहालवाला साँसद तथा मन्त्रीहरु, प्रशासकहरु सहभागी भएर घटाइएको थियो। सो घट्नाको विरूद्धमा उजूरी हाल्ने विष्णुदेव पासवानलाई कुटपीट गरिएको छ।

**स्रोत : सामाजिक संजाल**

**घटना १०:**

**आफ्नो १३ पुस्ताले भोगचलन गरेको जग्गा खोसिएपछि जो भूमि अधिकारकर्मी बने**

गणेश विश्वकर्माले अहिले भूमि अधिकारकर्मीको सशक्त परिचय बनाएका छन। बभाङको देवल गाउँमा जन्मेका गणेश भूमि अधिकारकर्मी बन्न पुग्नुको एउटा कथा छ। गाउँमा रहेको देवल मन्दिरको हेरचाह र सरसफाइको जिम्मा उनका पुर्खाले धेरै अघि पाएका थिए। त्यसबापत उनका पुर्खालाई मन्दिरको छेउछाउमा चार रोपनी जति जग्गा दिइएको थियो। त्यस जमिनको भोगचलन गर्नेमा गणेश १३औं पुस्ता

हुन् ।भूमि अधिकारकर्मीको सशक्त परिचय बनाएका उनी पार्टीको भ्रातृ सँगठन 'नेपाल दलित मुक्ति सँगठन'को केन्द्रीय अध्यक्ष समेत हुन् ।बझाङको देवल गाउँमा जन्मेका गणेश भूमि अधिकारकर्मी बन्न पुग्नुको एउटा कथा छ । गाउँमा रहेको देवल मन्दिरको हेरचाह र सरसफाइको जिम्मा उनका पुर्खाले धेरै अघि पाएका थिए । त्यसबापत उनका पुर्खालाई मन्दिरको छेउछाउमा चार रोपनी जति जग्गा दिइएको थियो । त्यस जमिनको भोगचलन गर्नेमा गणेश १३औँ पुस्ता हुन् ।




गणेशका अनुसार, यस मन्दिरमा आ-आफ्नो जात अनुसारको काम गर्नेलाई करिया भनिन्छ । मन्दिरकै करिया एकजना धामीले गणेशको परिवार बस्दै आएको जग्गा आफ्नो नाममा बनाएछन् । गणेशका बुवाले भारतको दिल्लीमा चौकिदारी गरी केही पैसा कमाएका थिए । उनले पुरानो छाप्रो भत्काएर नयाँ घर बनाउन खोज्दा धामी आएर भने- अहिलेसम्म तिमीहरुलाई हाम्रो जग्गा भोगचलन गर्न दियौं, अब दिँदैनौं ।' गणेशका बुवासँग मुद्दा-मामिला गर्ने सामर्थ्य थिएन । उनले गाउँमै जग्गा किनेर घर बनाए ।

एसएलसी पास भएदेखि गाउँकै स्कुल पढाउन थालेका गणेशको समाजमा नाम बन्दै गयो । कलेज पढ्दै गर्दा राजनीतिमा लागे । १३औँ पुस्तासम्मले भोगचलन गर्दै आएको आफ्नो जग्गा एक्कासि कसरी खोसियो ? राजनीतिक चेतना बढ्दै गएपछि

उनले आफ्नो हक खोजे । ०४६ को परिवर्तनपछि, आफ्नो पुरानो जग्गाको सट्टाभर्ना स्वरुप उनले गाउँकै चार रोपनीजति खाली जग्गा ओगटेर बसे । पछि नापी आउँदा उनलाई लालपुर्जा दिइयो । त्यतिबेलासम्म त्यहाँ खाली जग्गा ओगट्ने र नापी आउँदा पास गराउने धेरैले गरेका थिए ।

**भूमिसँग जोडिएको अधिकार**

नेपालमा भूमिसुधारको मुद्दा दलहरुले २००७ सालदेखि उठाउँदै आएका हुन् । त्यसमा पनि कम्युनिस्टले गरिबको मुक्ति भूमिसुधारबाट हुने निष्कर्ष निकालेका थिए । गणेश भूमिसुधारको अर्थ, इतिहास र अभ्यास खोतल्छन्, 'राजनीतिक भाषामा राजनीतिक आधार भत्काउनु भनेको राजतन्त्र फाल्नुसँग सम्बन्धित थियो। सामन्तवादको अन्त्यका लागि सामन्तवादका आर्थिक आधार भत्काउनुपर्छ, यो भनेको राजतन्त्रलाई सामन्तवादको नाइके मान्ने र त्यसको आर्थिक आधार (भूमि)को भूमिसुधार गर्ने भन्ने निष्कर्षमा कम्युनिस्टहरु थिए । संसारभर नै सामन्तवादको अन्त्य भूमिसुधारले नै गरेको छ ।'

**यो पनि**ः कम्युनिस्ट पार्टीमा लागेपछि भूमिसुधारका मुद्दाप्रति गणेशको रूचि बढ्दै गयो । नेपालको दलित मुक्ति आन्दोलन भूमिसुधारमा त्यति धेरै केन्द्रित थिएन । दलित आन्दोलनले राजनीतिक सहभागीतामा अलि बढी जोड दिन्थ्यो । जातीय छुवाछुत अन्त्य हुनुपर्छ, मन्दिर प्रवेश गर्न पाउनुपर्छ, दलितको हकहितमा काम गर्ने निकाय (दलित विकास समिति, दलित आयोग आदि) बन्नुपर्छ– इत्यादि मागमै दलित आन्दोलन बढी केन्द्रित थियो । '०५७ सालतिर, मधेसमा सिनो बहिष्कार आन्दोलन भयो, यसले भूमिको मुद्दा उठाएको थियो । यो आन्दोलनमा लागेको भनेर नेकपा एमालेबाट विश्वेन्द्र पासवान र नेपाली कांग्रेसबाट डिल्ली मिजार निकालिए,' गणेश भन्छन्, 'यस्ता आन्दोलनमा पार्टीका जनवर्गीय सँगठनहरु त्यति सक्रिय रुपमा लागेनन् । कमैया, हलिया आदि आन्दोलनमा जनवर्गीय सँगठनले ऐक्यबद्धता त जनाए, नेतृत्वदायी भूमिका कहिल्यै निभाएनन् ।'

दलित आन्दोलनका मुद्दा के हुन् भन्ने सम्बन्धमा दलित बुद्धिजीवीले छलफल गर्दै आएका थिए । संसदीय व्यवस्थामा पार्टीहरुले संसद् बनाउने, संसदले कानुन, कानुन

कार्यान्वयन गर्ने कर्मचारी संयन्त्रले । यस कारण राजनीतिक र प्रशासनिक रुपमा दलितको सहभागीता वृद्धि हुनुपर्छ, यही निष्कर्षसहित आन्दोलन र आवाजहरु अघि बढ्दै गयो । गणेश भन्छन्, 'आर्थिक क्षेत्रको समस्या अन्तर्गत दलितहरुको सबैभन्दा ठूलो समस्या भूमिहीनता हो । यस सम्बन्धमा अध्ययन हुन थाले ।'

०६० सालतिर दलित आयोगले दलितको भूमिहीनताको अवस्था सम्बन्धमा अध्ययन गर्यो । पहाडका २३ प्रतिशत र मधेसमा ४६ प्रतिशत दलित भूमिहीन छन् भन्ने तथ्यांक त्यस अध्ययनले निकालेको थियो । ०५१ सालमा केशव बडालको नेतृत्वमा गठित 'उच्चस्तरीय भूमि सुधार आयोग' (बडाल आयोग)को प्रतिवेदनले १५ लाख भूमिहीनमध्ये १० लाख दलित छन् भन्ने देखाएको छ । यसअघि कम्युनिस्ट पार्टी एकता केन्द्रले ०४९ सालमा प्रतिवेदन सार्वजनिक गरेको थियो । त्यस प्रतिवेदन भन्थ्यो- देशभर २५ लाख भूमिहीन छन्, जसमध्ये १५ लाख दलित । यसमा पनि मधेसी दलितको संख्या ठूलो छ ।

'एकता केन्द्रको प्रतिवेदन त्यति धेरै अनुसन्धानमा आधारित थिएन,' गणेश भन्छन्, 'बडाल आयोगको प्रतिवेदन भने केही अनुसन्धान र तथ्यमा आधारित देखिन्छ । ०५८ को जनगणनामा आएको परिवार संख्याले बडाल आयोगको तथ्यांक तथ्यको नजिक रहेको देखाउँथ्यो ।' बडाल आयोगको प्रतिवेदन हली वा हलियाप्रति सजग थिएन । सुदूरपश्चिममा हलिया समस्या छ भनेर गणेशहरुले अवगत गराएकै थिए । त्यतिबेला गणेश नेकपा एमालेको डोटी जिल्ला कमिटीमा थिए । गणेश भन्छन्, 'हामी जिल्ला स्तरका कार्यकर्ता । आयोग केन्द्रमा बनेको थियो, गोष्ठी हुँदा हामीले लेखेरै दिएका थियौं- सुदूरपश्चिममा हलिया समस्या छ, यसको हल गरिनुपर्छ । तर हाम्रो कुरा प्रतिवेदनमा समेटिएन ।'

आत्मनिर्भर केन्द्र (सिएसआरसी) मार्फत आहुति (विश्वभक्त दुलाल) र गणेशको नेतृत्वमा 'दलित भूमिहीनता र संविधान कार्यान्वयनको सवाल : एक जरूरी वकालत' प्रतिवेदन सार्वजनिक छ । सिएसआरसीबाटै आहुतिले हलीहरुको बारेमा अध्ययन गरेका थिए, यसको प्रतिवेदनमा हलीहरुको अवस्था उल्लेख छ ।

**कमैया आन्दोलन**

पढ्नका लागि गणेश डोटी हुँदै कैलाली पुगे । ०५७ सालतिर, कैलालीमा उनले ग्रिन सो नेपाल नामको संस्थामा काम गर्थे । यस संस्थाले कमैयाको हक-अधिकारका मुद्दा उठाउँथ्यो । त्यतिबेला कमैया मुक्तिका लागि दुईथरी विचार थिए । एउटा थियो- कमैयालाई सीप विकास तालिम दिएर सशक्तीकरण गर्नुपर्छ । सशक्तीकरण भई पैसा कमाएर उनीहरु नै ऋण तिर्छन् । अर्को विचार थियो- कमैया बनाइनु उनीहरुमाथिको उत्पीडन हो । त्यसैले उनीहरुको ऋण सरकारले मिनाह गर्नुपर्छ र उनीहरुलाई कम्तीमा १० कट्ठा जमिन दिइनुपर्छ। दोस्रो विचारबमोजिम डिल्ली चौधरीको नेतृत्वमा 'कमैया आन्दोलन परिचालन समिति' गठन गरी आन्दोलन सुरू भयो, जसमा गणेश पनि थिए। यो आन्दोलन गैरसरकारी संस्थाहरुको ब्यानरमा गरिएको थियो। दुई महिनासम्म चलेको यस आन्दोलन सिंहदरबार घेराउ गर्न आइपुग्यो । गणेशसहितका आन्दोलनकारीलाई सरकारले पक्राउ गरी महेन्द्र पुलिस क्लबमा राखेको थियो । ०५७ साउन २ गते गिरिजाप्रसाद कोइराला सरकारले कमैया मुक्तिको घोषणा गरिदियो । त्यसपछि गणेशहरु छुटे, घोषणाको उत्सव मनाएर कैलाली फर्के ।

'कमैया मुक्त भएको आज २२ वर्ष भयो,' गणेश भन्छन्, 'अझै पनि पुनर्स्थापनाको काम हुन सकेको छैन ।' कमैया आन्दोलन कम्तीमा एउटा निष्कर्षमा पुगेको देखेपछि गणेशहरुलाई लाग्यो- यस्ता विभेद अरु पनि छन्। हलिया समस्यामा त ९७ प्रतिशतजति दलित छन् ।

हलिया आन्दोलनः 'राष्ट्रिय दलित नेटवर्क' संस्थाको नेतृत्व गणेशले गर्थे । कैलालीमा 'नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ'को सुदूरपश्चिम शाखा थियो । यी लगायत संस्थाका व्यक्ति मिलेर हलिया आन्दोलन सुरूवात गरे । ०५८ सालदेखि सुरू भएको यो आन्दोलन ०६५ सालसम्म चल्यो । ०६५ सालमा जिल्ला प्रशासन कार्यालयहरु घेराउ गर्दै केन्द्रमा पनि २०-३० जना व्यक्ति धर्ना बस्न थाले । त्यतिबेलाको माओवादी सरकारलाई यस्ता काम गर्ने हुटहुटी बढी थियो । धर्नामा बसेकालाई जनार्दन शर्मा (तत्कालीन शान्ति तथा पुनर्निमाण मन्त्री)ले वार्तामा बोलाए। ०६५ भदौ २१ गते हलियाप्रथा अन्त्यको घोषणा गरियो ।

कमैया आन्दोलनमा ऋण मिनाहा भन्ने शब्द थियो, हलिया आन्दोलनमा ऋण खारेज भन्ने शब्द राखियो । गणेश भन्छन्, 'मिनाहा शब्दले दयाको भाव जनाउँछ ।' गणेशको 'राष्ट्रिय दलित नेटवर्क'जस्तै विभिन्न ठाउँलाई कार्यक्षेत्र बनाएर अन्य संघ-संस्थाले पनि विभिन्न मुद्दामा काम गर्दै थिए । यही बेला अन्तर्राष्ट्रिय गैरसरकारी संस्था एक्सन एडले राष्ट्रिय गोष्ठी गर्‍यो, जसमा गणेश समेत सहभागी थिए । त्यतिबेला सिन्धुपाल्चोकमा जगत देउजा लगायतले मोहीयानी हकको आन्दोलन गर्दै थिए । गोष्ठीमा गणेशले भने- विभिन्न सवाललाई उठाउन राष्ट्रव्यापी आन्दोलन उठाऔँ, यसका लागि एउटा नेटवर्क बनाऊँ । 'कमैया आन्दोलन चलाउँदा हामीलाई मोहियानी हकका बारेमा थाहै थिएन,' गणेश भन्छन्, 'थाहा भएको भए हामीले त्यो मुद्दा कमैया सँगसँगै उठाउँथ्यौँ ।'

पछि सरेश नेपालको नेतृत्वमा 'भूमि आन्दोलन सरोकार समूह' बन्यो । देशभरका संघ-संस्था त्यसका सदस्य बने, यसमा गणेश सचिव थिए । यसपछि एउटा पीडितहरुको सँगठनको अभाव खट्कियो, यसको परिपूर्तिमा 'भूमि अधिकार मञ्च' बनाइयो । यस मञ्चको अध्यक्ष बलदेव राम थिए, जो सिनो बहिष्कार आन्दोलनका नेता थिए । मञ्चमा हरवाचरवा, सुकुम्बासी आदि सँगठनका व्यक्ति समेत आबद्ध थिए ।

**यो पनिः नवलपरासी**, **रूपन्देही र कपिलवस्तु** (**पाल्ही**, **शिवराज र तौलीहवा**)**मा उखडा समस्या छ ।**

हामीसँग 'उखडा सम्बन्धी व्यवस्था गर्न बनेको ऐन- ०२१' समेत छ। जसमा व्याख्या छ, 'उखडा जग्गा भन्नाले जग्गा धनीसँग भएको बोलकबोल बमोजिम किसानले जग्गाधनीलाई नगदी पोत बुझाउने गरी कमाइ आएको जग्गा सम्झनुपर्छ ।' उखडापीडित व्यक्ति पनि भूमि अधिकार मञ्चमा जोडिएका थिए । अहिले ७२ वटा जिल्लामा यस मञ्चको सँगठन छ। अहिले सरस्वती सुब्बा यस मञ्चको अध्यक्ष छिन् ।

भूमि अधिकार मञ्च साझा रुपमा छ, यसले हिजो संविधानसभा कालमा काठमाडौंमा आन्दोलनहरु गर्‍यो । यस मञ्चमा दलितहरु उल्लेख्य रुपमा जोडिएका थिए । सर्लाही, सप्तरीबाट सिनो बहिष्कार आन्दोलनबाट आएकाहरु भूमि अधिकार आन्दोलनमा रुपान्तरित भएका थिए । एकपटक यसको अध्यक्षमा ल्यामबहादुर दर्जी पनि आएका

थिए। अध्ययन आयोगहरुः हरिबोल गजुरेलको नेतृत्वमा 'उच्चस्तरीय भूमि सुधार आयोग, ०६५' बन्यो। यस आयोगमा भूमि आन्दोलन सरोकार समूहका तर्फबाट गणेश र भूमि सुधार मञ्चका तर्फबाट बलदेव राम सदस्य रहे। यस आयोगले २०६८ मा प्रतिवेदन बुझाएको छ। प्रचण्डको सरकार ढलेपछि माधवकुमार नेपाल प्रधानमन्त्री भए। त्यसपछि घनेन्द्र बस्नेतको नेतृत्वमा 'वैज्ञानिक भूमिसुधारसम्बन्धी उच्चस्तरीय आयोग' बन्यो। यस आयोगले प्रतिवेदन दिइसकेपछि यस्तो सुझाव आयोग बनेका छैनन्। बडालसहितका यी तीन आयोगले सरकारलाई आ-आफ्ना प्रतिवेदन बुझाए, यिनलाई भूमि वितरण गर्ने अधिकार भने थिएन।

**हरवाचरवा आन्दोलन**

०५७ सालमा कमैया मुक्ति घोषणा हुँदा शब्दावलीमा हलिया, हरवाचरवा, कमैया त परेका थिए, तर उनीहरुको पुनःस्थापनामा काम भएको थिएन। हलियाजस्तै समस्या भएको समूह मधेसमा छ, हरवाचरवा। गणेशका अनुसार, जसमा ९७ प्रतिशत मधेसी दलित छन्। हरवाचरवाको समस्या हल गर्नुपर्छ भनेर राष्ट्रिय दलित नेटवर्क बनाइयो, जसमा गणेश अध्यक्ष थिए। यो संस्थाबाट गणेशले मधेसमा काम गरे। हरवाचरवाको सँगठन विस्तार गर्ने, उनीहरुको समस्यामाथि छलफल गर्ने, उनीहरुका कुरालाई सञ्चारमाध्यमबाट राष्ट्रिय मुद्दा बनाउन गणेश सक्रिय रहे। पछिल्लो समय भूमि व्यवस्था मन्त्री शशि श्रेष्ठले गणेशसहित श्याम श्रेष्ठ, हरि श्रीपाइली, चन्द्रबहादुर सिवाकोटी र रेमानसिंह रानालाई बोलाएर छलफल गरिन्। छलफलको निष्कर्ष स्वरुप श्याम श्रेष्ठको संयोजकत्वमा 'मुक्त कमैया, कम्लहरी, हलिया र हरवाचरवाको वस्तुस्थिति अध्ययन समिति-०७८' बन्यो। २३ वटा जिल्लामा अध्ययन गरेर यस समितिले ०७९ वैशाखमा सरकारलाई प्रतिवेदन बुझाएको छ। यही प्रतिवेदनका आधारमा प्रधानमन्त्री शेरबहादुर देउवाले साउन २ गते हरवाचरवाको मुक्तिको घोषणा गरेका थिए।

प्रतिवेदनमा हरवाचरवालाई जमिन, आवास, रोजगारी, शिक्षा आदि दिनुपर्ने र उनीहरुलाई समावेशी सहभागी बनाउनुपर्ने उल्लेख गरिएको छ। 'यसकै आधारमा अस्ति (सोमबार) मात्रै कार्यविधि र कार्ययोजना बनेको छ। यो एक-दुई दिनमै

क्याबिनेटबाट पास होला,' गणेश भन्छन्, 'कार्यविधिमा हामीले भनेका छौं- हरवाचरवा र छुट भएका कमैयाको तथ्यांक संकलन गर्न वडाध्यक्षको नेतृत्वमा एउटा समिति बनाउन सकिन्छ ।'

त्यस समितिमा वडाकार्यालयको सचिव (कर्मचारी)लाई सदस्यसचिव र हरवाचरवा-कमैयाबाट एकजना सदस्य राख्न सकिने गणेश बताउँछन् । यो तीन सदस्यीय समितिले दुई-तीनजना गणक भर्ना गरेर आफ्नो वडाभरिको तथ्यांक संकलन गर्छ । 'यसरी संकलित तथ्यांक पालिकाको कार्यपालिकाले पास गर्नेछ र प्रदेश हुँदै केन्द्रमा आउनेछ, अनि पुनर्स्थापनाको प्याकेज दिन सकिन्छ,' गणेश भन्छन्, 'प्याकेज दिनका लागि भूमि व्यवस्था मन्त्रीको नेतृत्वमा पुनःस्थापना समिति बनाउन सकिन्छ ।'

### भूमिको मुद्दा छाड्दै

भूमिसुधारको जुन एजेन्डा लिएर दलहरु हिँडेका थिए, ०७४ सालको आम निर्वाचनसम्म आइपुग्दा उनीहरु पछाडि हटिसकेको देखिन्छ । नेकपा एमालेले भूमिसुधार हुन्छ भन्ने मुद्दा छाडिसकेको छ । 'अब भूमि व्यवस्था मात्र गर्न सकिन्छ । भूमि सुधार नै गर्न सकिँदैन भन्ने एमालेको भनाइ छ । यही कुरा कांग्रेसले अलि पहिलेदेखि नै भनिरहेको थियो । अरुबाट जग्गा खोसेर अर्कोलाई बाँड्न सम्भव छैन भन्ने उसको तर्क रहँदै आएको छ,' गणेश भन्छन्, 'यद्यपि मदन भण्डारीले जमिनदारलाई क्षतिपूर्ति दिएर उनीहरुको जग्गा भूमिहीनलाई दिन सकिने बताएका थिए । उनले भनेका थिए- नेपालमा ६० प्रतिशत मानिस मध्यम वर्गका छन् । यिनको जमिन खोसेर गरिबलाई दिन थाल्यो भने यिनीहरु प्रतिक्रान्तिमा उत्रन्छन् । यसले हाम्रो आन्दोलन सफल हुँदैन ।'

गणेशका अनुसार, पद्मा अर्याल भूमि व्यवस्था मन्त्री हुँदा भनेकी थिइन्, 'हरवाचरवाजस्ता नयाँनयाँ शब्द विभिन्न संघसंस्थाले ल्याउँछन्, यो समस्या छैन । हलिया र कमैयाको समस्या पनि अब हल भयो । अब बाँकी काम स्थानीय सरकारले गर्छ । 'उहाँको पालामा हलिया र कमैयाको पुनर्स्थापना गर्न करिब तीन अर्ब बजेट थियो,' गणेश भन्छन्, 'उहाँले त्यो सबै बजेट पुनर्स्थापनाको काममा लगाएको भए यो समस्या धेरै हदसम्म हल हुन्थ्यो । त्यतिबेला अधिकांश बजेट फ्रिज गयो । उहाँले असारको २५ गते स्थानीय सरकारलाई हलिया र कमैयाको पुनःस्थापना गर्नू भनेर बजेट पठाइदिनुभयो । त्यो बजेट खर्च गर्ने समय नै थिएन ।'

**कहाँको जग्गा बाँड्ने ? कतिपय तर्क गर्छन्– अहिले जमिन टुक्राटुक्रामा बाँडिएको छ। भूमि सुधार कसरी गर्ने ?**

सिरहाको गोलबजारमा मात्रै तीन सय बिघा ऐलानी जग्गा छ। गणेशका अनुसार, यो जग्गा त्यस वरपरका दुईवटा जिल्लाका भूमिहीनलाई बाँड्न पुग्छ। गाउँ ब्लक भन्ने पनि छन्। २०२४ सालमा विभिन्न समस्याका कारण बाक्लो बस्ती बसेको ठाउँ र बस्ती नबसेको ठाउँमा गाउँ ब्लक भनी एउटै कित्तामा जग्गा नापी गरिएको थियो। एउटा गाउँ ब्लकमा मानौं सय परिवार बसेका छन्, यो जग्गा छुट्‌याएर व्यक्तिलाई लालपुर्जा दिँदा केही समस्या हल हुने गणेशको सुझाव छ।

'दाङमा स्वर्गदारी गुठी छ। संस्कृति विश्वविद्यालयको नाममा सयौं बिघा जमिन छ। पशुपति महास्नान गुठीको नाममा सिन्धुपाल्चोकमा प्रशस्त जग्गा छन्,' गणेश भन्छन्, 'पहिलेको वन अहिले फाँडिएको छ, यस्ता कतिपय ठाउँ खाली छन्। कतिपय ठाउँमा भूमिहीन वा जमिनदारले नै कब्जा गरेर बसेका छन्। यस्ता जग्गा पनि वास्तविक भूमिहीनलाई बाँड्न सकिन्छ। योसँगै जग्गाको हदबन्दी कार्यान्वयन गर्न सकिन्छ। भूमि आयोगका प्रतिवेदनमा हामीले यही कुरा भनेका छौं।' गणेशका अनुसार, अहिले जमिन बाँड्न पुग्दैन भन्ने भाष्य निर्माण गरिएको छ। आज जमिन नपाएर कोही आकाश बसेको त छैन, उनीहरुलाई नयाँ जग्गा आवश्यक भएको पनि होइन। अधिकांश भूमिहीनसँग आफ्नो नामको जमिन नभए पनि उनीहरु कहीं न कहीं छाप्रो-टहरो बनाएर बसेकै छन्। कतिपय डेरामा होलान्, कतिपय सडकमा। 'कति भूमिहीनलाई उनीहरु बसेकै ठाउँको जग्गा वैधानिक रुपमा दिन सकिन्छ,' गणेश भन्छन्, 'अधिकांश मुक्त कमैया ऐलानी जग्गामा बसेका छन्। आफ्नै जमिन आफ्नै अमिन भन्ने उनीहरुको नारा छ। स्थानीय सर्जमिन गरेर उनीहरुलाई लालपुर्जा दिन सकिन्छ।'

**यो पनिः** काठमाडौं वागमतीको छेउछाउ बस्ने कतिपय सुकुम्बासीलाई वरपर नै व्यवस्थित गर्न सकिने गणेशको तर्क छ। 'उनीहरु बसेकै छेउछाउको नम्बरी जग्गामा गगनचुम्बी घर बन्न हुन्छ भने कतिपय सुकुम्बासीलाई उनीहरु जहाँ बसेका छन्, त्यहीं वरपरको सार्वजनिक जग्गा पास गरेर दिन सकिन्छ। यसमा केही मापदण्ड राख्न सकियो। सहरमा आवास र रोजगारी, गाउँमा खेतीयोग्य जमिन दिने न हो।'

गणेशको परिभाषामा, भूमिसुधार भनेको एउटाको जग्गा खोसेर भूमिहीनलाई बाँड्ने मात्रै होइन। अहिले भूमि वितरणमा भएको असमानताको अन्त्य गर्ने हो। कसको नाममा कति जग्गा छ र को वास्तविक भूमिहीन भनेर कसरी चिन्ने त ? गणेश यसको

समाधान दिन्छन्, 'लालपुर्जालाई कम्प्युटराइज्ड गर्न सकिन्छ। यसो भए नाम सर्च गर्नेबित्तिकै लालपुर्जा हुनेहरु पत्ता लाग्छ, कसैले ढाँट्न सक्दैन ।'

### भूमिहीन दलितको हक

अधिकांश दलितका घर वा बस्ती गैरदलित बस्तीदेखि पाखा-पखेरामा हुन्छन् । कति दलितलाई हिजो गैरदलितले बालीघरे बनाउन आफ्नो छेउछाउ राख्ने गर्थे । कतिपयसँग आफ्नो नाममा जग्गा हुँदैनथ्यो, कतिपयसँग कम हुन्थ्यो । अधिकांश दलित अर्काको घरमा काम गर्ने वा बालीघरे प्रथामा निर्भर हुन्थे। उनीहरुको उत्थानमा राज्यसँग कार्यक्रम हुनुपर्छ भन्ने आवाज उठ्दै गएपछि संविधानमा मौलिक हक अन्तर्गत दलित हक लेखियो- 'राज्यले भूमिहीन दलितलाई कानुन बमोजिम एकपटक जमिन उपलब्ध गराउनुपर्नेछ । राज्यले आवासविहीन दलितलाई कानुन बमोजिम बसोबासको व्यवस्था गर्नेछ ।'मौलिक हकमै जमिन र आवासका बारेमा लेखिए पनि त्यसको ठोस कार्यान्वयनमा सरकार गइरहेको छैन । 'हाम्रो माग थियो- संविधानमा व्यवस्था भएको दलित हक अनुसार, छुट्टै कानुन बनाएर दलितलाई जग्गा बाँडिनुपर्छ । तर सरकारका मान्छेले बठ्याइँ गरेर मिसमासमा भूमि आयोगबाट दलितको हक टार्न खोज्दै छन्,' गणेश भन्छन्, 'मिसमासमा कति दलितले जमिन पाउने हुन्, थाहा छैन । दलितको एकपटक जमिन र आवास पाउने संवैधानिक हकलाई आयोगले सम्बोधन गर्दैन ।' यद्यपि, कम्तीमा आयोगले जग्गा बाँड्न थाल्नुलाई उनले सकारात्मक रुपमा लिन्छन् ।

०४७ यता, जग्गा वितरणको अधिकारसहित १५ वटा आयोग बनिसके । यसपालिको १६औँ आयोग हो । यीमध्ये ६ वटा आयोगले जग्गा बाँडे । कतिपय आयोगले सेतो लालपुर्जा दिएका छन्, यसलाई राजनीतिक लालपुर्जा पनि भनिन्छ, सेतो पुर्जालाई मालपोतले वैधानिकता दिएको छैन ।

कतिपय तर्क गर्छन्– जग्गा बाँड्दै छ, भूमिहीनको संख्या बढ्दै छ । यस्तो तर्क गर्नेले देख्नुपर्यो अस्ति भर्खर राज्यले हरवाचरवा मुक्त गरेको । अर्कोतिर, पाखा-पखेरामा एउटा गरो जग्गा लिएर बसेका दलित लगायत निम्न वर्गको पुनःस्थापनाका लागि पनि राज्यले सोच्नुपर्नेछ ।

साभार रातोपाटी अनलाईनः
https:\\www.ratopati.com\story\280246\2022\12\16\ganesh-bk-?fbclid=IwAR24DCP6_gvk5-i6HRmDeRnRg_EcNFkItuUEYOVtKwn3ZNvg1HUV-PrcPnU

**घटना अध्ययन ११: कहाँ छन् हरवाचरवाका नेता : ८१ वर्षको उमेरमा पनि श्रमबन्धक**

धनुषाको धनौजी गाउँपालिका-२ गौरदाहाका ८१ वर्षीय लगन महराको श्रम अझै बन्धकीमा छ । अशक्त श्रीमती र परिवारको पेट पाल्न उनी यतिको उमेरमा पनि बँधुवा मजदुरको रुपमा काम गरिरहेका छन् । उनी १५ वर्षदेखि गाउँकै साहु जगदीश मण्डलमा हरवाचरवाको काम गर्दै आएका छन् ।

हरवाचरवा गर्ने सर्तमा साहु जगदीशले ५ कठ्ठा जग्गा खेती गर्न दिएको लगन बताउँछन्। 'मालिकले उब्जाएर खान जमिन दिएको छ । त्यसबापत उहाँले आफ्नो काम पनि लगाउँछन् । साहुले भनेको काम जसरी पनि गर्नुपर्छ,' लगन भन्छन्, 'त्यहाँ काम गरेबापत ज्यालामा साहुले ८ किलो धान दिन्छ । त्यसैले छाँक टार्नुपर्ने हाम्रो बाध्यता छ।' भोको पेटले उमेर नदेख्ने उनी सुनाउँछन् । 'उमेर त धेरै भयो नि। तर, पेटले मान्दैन के गर्नु ? काम गर्न आँट गर्नैपर्यो,' दुःखेसो पोख्दै लगनले भने 'साहुको काम गर्नुको अर्को कुनै विकल्प छैन। काम गर्न नगए बाँच्नै गाह्रो छ ।' ६ धुर जग्गामा लगनको घर छ। वर्षाको पानी छल्न छानोमा प्लास्टिक ओछ्याइएको छ। कान्छी श्रीमती लिएर बस्दै आएका छन् उनी। उनले कान्छीबाट जन्मिएका पाँच छोरीको विवाह गरिसकेका छन् । 'जेठी तर्फमा एउटा छोरा छ। उनीहरुले हामीलाई कुनै वास्ता गर्दैनन् । हाम्रो बाँच्ने सहारा भनेको नै काम हो । आहारा भनेको साहुको धान हो,' भावुक हुँदै लगनले भने, 'हामी बूढाबूढीलाई हेरचाह गर्ने कोही छैनन् । काम गरून्जेलसम्म मात्रै हो यो जीवन ।'

'तमसुक बनाएर ३ रुपैयाँ सैयकडाले कर्जा लिएको थिएँ। त्यै पैसा अहिले कति न कति भको छ । अब त्यो पैसा तिर्न निकै धौ धौ छ,' लगन भन्छन्, लगनकी ७२ वर्षीया श्रीमती महावती अशक्त छिन् । उनी १० वर्षदेखि हिँडडुल गर्न सकिरहेकी छैनन्। उनको उपचार गर्न लगनले ३ वर्षअघि गाउँकै मिथिलेश साहसँग एक लाख रुपैयाँ लिएका छन् । 'तमसुक बनाएर ३ रुपैयाँ सैयकडाले कर्जा लिएको थिएँ । त्यै पैसा अहिले कति न कति भको छ । अब त्यो पैसा तिर्न निकै धौ धौ छ,' लगन भन्छन्, 'काम त मालिकमा गर्दैछु । ज्यालाको धानले पेट पाल्नु कि कर्जा तिर्नु ? '

गौरदाहा टोलकै ५० वर्षीय विन्देश्वर महरा पनि बँधुवा मजदुरको रुपमा काम गर्छन् । उनी गाउँकै रामकुमार मण्डलमा पाँच वर्षदेखि हरवाचरवाको काम गर्दै आएका छन् ।

साहुले उनलाई पनि पाँच कठ्ठा जग्गा उब्जाउन दिएका छन्, हरवाचरवा गर्ने सर्तमा ।

साहुले हरवाचरवा कामबापत दिने ८ किलोको ज्याला धानले ९ जनाको परिवार धान्नुपर्ने विन्देश्वरलाई बाध्यता छ। ७ धुर जग्गामा उनको सानो घर छ। त्यसै घरमा उनको श्रीमती, ४ जना छोराबुहारी र ३ नातिनातिनी बसिरहेका छन् । विन्देश्वरको अवस्था पनि दैन्य छ । '८ किलो धानले बाँच्न निकै कठिनाइ छ। हाम्रो दिनानुदिन अवस्था जर्जर हुँदै गइरहेको छ,' बिलौना गर्दै विन्देश्वरले दुःखेसो पोखे । लगन र विन्देश्वर हरवाचरवामा गाउँका प्रतिनिधि पात्र मात्र हुन्। गौरदाहा टोलमा मात्रै झन्डै ७० घरपरिवार हरवाचरवा छन् । ती सबै परिवारको अवस्था अत्यन्तै पीडादायी छ। आर्थिक अभावमा चरम शोषणमा परेका छन्, अधिकांशको जग्गा गाउँमा ब्लक छ, मालपोतमा जग्गा उनीहरुको नाममा छ, हातमा लालपुर्जा छैन ।

साभार दलित अनलाईन:
**https:\\www.ratopati.com\story\280246\2022\12\16\ganesh-bk-?fbclid=IwAR24DCP6_gvk5-i6HRmDeRnRg_EcNFkItuUEYOVtKwn3ZNvg1HUV-PrcPnU**

**घटना अध्ययन १२: २८ औँ प्रकाश मानव अधिकार पुरस्कार" मुक्त हलिया अभियन्ता राजुराम भुललाई**



२८ औं प्रकाश मानवअधिकार पुरूस्कारबाट मुक्त हलिया अभियान्ता राजुराम भुल सम्मानित हुने भएका छन् । नेपाली समाजमा जातीय विभेद,शोषण, उत्पीडन, र मानवअधिकारको रक्षाका लागि करिब तीन दशकदेखी क्रियाशिल दशरथचन्द नगरपालिका-४ का राजुराम भुललाई "२८ औं प्रकाश मानव अधिकार पुरस्कार" बाट सम्मानित हुने भएका हुन् । उनको योगदानको उच्च मुल्याकंन गर्दै अनौपचारिक क्षेत्र सेवा केन्द्र (ईन्सेक) ले आगामी साउन १६ गते काठमाण्डौंमा एक औपचारिक कार्यक्रम मार्फत उहाँलाई सम्मान गर्न लागेको हो ।

हलिया मुक्तिका लागि हलो बोकेर सिंहदरवार घेराउ गरेका उनको संघर्षका कारण २०६५ भदौं २१ गते नेपाल सरकारले उनकै नेतृत्वमा राष्ट्रिय मुक्त हलिया समाज महासंघ नेपालसँग ५ बुदें सम्झौतामा हस्ताक्षर गरेर हलिया मुक्तिको औपचारिक घोषणा गरेको थियो ।

इन्सेकका संस्थापक महासचिव स्वा प्रकाश काफ्लेको २०४९ साउन १६ गते नुवाकोटको घोप्टेभिरमा भएको थाई एयर दुर्घटनामा निधन भएको थियो । नेपालको मानव अधिकार, राजनीति, शिक्षा, स्वास्थ्य तथा सामाजिकलगायतका क्षेत्रमा विशिष्ट योगदान गरेका व्यक्तित्वलाई "प्रकाश स्मृति दिवस" को अवसर पारेर पुरस्कृत गर्ने गरिन्छ। यो पुरस्कारबाट यसअघि २७ जना सम्मानित भइ सकेको इन्सेकले जनाएको छ।

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरको प्रमुख आतिथ्यमा साउन १६ गते काठमाडौंमा आयोजित कार्यक्रममा भुललाई सम्मान गर्ने इन्सेकद्धारा जारी विज्ञप्तिमा उल्लेख छ। राष्ट्रिय मुक्त हलिया समाज महासंघ नेपालका पुर्व केन्द्रीय अध्यक्ष, दलित भूमी अधिकार युनियनका सुदूरपश्चिम प्रदेश संयोजक भुल राष्ट्रिय कृषी बधुवा मजदुर संघर्ष समितिका सह संयोजक हुनुहुन्छ।

### साभार समता अनलाईन:

https://www.ratopati.com/story/342484/harawacharwa-rajmati?fbclid=IwAR0X2ca744jOytJLaGZybuJrr0cPjKXAHGcxB0X3FZEJzfSoHTdeIwIuR7E

**घटना अध्ययन १३: छोरीलाई हरवाचरवाभन्दा माथि उठाउन ७ लाख ऋण लिएर २१ लाखको कागज**




मैले छोरीलाई १२ कक्षासम्म पढाएँ । जग्गाजमिन भएको हुनेखाने परिवारमा विवाह गरिदिएँ । ज्वाइँले पनि १२ पास गर्नुभएको छ । उहाँका चार भाइ हुनुहुन्छ, लालपुर्जा भएको डेढ बिघा जग्गा छ । हरवाचरवा भएरै हाम्रो जिन्दगी बित्यो, छोराछोरीलाई पनि हरवाचरवा बनाएर त भएन,' हरवाचरवा मञ्चकी कोषाध्यक्ष राजवती मण्डल आत्मविश्वासका साथ बोलिन् । उनको मुहारमा अलिकति सन्तुष्टिसहितको हाँसो पनि देखिन्थ्यो । मानौँ, छोरी पढाएर र हुनेखाने घरमा बिहे गरिदिएर उनले ठूलै युद्ध जितेकी छन् ।

राजवतीले जेठी छोरीको विवाह २६ वर्षको उमेर (गत जेठ)मा गरिदिएकी हुन्, हुनेखाने घरको ज्वाइँ पाएर । मधेसमा बालविवाह र दाइजो प्रथा व्याप्त छ । केटा पक्षले दाइजो तोकेरै माग्ने गर्छन्– गाडीदेखि सुनचाँदी, नगद, घडेरी आदि । राजवतीले ज्वाइँका लागि एउटा मोटरसाइकल मात्र दिइन्, तीन लाख रुपैयाँ त्यसमै गयो । लत्ता-कपडा, भाँडावर्तन, भोज आदि गर्दा सात लाख रुपैयाँ खर्च भयो ।

यत्रो ऋण उनले कसरी तिर्लिन् ? उनले आफ्नो भरोसाको केन्द्र छोरालाई सम्झिइन्, 'छोरालाई विदेश पठाउन भनेको हो, कर्जा पाइएको छैन ।' यसका लागि उनले एउटा साहुसँग पाँच लाख र अर्कोसँग दुई लाख ऋण लिएकी छन्, आफूले लिएको साँवाभन्दा तेब्बर बढीको कागज गरेर । सयकडा चार (सय रुपैयाँको मासिक चार रुपैयाँ) का दरले ब्याज तिर्ने गरी साहुहरुले २१ लाखको कागज गरेर उनलाई सात लाख ऋण दिएका छन् । यो कागजको म्याद १० वर्षसम्म हुन्छ । सात लाख रुपैयाँ साँवा र त्यसमा लागेको ब्याज राजवतीले तिर्नुपर्छ । कथंकदाचित तिर्न सकिनन् भने भोलि अदालत जान सहज होस् भनेर साहुले पहिले नै तेब्बरको कागज गरेका हुन् । राजवती भन्छिन्, 'मधेसमा यसरी कागज बनाउनु सामान्य हो, सबैले यसो गर्छन् ।' यो अवधिभित्र राजवतीले लिएको वास्तविक साँवा (पाँच लाख र दुई लाख) र त्यसको ब्याज तिर्न नसके साहुहरु कागजलाई प्रमाण बनाएर अदालत जान्छन् ।

यत्रो ऋण उनले कसरी तिर्लिन् ? उनले आफ्नो भरोसाको केन्द्र छोरालाई सम्भिmइन्, 'छोरालाई विदेश पठाउन भनेको हो, कर्जा पाइएको छैन ।' राजवतीले चार सन्तान जन्माएकी थिइन् । राम्रो उपचार नपाएर कक्षा ७ पढ्दै गरेकी एउटी छोरीको निधन भयो । कुन रोगले छोरीको ज्यान लियो भन्ने राजमतीलाई थाहा छैन । दुई लाखजति ऋण गरेर धरान र विराटनगर लैजाँदा पनि छोरीको रोग निको भएन । अहिले उनकी कान्छी छोरी कक्षा ९ मा पढ्दै छन् । माहिली छोरी एसएलसी गरेर घरमै बसेकी छन् । उनका छोराले ११ पढेर छाडिदिए । कलेजको सर्टिफिकेटमा भन्दा बढी आफ्नो भविष्य उनले पासपोर्ट र खाडी मुलुकबाट आउने भिसामा देखेका छन् । उनको टाउकोमा ठूलो जिम्मेवारी छ- दिदीको बिहेमा लागेको ऋण तिर्ने, दुइटी बहिनीको विवाह गरिदिने, आफ्नो घरजम बसाउने र बाआमालाई सुख दिने ।राजवती मण्डलको बाल्यकाल मालिकको बाख्रा चराएर बित्यो । मालिकका बाख्रा चराएबापत उनले पेटभरि खान पाउँथिन् । कहिलेकाहीँ हटिया (हाटबजार) जाँदा मालिक-मालिक्नीले उनलाई ५-१० रुपैयाँ दिन्थे । साहुका बाख्रा, हटिया र साहुले दिने खानाभन्दा पर थिएनन् उनका सपना । यतिखेर राजवतीको ध्यान छोरालाई खाडी मुलुक पठाउनका लागि आवश्यक अढाइ लाख रुपैयाँमा छ । यो ऋण पनि सयकडा चार वा पाँच रुपैयाँका दरले लिने हो । खाडी मुलुक गएर कमाउने मासिक तीसदेखि ४० हजार रुपैयाँ न हो । अहो, छोराछोरीलाई हरवाचरवादेखि उठाउने राजमतीको आँट र सपना ! रेमिट्यान्सबाट धानिएको राज्य र सरकारलाई सामाजिक न्यायसहित देश बनाउने आँट राजवतीमा जति हुन्थ्यो भने ?

'अढाइ लाख चाहिन्छ भनेका छन् कतार जान । कर्जा कसैले दिएका छैनन् । सरकारले हरवाचरवा मुक्तिको घोषणा गरेपछि पैसा दिन सबै डराएका छन्, मिनाहा हुने हो कि भनेर,' राजवती कताकता निराश छन् ।

अनुहारमा निशारा झल्काइहाल्न पनि भएको छैन उनलाई, किनभने उनी हरवाचरवा मञ्चकी केन्द्रीय कोषाध्यक्ष हुन् । उनलाई त आफ्नो परिवारसहित थुप्रै हरवाचरवालाई वास्तविक मुक्ति दिलाउनुछ । राजवती मण्डलको बाल्यकाल मालिकको बाख्रा चराएर बित्यो । मालिकका बाख्रा चराएबापत उनले पेटभरि खान पाउँथिन् । कहिलेकाहीँ हटिया (हाटबजार) जाँदा मालिक-मालिक्नीले उनलाई ५-१० रुपैयाँ दिन्थे । साहुका बाख्रा, हटिया र साहुले दिने खानाभन्दा पर थिएनन् उनका सपना । बिहान साहुका बाख्रासँगै उनका सपना पनि चर्न निस्कन्थे र साँझ बाख्राहरुसँगै खोरमा थुनिन्थे ।सिरहाको धनगढीमाई नगरपालिका-१२ को

एक हरवाचरवा परिवारमा राजवती हुर्केकी हुन् । त्यहाँ हरवाचरवाको बाक्लै बस्ती थियो र छ । उनका बाआमा बिहान र साँझको छाकका लागि मालिकको खेतबारीमा खटिन्थे । वर्षभरि मालिकको हलो जोतेबापत उनका बालाई ५० किलो धान दिइन्थ्यो । मालिकका घरमा काम गरेबापत उनकी आमाले अलिकति धान-चामल र खाना-खाजा पाउँथिन् । बाआमाका तीन सन्तानमध्ये राजवती जेठी हुन् । त्यतिबेला समाजमा छोरी पढाउनुपर्छ भन्ने चेत आजजस्तो व्यापक भइसकेको थिएन, त्यसमाथि हरवाचरवा परिवार– पेटभरि खानै खाँचो, पढ्ने कसरी ?

उनका दुई भाइलाई स्कुल पठाइयो । एक भाइले ७ सम्म पढेर घर बनाउने काम गर्न थाले, कान्छो भाइ १० पढेर प्रहरीमा भर्ती भए । 'मालिकले नै पढ्नुपर्छ भन्थे । कुनै कुनै मालिकले हरवाचरवाको पनि राम्रो चाहन्थे,' ४७ वर्षीया राजवती भन्छिन्, 'हाम्रो मालिकका सातवटा छोरा काठमाडौंमा थिए । उनीहरुले नै मेरो भाइलाई पुलिसमा भर्ती बनाइदिए ।' राजमवतीको विवाह २० वर्षको उमेरमा भयो, सिरहाको लक्ष्मीपुर पतारी गाउँपालिका- १, पिपराको हरवाचरवा परिवारमा । उनको बिहे हुँदा उनका बाआमालाई २० हजार रुपैयाँ ऋण लागेको थियो । ब्याज बढ्दै जाँदा त्यो ऋण एक लाख रुपैयाँ पुग्यो । पुलिसमा भर्ती भएपछि उनका भाइले त्यो ऋण तिरे । अहिले पनि उनका बा-काकाहरुले साहुको खेत अधियाँ गर्छन् ।

चेतनाः देशमा प्रजातन्त्र आयो, पञ्चायत लादियो, बहुदलीय व्यवस्था हुँदै गणतन्त्र आयो । योबीचमा 'तमसुक फट्टा', जमिनदारको भकारी फोड्नेजस्ता क्रान्तिकारी कृषक आन्दोलन मधेसमै भए । तर, मधेसका दलितमाथि हुने थिचोमिचोमा कुनै फेरबदल आएन । मधेसका हरवाचरवा तथा भूमिहीनहरु सँगठित र आन्दोलित भइरहे । ५० किलो धानमा वर्ष दिन नजोत्ने र डेढ किलो धानमा दिनभरि काम नगर्ने नै उनीहरुको सुरूवाती माग थियो । मधेसमा २०५५/५६ सालतिर बलदेव राम सिनो बहिष्कार आन्दोलनमा सक्रिय भएका थिए । यही बेला विभिन्न गैरसरकारी संघ-संस्थाको सहयोगमा हरवाचरवा लगायत भूमिहीनहरु 'भूमि अधिकार मञ्च', 'हरवाचरवा मञ्च' आदि सँगठनमार्फत सँगठित हुन थाले । जब सरकारले भुइँमान्छेका लागि केही गर्दैन, केही गर्न सक्दिनँ भनेर लाचार बन्छ, हात उठाउँछ र घुँडा टेक्छ, तब गैरसरकारी संस्थाहरु सहयोग गर्न पुग्छन् । राजमती भूमिअधिकारका लागि सँगठित हुन थालेको २५ वर्ष भयो । सँगठित हुँदाहुँदै उनीमा चेतना जागेको छ- हामी त सदियौँदेखि भूमिअधिकारदेखि वञ्चित रहेछौँ, सदियौँदेखि हाम्रो श्रमको शोषण भएको रहेछ ।

गरिबका लागि चेतना पनि ठूलो दुःख हो, चेतनाले ठूलो संसार देखाउँछ तर देश, काल र सामाजिक परिस्थितिले सानो घेरामा बाँधेर राख्छ, उठ्नै दिँदैन, जसरी आज राजवती २१ लाख ऋणमा बाँधिएकी छन् । मधेसका हरवाचरवा तथा भूमिहीनहरु सँगठित र आन्दोलित भइरहे । ५० किलो धानमा वर्ष दिन नजोत्ने र डेढ किलो धानमा दिनभरि काम नगर्ने नै उनीहरुको सुरूवाती माग थियो । आन्दोलन गरेरै अहिले उनीहरुले दिनभरि काम गरेबापत १० किलो धान पाउने भएका छन् । यो पनि कति नै हो र ? १० किलो धानको पाँच किलो चामल आउँदैन ! 'हामीले मालिकलाई भन्यौं- अब हामीले ५० किलो धानमा जोत्दैनौं, बरू अरुकै गिरहतको घरमा ज्याला लिएर काम गर्छौं । त्यसपछि मालिकले हामीलाई खेती गरेर खानका लागि मात्रै तीन कट्ठा जमिन दिएका थिए । यसबापत हामीले उनीहरुको घरमा वर्ष दिनभरि हलो जोत्नुपर्थ्यो,' राजमती आफूहरुको संघर्षको चरण बताउँछिन्, 'सरकारले हरवाहरवा मुक्त घोषणा गरेदेखि त अधियाँ गर्न थालेका छौं ।' साहुको खेत अधियाँ गरेर केही बढी अन्न भित्र्याउन राजमतीका श्रीमान अझै जोतिएकै छन् ।

**हरवाचरवा मुक्त घोषणा**ः सरकारले गएको साउन २ गते हरवाचरवालाई मुक्तिको घोषणा गरेको छ । सरकारलाई त के छ र ? लोकप्रियताका लागि हली, हरवाचरवा, कमैया-कम्लरी आदिलाई मुक्त गरिदिए पुग्यो । देशमा गणतन्त्र आएको १४ वर्षपछि सरकारले हरवाचरवा घोषणा गरेको हो, तर उसले मुक्त हरवाचरवाको पुनर्स्थापनाका लागि अझै ठोस कार्यक्रम अगाडि बढाएको छैन । हरवाचरवा मञ्चका केन्द्रीय अध्यक्ष दशन मण्डल र कोषाध्यक्ष राजवती मण्डल काठमाडौंमा थिए । रूरल रिकन्स्ट्रक्सन नेपाल (आरआरएन) संस्थाले हरवाचरवाको विषयमा एकदिने छलफल राखेको थियो, सोही कार्यक्रममा राजमती र दशन काठमाडौं आएका रहेछन् ।

साहुको खेत अधियाँ गरेर केही बढी अन्न भित्र्याउन राजवतीका श्रीमान अझै जोतिएकै छन् । 'अधियाँ गर्न पनि सजिलो छैन,' राजवती मधेसको आम समस्या भन्छिन्, 'मल किन्नुपर्छ, त्यो पनि बेलामा पाइँदैन । रोप्ने मानिसलाई पैसा दिनुपर्छ । पानी परेन भने घन्टाको साढे तीन सयदेखि चार सय तिरेर दमकल ल्याउनुपर्छ ।' केही फुर्सद निकालेर राजवती काठमाडौं आएकी हुन् । छोराछोरी पढाउनुपर्छ भन्ने ज्ञान उनलाई सँगठनमा हिँड्दाहिँड्दै भएको हो । प्रौढ शिक्षा पढेकी राजवतीले सही

गर्न सक्छिन् । यसपालिको छलफलबाट उनले के बुझिन् त ? 'यस्ता छलफलले हामीलाई थप चेतना बढाएको छ,' उनी भन्छिन्, 'सरकारले के गरिरहेको छ, संविधान, नियम-कानुनमा के लेखिएको छ भन्ने हामीलाई के थाहा हुन्छ र ?'

आफूहरुको अधिकारसम्बन्धी उनको चेतना मसिनो देखिन्छ । उनी अगाडि भन्छिन्, 'सरकारले त भूमिहीन दलितलाई एकपटक आवासका लागि जग्गा दिन भनेको छ । उसले दुई-चार धुर जमिन हुने दलितलाई जमिनदार देखेको छ । यस्तो त हुँदैन । चार धुर जग्गा छ, पाँच-सातजना सन्तान छन्, त्यो जग्गा के गर्ने ? हाम्रो माग छ- प्रतिपरिवारलाई आवासका लागि दुई कट्ठा घडेरी र आठ कट्ठा कृषिखेतीका लागि जमिन दिनुपर्छ । गाँस, बास कपाससहित हाम्रो पुनर्स्थापना हुनुपर्यो । निःशुल्क उपचार हुनुपर्छ । बिहे, मृत्यु संस्कार, उपचारमा लागेको ऋण मिनाहा हुनुपर्छ ।'

साभार रातोपाती अनलाईनः
https:\\www.ratopati.com\story\280246\2022\12\16\ganesh-bk-?fbclid=IwAR24DCP6_gvk5-i6HRmDeRnRg_EcNFkItuUEYOVtKwn3ZNvg1HUV-PrcPnU

**घटना अध्ययन १४: भातको भरमा काम गर्ने हरवाचरवा मञ्चका महासचिव लागिन्द्र सदालाई सिंहदरबारले बोलायो**

स्कुलमा कक्षा कोठा र डेस्कबेन्च थियो, तर हरवाचरवा परिवारमा जन्मेका लागिन्द्र सदा (मुसहर)ले घरबाटै बोरा लिएर जान्थे, त्यही ओछ्याएर सबैभन्दा पछाडि बस्थे । अधिकांश हरवाचरवाको नागरिकता छैन, तर लागिन्द्रका बुवा फनिलालको नागरिकता थियो । फनिलालले नागरिकता पाउनु र लागिन्द्र स्कुल भर्ना हुन पुग्नुको कथा छ । एक कम्युनिस्ट नेता उनको गाउँ (सप्तरी, साबिकको ठेलिया-६)मा आइरहन्थे । उनीसँग कुरा हुँदा फनिलालले आफूसँग नागरिकता नभएको बताए । ती नेताको सहयोगमा फनिलालको नागरिकता निस्कियो । तिनै नेताले फनिलाललाई भने- तपाईंले छोराछोरीलाई पढाउनुपर्छ । पढेपछि नै मान्छेले कुरा बुझ्छन् ।'

यसरी फनिलालका ६ सन्तानमध्ये माहिला लागिन्द्रले नौ वर्षको उमेरमा स्कुलको आँगन टेक्ने अवसर पाए । स्कुल त भर्ना भए, लुगाफाटो, कापीकलम आदि किन्ने पैसा थिएन । लेख्नका लागि काठको पाटी र बोतलमा धुलो माटो भरेर लैजान्थे र पाटीमा धुलो माटो छरेर त्यसैमा बाँसको सिन्कोले लेख्थे । मधेसमा दलितमाथि चर्को छुवाछुत थियो र छ । 'मैले आफूले जानेको लेखेर सरलाई देखाउँथे, सरले

हेर्नुहुन्नथ्यो, मुसहर भनेर विभेद गर्नुहुन्थ्यो,' लागिन्द्र भन्छन्, 'शिक्षकले सबैलाई बुझाएर पढाउनुहुन्थ्यो तर मलाई कुनै वास्ता गर्नुहुन्नथ्यो । तैपनि कक्षा ७ सम्म पढें ।'



४७ वर्षीय लागिन्द्र अहिले 'राष्ट्रिय हरवाचरवा मञ्च'को महासचिव छन् । गएको २ साउनमा मुक्त गरिएका हरवाचरवाको पुनर्स्थापनाका लागि भूमि व्यवस्था मन्त्रालयले बनाएको निर्देशिका र कार्ययोजना कस्तो भयो भन्ने विषयमा शुक्रबार (१५ पुस) काठमाडौंमा छलफल भयो, छलफलमा भाग लिन उनी पनि काठमाडौं नित्याइएका रहेछन् ।

लागिन्द्रले सबैलाई सँगठित गरेर गिरहतको अत्याचार र आफूहरुको हकअधिकारका बारेमा बुझाउने कोसिस गर्थे । यो कुरा थाहा पाएका गिरहतहरुले उनीहरुलाई सँगठित हुनदेखि बिथोल्न थप अत्याचार गर्न थाले । शनिबारको भेटमा उनले हामीलाई आफ्नो जीवन कथा र हरवाचरवाको अवस्था सुनाए । आफ्नो कुन पुस्ता कसरी हरवाचरवा हुन पुग्यो भन्ने उनलाई थाहा छैन, तर आफ्नो परिवारले हजुरबुवाको पालादेखि एउटै गिरहत (जमिनदार वा मालिक) को घरमा काम गर्दै आएको उनले देखे-भोगे । उनका बाआमा र दाइ बिहानदेखि साँझसम्म गिरहतकै खेतमा खटिन्थे ।

गिरहतले दिएको १० धुर जमिनमा बनाइएको झुप्रोमा लागिन्द्र जन्मे-हुर्के । आमाको दूध छाडेर दौडन सक्ने भएदेखि उनलाई गिरहतको बाख्रा चराउन बोलाइयो । लागिन्द्र भन्छन्, 'आफ्नो नाममा केही थिएन, हामी त भातको भरमा गिरहतको घरमा काम गर्थ्यौं ।'

लागिन्द्रपछिका भाइबहिनी पनि गिरहतकै सेवक बन्न पुगे । स्कुलमा शिक्षकले गर्ने विभेदले लागिन्द्रको मन टुट्थ्यो, त्योभन्दा चर्को पीडा त भोको पेट र नांगो आङले दिन्थ्यो । खानै-लाउन समस्या भएपछि उनले स्कुल छाडेका थिए, समयले उनलाई फेरि गिरहतकै आँगनमा अर्धदास हुन पुर्यायो । स्कुल छाडेपछि पनि उनको पढ्ने हुटहुटी हटेको थिएन । गाउँकै बसेरा (सामुदायिक भवन)मा ६-७ कक्षा पढ्ने गिरहतका छोराछोरीलाई ट्युसन पढाइँदै थियो । भवनको बाहिरपट्टि बसेर उनले शिक्षकले पढाएको सुन्न थाले । शिक्षकले प्रश्न सोध्दा त्यहाँ पढिरहेका विद्यार्थीले जवाफ दिन सकेनन्, तर बाहिर बसेका लागिन्द्रले जवाफ दिए । शिक्षकले उनलाई भने, 'तैंले किन फूर्ति लगाउँछस् ? किन आउँछस् यहाँ ? तँ जान्ने-बुझ्ने भइसकिस्, यस्तो गर्छस् भने तँलाई मैले घरमा लगेर बाँधेर चुट्छु ।'

०५५ सालतिर उनले एउटा सानो रेडियो किने । त्यतिबेला तारिणीदत्त चटौतको नेतृत्वमा सुकुम्बासी आयोग बनेको थियो । सुकुम्बासीलाई घरजग्गा दिने विषय कहिलेकाहीँ रेडियोमा समाचार बन्थ्यो । कहिलेकाहीँ उनी काम विशेषले राजविराज पुग्थे, होटलका टेबलमा राखिएका पत्रपत्रिकामा छापिएका भूमिहीनका समाचारले उनको ध्यान खिच्थ्यो । आफूहरु सदियौंदेखि अन्यायमा परेको बुझ्दै गएपछि उनले गाउँका हरवाचरवालाई सँगठित गर्न थाले । उनी भन्छन्, 'सँगठित हुन हामीलाई कसैले सिकाएको थिएन ।' मान्छेहरु बटुलेर उनले आफूले जानेसम्मका अधिकारका कुरा सुनाउँथे । त्यसमाथि केही फरक सोच र जिज्ञासु चेत उनीमा सानैदेखि थियो ।

मधेसमा 'राष्ट्रिय हरवाचरवा अधिकार मञ्च' सन् २००६ मा गठन भएर अहिलेसम्म विभिन्न संस्थाको सहयोगमा अगाडि बढेको देखिन्छ । खासगरी सिनो बहिष्कार आन्दोलनका नेता बलदेव राम मधेसमा दलित अधिकारका लागि सक्रिय थिए । एक दिन उनले गिरहतलाई प्रश्न गरे, 'मेरो हजुरबुवा तपाईंको घरमा काम गर्दागर्दै बित्नुभयो । हाम्रो बुवाआमा र हामीले पनि तपाईंको घरमा काम गर्दैछौं । तपाईंले यसको लेखाजोखा गर्नुभएको छैन । हामीले कहिलेसम्म काम गर्ने ? काम गरेबापत हामीलाई केही त हुनुपर्यो ।' यति भन्न सक्नु पनि ठूलो कुरा थियो । पुस्तौंपुस्ताको

आवाज लागिन्द्रले निकालेका थिए । उनले यति के भनेका थिए, गिरहतले झपारे, 'यो धेरै जान्ने-बुझ्ने भइसक्यो, तेरो बुवाआमाले हाम्रो ऋण खाएका छन् । तैपनि हामीले तिमीहरुलाई पाल्दै छौं ।' गिरहत यतिमै रोकिएनन्, लागिन्द्रको झुपडीमा आएर बाँधेको बाच्छो फुकाएर लगे ।

उनको आवाज सुनिएन, उनी गिरहतको काम गर्न बाध्य भइरहे । उनको गाउँका प्रत्येकजसो गिरहतले हरवाचरवा राखेका थिए । उनीहरुलाई आफ्नो हकअधिकारका बारेमा ज्ञान थिएन । लागिन्द्रले सबैलाई सँगठित गरेर गिरहतको अत्याचार र आफूहरुको हकअधिकारका बारेमा बुझाउने कोसिस गर्थे । यो कुरा थाहा पाएका गिरहतहरुले उनीहरुलाई सँगठित हुनदेखि बिथोल्न थप अत्याचार गर्न थाले । लागिन्द्र भन्छन्, 'हाम्रा चेलीबेटी छेडछाड गर्ने, इज्जतमाथि खेलवाड गर्ने, घरका वृद्धवृद्धालाई नानातरहले गालीगलौज गर्ने, घरबाट लेखेट्ने आदि गर्न थाले ।' त्यसपछि आफूहरु कसैले थाहा नपाउने गरी रातमा भेला भएर छलफल गर्न थाल्यौं ।

मञ्चको महासचिव : सरकारले २ साउन ०५७ मा कमैया र २० भदौ २०६५ मा हलियामुक्तिको घोषणा गर्यो । हरवाचरवाले भने अझ सशक्त रुपमा सँगठित भएर राज्यसँग अधिकार माग्ने भेउ पाइरहेका थिएनन् । कडा ढंगले गिरहतको विरोध गर्न उनीहरुलाई समस्या थियो, किनभने रोजीरोटीका लागि उनीहरुकै भर पर्नुपर्थ्यो । छुवाछुत, गरिबी, भूमिहीनता, गिरहत शासनले उनीहरु धेरै नै पिल्सिएका थिए । 'गिरहतको घरमा जाँदा घरबाहिर हामी जहाँ बस्छौं, त्यहाँ पानीले छ्यापेर चोख्याउने गर्छन्,' लागिन्द्र छुवाछुतको पराकाष्ठा सुनाउँछन्, 'पहिले हामीलाई घरबाहिर राखेर गिरहतले केराको पातमा खाना र डोल (बाल्टी)मा पानी दिन्थे । ०७२ सालदेखि थालमा खाना दिन थालेका छन् । मठ-मन्दिरमा अहिले पनि पस्न दिँदैनन् ।'

मधेसमा 'राष्ट्रिय हरवाचरवा अधिकार मञ्च' सन् २००६ मा गठन भएर अहिलेसम्म विभिन्न संस्थाको सहयोगमा अगाडि बढेको देखिन्छ । खासगरी सिनो बहिष्कार आन्दोलनका नेता बलदेव राम मधेसमा दलित अधिकारका लागि सक्रिय थिए । विभिन्न गैरसरकारी संस्थाको सहयोगमा २०७५ को अन्ततिर 'राष्ट्रिय हरवाचरवा अधिकार मञ्च'को सम्मेलन भयो, जसबाट दशनलाल मण्डल अध्यक्ष, रासलाल राम महासचिव र लागिन्द्र सचिव भए । रासलालको मृत्युपछि २०७७ मा भएको दोस्रो सम्मेलनबाट लागिन्द्र महासचिव भएका हुन् । हरवाचरवाले पहिले दिनभरि खेतमा काम गरेबापत दुई किलो धान पाउँथे, ०७० सालदेखि भने दिनभरि काम गरेबापत

१० किलो धान पाउँछन् । यसका लागि आफूहरुले निरन्तर संघर्ष गर्नुपरेको लागिन्द्र बताउँछन् ।

०५७ सालतिर आफूहरु गाउँमा सँगठित हुने कोसिस गर्दा हरवाचरवा परिवारमा निकै त्रास बढेको लागिन्द्र बताउँछन् । 'मान्छेहरु मलाई नै भन्थ्यो- यसले हरवाचरवाको हकअधिकारको कुरा गरेर झनै बिगार्दै छ । यस्ता कुरा गरेर खान पाइँदैन, खानका लागि काम गर्नुपर्छ, काम गर्ने उनै गिरहतकहाँ हो,' लागिन्द्र भन्छन्, 'हामी सम्झाउने कोसिस गर्थ्यौं- यस्तो कुरा नगर्नुस्, गिरहतहरुले दबाउन खोज्छन् । तर, हामीले एक ढिक्का भएनौं भने भोलिको दिनमा हामीमाथि झन् ठूला थिचोमिचो हुन्छ ।'योबीचमा देशमा जनयुद्ध चलिरहेको थियो । माओवादी आन्दोलनले आफूहरुको सँगठनलाई पनि असर गर्ला कि भन्ने चिन्ता उनीहरुलाई थियो । 'उहाँहरुले हामीलाई सहयोग नै गर्नुभयो । उहाँहरुले भन्नुभयो- तपाईंहरुलाई धन्यवाद छ, सँगठन बनाउनुभयो,' लागिन्द्र भन्छन्, 'जनवकालतको सम्बन्धमा तपाईंहरु काम गर्नुस् । तपाईंहरुलाई कुनै समस्या पर्छ भने हामी छौं, हामीलाई बोलाउनुहोला ।' कुनै गिरहतले गालीगलौज गरे, कुटपिट गरे वा उठिबास लगाउने धम्की दिए भने उनीहरु एकजुट भएर छलफलमा जान्थे । गाउँमा मिल्न र मिलाउन नसकिएको दुई-चारवटा झगडालाई लिएर उनीहरु प्रहरी कार्यालय पनि पुगे । तर उनीहरुको उजुरीमा प्रहरीले सुनुवाई गर्दैनथ्यो । 'हामीले लेखेर दिएको निवेदन त्यत्तिकै बस्थ्यो । त्यसमा कुनै सुनुवाइ हुँदैनथ्यो,' उनी भन्छन्, 'मैले हाम्रा मान्छेलाई भन्थे- यो प्रशासनले तपाईं हामीलाई सहयोग गर्दैन । तर हामी सँगठित हुन छाड्न हुँदैन ।'

हरवाचरवाले पहिले दिनभरि खेतमा काम गरेबापत दुई किलो धान पाउँथे, ०७० सालदेखि भने दिनभरि काम गरेबापत १० किलो धान पाउँछन् । यसका लागि आफूहरुले निरन्तर संघर्ष गर्नुपरेको लागिन्द्र बताउँछन् । 'हामीले दुई किलो धानमा दिनभरि काम नगर्ने भन्यौं,' लागिन्द्र भन्छन्, 'यसो भनेपछि गिरहतहरुले हाम्रा चेलीबेटीमाथि नै हातपात गर्ने, अझ शोषण-दमन गर्न थाले । मलाई पनि भाटाले हिर्काउँथे ।'

हलिया मुक्तिको घोषणापछि आफूहरुको पनि मुक्तिका लागि आवाज उठाउन थालेको लागिन्द्रको भनाइ छ । उनी भन्छन्, 'हाम्रो मुक्तिको माग राखेर हामीले वडा, जिल्लामा धर्ना दियौं । ०७२ सालमा काठमाडौंको टुँडिखेलमा धर्नामा बस्यौं । मन्त्रालयमै आएर ज्ञापनपत्र बुझायौं ।' १७ वर्षको उमेरमा लागिन्द्रको विवाह भयो ।

बिहे गर्न उनले गिरहतसँग ६ मन धान र नौ सय रुपैयाँ लिएका थिए, तीन वर्ष काम गर्ने सर्तमा । यसका लागि उनले तीन वर्षभन्दा बढी काम गर्नुपर्यो ।

अहिले अधिकांश हरवाचरवा सार्वजनिक जग्गामा घर बनाएर बसेका छन् । लागिन्द्र समाजको कानुनी अत्याचार औँल्याउँछन्, 'त्यहाँका सामन्तहरु, वन समिति, उपभोक्ताहरुले हाम्रोविरूद्ध वन विभागमा उजुरी गरे ।' अहिले उनका तीन छोरा र दुई छोरी छन् । जब उनी हक-अधिकारको अभियानमा लागे, उनलाई कुनै गिरहतले काम दिएनन् । उनको परिवारलाई खानकै समस्या हुन्थ्यो । तैपनि हारगुहार गरेर उनले जीविकाको काम पाउँथे ।

अहिले उनका माहिला छोराले १२ कक्षा उत्तीर्ण गरेका छन्, सबैभन्दा कान्छाले ११ पढ्दै छन् । अझै पनि लागिन्द्रका एक भाइले गिरहतको जग्गामा बनाएको झुपडी छाडेका छैनन् । अर्का भाइ गाउँ ब्लकको जग्गामा बसेका छन् । ०६७ सालदेखि लागिन्द्रसहित गाउँका सात घर हरवाचरवा नजिकैको जंगल छेउको जग्गामा बस्न गए । कञ्चनरुप नगरपालिका- १२ मा पर्ने नेपाल सरकारको सो नर्सरी जग्गामा उनीहरु लामो समय बस्न पाएनन् । त्यहाँका एक धनीमानी, जो पहिले दुईचोटि गाविस अध्यक्ष भएका थिए, उनले मालपोतका कर्मचारीसँग मिलेर त्यो जग्गा आफ्नो नाममा बनाएको लागिन्द्र बताउँछन् । त्यतिबेला लागिन्द्रहरुले समाजका जान्नेबुझ्नेसँग छलफल गरे, तर कुनै निष्कर्ष निस्किएन, उनीहरुको उठिबास भयो । 'अहिले हामी ४७ परिवार हरवाचरवा सुन्दरी खोलाको छेउमा छौँ,' लागिन्द्र भन्छन्, 'अहिले बसेको ठाउँमा पनि ०७४ सालतिर धनीमानीका मान्छेहरु हामीमाथि कुटपिट गर्न आए । त्यसपछि १० जना समूह बनाएर हामी सिडियो कार्यालय पुग्यौँ र ठाडो उजुरी हाल्यौँ । सिडियोले भन्नुभयो- मैले एउटा चिठी लेखेर दिन्छु, त्यो चिठी इलाका प्रहरी कार्यालयमा दिनुस् । तपाईंहरुलाई कसैले उठिबास लगाउँदैनन् ।' आफूहरुले चिठी दिएपछि इलाका प्रहरी कार्यालयबाट प्रहरीहरु आएको र त्यस दिनदेखि आफूहरुलाई सामन्तले दख्खल पुर्याउन छाडेको उनी बताउँछन् । अहिले अधिकांश हरवाचरवा सार्वजनिक जग्गामा घर बनाएर बसेका छन् । लागिन्द्र समाजको कानुनी अत्याचार औँल्याउँछन्, 'त्यहाँका सामन्तहरु, वन समिति, उपभोक्ताहरुले हाम्रो विरूद्ध वन विभागमा उजुरी गरे ।'

**मुक्तिपछिको अवस्था**

सरकारले २ साउन ०७९ मा हरवाचरवा मुक्तिको घोषणा गर्‍यो । मुक्त घोषणा गरेपछि आफूहरुका लागि खुसीसँगै दुःख निम्तिएको लागिन्द्रको भनाइ छ । 'हामी गिरहतको घर-जग्गाबाट निस्केर कहाँ जाने ? कुनै रोजगारी छैन ! धेरैलाई गिरहतले आफूहरुको जमिनबाट हरवाचरवालाई निकालेका छन्,' उनी भन्छन्, 'उनीहरु ऐलानी जग्गामा झुपडी बनाएर बसेका छन् । पहिले पनि हामी अधिकांशको घर पोखरीको डिल, ऐलानी जग्गा, डगर (बाटो छेउ), नदी उकास जग्गा आदिमा थियो । त्यहाँ पनि यो जग्गा हाम्रै हो भनेर गिरहतले धम्क्याइरहेका छन् ।' लागिन्द्रका अनुसार, मधेसका आठैवटा जिल्लामा गरी एक लाख ५५ हजारजति घरपरिवार हरवाचरवा छन् । अहिले सरकारले मुक्तिको घोषणासँगै ऋण खारेजी भनेको छ । लागिन्द्रको परिवारले गिरहतलाई तिर्न ५० हजार रुपैयाँ बाँकी छ । बिरामी हुँदा उनका बुवाले ०६३ सालमा पाँच हजार रुपैयाँ ऋण लिएका थिए । त्यो बढेर ५० हजार भइसक्यो । सुरूमा एक सय रुपैयाँको मासिक १० रुपैयाँ ब्याज तिर्न भनिएको थियो । उनीहरुले तिर्न नसक्ने भनेपछि अहिले मासिक सयकडा ५ रुपैयाँ ब्याज तिर्नुपर्छ, साहुले यही सर्तमा कागज गरेका छन् ।

राज्यका हरेक संयन्त्रमा हरवाचरवाको सहभागीतामूलक प्रतिनिधित्व, खासगरी स्थानीय सरकारमा हरवाचरवाको प्रतिनिधि अनिवार्य हुनुपर्ने उनको माग छ । सबैजसो हरवाचरवाले गिरहतलाई १० हजारदेखि दुई लाख रुपैयाँ तिर्न बाँकी रहेको लागिन्द्रको अनुमान छ । 'फलानोले यति पैसा लिएको छ, त्यसमा कागज गरेको छ, त्यो पैसा दिनुस्, त्यो पैसा तिरेर जाऊ भनेर गिरहतले भनिरहेका छन्,' उनी भन्छन्, 'ऋण असुल गर्न जिउको लत्ताकपडा समेत सबै छिनेर राखेका छन् । एक हजार ऋण लिनेको पनि ब्याज बढेर हजारौं पुगेको छ । कतिले साँवा ब्याज हिसाब गरेर पैसा तिरिसकेका छन्, ब्याज बढिरहेको छ ।'

उनका अनुसार, सबैभन्दा बढी हरवाचरवा सिरहा, सप्तरी र धनुषामा छन् । सरकारले आफूहरुको लगत राख्नुपर्ने उनको माग छ । 'त्यसपछि हरवाचरवाको परिचयपत्र सरकारले वितरण गरोस् । अहिले हाम्रो टाउकोमा जति पनि गिरहतको ऋण छ, त्यसको मिनाहा होस्,' उनी भन्छन्, 'हामीलाई बस्न र खेती गर्न पुग्ने जग्गा सरकारले व्यवस्था गरोस् । आवास संरचना बनाउन सरकारबाट सहयोग होस् । रोजगारीका लागि तालिमको व्यवस्था वा स्वरोजगारीका लागि बिउ पुँजी उपलब्ध गराओस् ।

हाम्रो स्वास्थ्योपचार निःशुल्क होस् । अधिकांश हरवाचरवाका छोराछोरी विद्यालयका गएका छैनन्, उनीहरुलाई स्कुल जाने वातावरणसँगै निःशुल्क शिक्षा दिइयोस् ।' राज्यका हरेक संयन्त्रमा हरवाचरवाको सहभागीतामूलक प्रतिनिधित्व, खासगरी स्थानीय सरकारमा हरवाचरवाको प्रतिनिधि अनिवार्य हुनुपर्ने उनको माग छ ।

लागिन्द्रका अनुसार, अघिल्लो स्थानीय सरकारका पाला बाढीपीडितका लागि भनेर ५३ लाख रुपैयाँ आएको थियो । त्यो पैसाको बारेमा बुझ्न उनी वडा कार्यालय र रेडक्रस गए, तर उनीहरुले कुनै सहयोग पाएनन् । त्यो पैसा त्यत्तिकै फ्रिज गराए । आफ्नो अधिकारका लागि लड्न लागिन्द्रहरु अहिले गैरसरकारी संस्थाको रुपमा 'राष्ट्रिय हरवाचरवा मञ्च'लाई दर्ता गर्ने प्रयासमा छन् । उनले झोलाबाट मञ्चको विधान- ०७८ देखाए, जसको प्रस्तावनामा लेखिएको छ, 'जन्मजात भूमिमा काम गर्ने, कृषि भूमिसँग अन्योन्याश्रित सम्बन्ध भएका वास्तविक किसानहरु अर्धदासको जीवनयापन गर्न बाध्य छन् । हरवाचरवाको सार्थक मुक्तिका लागि यो जनसँगठनको गठन गरिएको हो ।'

साभार रातोपाती अनलाईनः
https:\\www.ratopati.com/story/280246/2022/12/16/ganesh-bk-?fbclid=IwAR24DCP6_gvk5-i6HRmDeRnRg_EcNFkItuUEYOVtKwn3ZNvg1HUV-PrcPnU

**घटना अध्ययन १५ः राज्यसत्तामा दलितको दयनीय प्रतिनिधित्व**

नेपालको राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालमा दलित समुदायको कुल जनसंख्या १३.८ प्रतिशत छ। संविधानले समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्य शासन सञ्चालनका हरेक तहमा सहभागीता हुन पाउने अधिकार सुनिश्चित गरेको छ। तैपनि नीति निमौण तहमा दलितलगायत उत्पीडित समुदायको उपस्थिति कमजोर भएको राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनले देखाएको छ ।स्थानीय तहदेखि संघीय सरकारसम्म र निजामतिदेखि न्यायालयसम्मको दलितसमुदायको उपस्थिति हेर्दा सरकार संविधानको मर्मविपरीत गएको दलित समुदायको मानवअधिकारको अवस्था प्रतिवेदनमा उल्लेख छ ।उक्त प्रतिवेदनले दलित समुदायभित्रको गरिबी, औसत आयु, शिक्षाको अवस्थामा पनि भयावह भएको तथ्यांक प्रस्तुत गरेको छ ।संघीय सरकारका २२ मन्त्रीमध्ये दलित समुदायबाट एकजना मात्रै मन्त्री छन् । कास्की १ बाट प्रत्यक्ष निर्वाचित

जगतबहादुर विश्वकर्मा युवा तथा खेलकुद मन्त्रीको रुपमा संघीय सरकारमा छन् । प्रतिनिधिसभामा दलित समुदायबाट प्रत्यक्ष निर्वाचित ३ जना र समानुपातिकतर्फ १३ जना पुरूष र ३ महिना लगि २९ जनाको उपस्थिति रहेको प्रतिवेदनमा उल्लेख छ। निर्वाचन ऐन २०७४ अनुसार प्रतिनिधि सभामा प्रत्यक्ष निर्वाचन प्रणालीबाट १६५ र समानुपातिक निर्वाचन प्रणालीबाट ११० गरी जम्मा २७५ जना सांसद रहेको छ । प्रतिनिधि सभामा दलित समुदायको प्रतिनिधित्व ६ दशमलव ९ प्रतिशत छ। त्यस्तै, राष्ट्रिय सभाका कुल ५९ जना सदस्यमध्ये दलित समुदायबाट १२ प्रतिशत सहभागीता छ । राष्ट्रिय सभामा दलित महिलाको उपस्थिति भने शून्य छ ।

**प्रदेश सरकारमा दलितको उपस्थिति शून्य**

प्रदेश सरकार सञ्चालनमा दलित समुदायको सहभागीता उपेक्षित र समानुपातिक सिद्धान्तका आधारमा प्रतिनिधित्व हुन पाउने अधिकारको मर्म विपरीत भएको मानवअधिकार आयोगले बताएको छ। सातवटै प्रदेश सरकारमा दलित समुदायको उपस्थिति शून्य छ । प्रदेश सरकारमा सबैभन्दा बढी खस आर्य समुदायबाट ५१.९२ अर्थात २७ जनाको उपस्थिति रहेको छ। जनजाति समुदायबाट ८, नेवारबाट १, मधेशीबाट १२, थारूबाट २ जनाको प्रदेश सरकारमा उपस्थिति छ। यो संख्यालाई हेर्दा प्रदेश सरकारमा जनजातिबाट १५.३८ प्रतिशत, नेवारबाट १.९२, मधेशबाट २५.०० थारूबाट ३.८५, मुस्लिमबाट १.९२ प्रतिशत प्रतिनिधित्व भएको हुन आउँछ । प्रदेश सभामा निर्वाचित ५५० जनप्रतिनिधमध्ये दलित समुदायबाट ३२ जना अर्थात ५ दशमलव ८२ प्रतिशत मात्र निर्वाचित भएका छन् । प्रत्यक्षबाट ४ जना दलित पुरूष निर्वाचित भएका छन् भने समानुपातिकतर्फ ४ जना दलित पुरूष र २४ जना महिला निर्वाचित भएका हुन् । यद्यपि प्रदेश सभा सदस्य निर्वाचन ऐन २०७४ ले प्रदेश सभाको निर्वाचन गर्दा प्रदेशमा रहेको दलितको जनसंख्याको प्रतिशतका आधारमा सहभागीता गराउने कानुनी व्यवस्था छ । यसअर्थ प्रदेश १ मा १० दशमलव ०६ प्रतिशत हुनुपर्नेमा ३ दशमलव २ प्रतिशत प्रतिनिधि छन् । प्रदेश २ मा १७ दशमलव २९ प्रतिशत हुनुपेर्नेमा ४ दशमलव ६७, बागमती प्रदेशमा ५ दशमलव ८४ प्रतिशत निर्वाचित हुनपर्नेमा १ दशमलव ८१, प्रदेश पाँचमा १५ दशमलव ११ प्रतिशत निर्वाचित हुनुपर्नेमा ८ दशमलव ०४, कर्णाली प्रदेशमा २३ दशमलव २५ हुनुपर्नेमा ७ दशमलव ५ र सुदूरपश्चिचममा १७ दशमलव २९ प्रतिशत हुनुपर्नेमा ७ दशमलव ५४ प्रतिशत मात्र निर्वाचित भएका छन् । नेपालमा १२५ जाति र १२३

भाषभाषी भएका मानिसहरुको बासोबास छ। दलित समुदायलाई पहाडे मुलका ७ जाति र मधेसी मूलका १९ जाति गरि जम्मा २६ जातिको सूचीकृत गरिएको छ। नेपालको राष्ट्रिय जनगणा २०६८ अनुसार नेपालमा दलितको जनसंख्या ४१ लाख २४ हजार ३९ रहेको छ। सबैभन्दा बढी कर्णाली प्रदेशमा २३ दशमलव ३ प्रतिशत र सबैभन्दा कम बागमति प्रदेशमा ५ दशमलव ५ दशमलव ८४ प्रतिशत जनसंख्या छ। त्यस्तै गण्डकी प्रदेशमा १७ दशमलव ४, सुदुरपश्चिम प्रदेशमा १७ दशमलव ३ प्रतिशत दलितको जनसंख्या छ।

**स्थानिय सरकारमा दलितको प्रतिनीधीत्वः**

निर्वाचन आयोगलाई उल्लेख गर्दै मानवअधिकार आयोगले स्थानीय तहमा ६ जना-२ दशमलप ०५ प्रतिशत), नगर प्रमुख, १२ जना (४ दशमलव १० प्रतिशत) उपप्रमुख रहेका छन् ।त्यस्तै गाउँपालिकाको अध्यक्षमा १ जना-० दशमलव २२ प्रतिशत) र उपाध्यक्षमा १५ जना (३ दशमलव २६ प्रतिशत) दलित समुदायको उपस्थिति छ। जब कि स्थानीय तहमा २९३ जना नगर प्रमुख उप्रमुख र ४६० जना अध्यक्ष र उपाध्यक्षको संख्या छ ।स्थानीय तहमा पनि पहाडी ब्राह्मण र पहाडी क्षेत्रीको वर्चश्व देखिन्छ। स्थानीय तह प्रमुखमा २५ दशमलव ६० प्रतिशत पहाडी ब्राह्मण र २४ दशमलव ९१ प्रतिशत क्षेत्रीको उपस्थिति छ।

उपप्रमुखमा २८ दशमलव ६७ प्रतिशत ब्राह्मण र २० दशमलव १४ प्रतिशत क्षत्रीको उपस्थिति रहेको निर्वाचन आयोगको तथ्यांक छ। अध्यक्षमा १७ दशमलव ८३ प्रतिशत ब्राह्मण र २८ दशमलव ७० क्षेत्रीको उपस्थिति छ भने उपाध्यक्षमा २० दशमलव ८७ प्रतिशत ब्राह्मण र २१ दशमलव ४७ प्रतिशत क्षत्री समुदायका रहेका छन् । तर, दलित महिला सदस्यलाई अनिवार्य गरेसँगै स्थानीय तहमा ६ हजार पाँच सय ६७ जन दलित महिला निर्वाचित भएका छन् । महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका निर्वाचिनको विभिन्न पदमा १४ हजार ३५३ जना महिला प्रतिनिधि रहेको निर्वाचन आयोगको तथ्यांकमा उल्लेख छ। तर, नीति, कार्यक्रम, बजेट निर्माण गर्ने र बजेटको कार्यान्वयनको सवालमा भने दलित महिलालाई अर्थपूर्ण सहभागीता नगराउने अधिकांश दलित महिला सदस्यले गुनासो गरेको पनि आयोगको प्रतिवेदनमा उल्लेख छ।

**स्थानिय तहको निर्वाचनमा दलितहरूको कमजोर प्रतिनीधित्वः**

दलित समुदायका अगुवाहरुले सुदूरपश्चिम प्रदेशमा दलितको जनसंख्या १८.९ प्रतिशत भएपनि स्थानीय तहमा निक्कै कमजोर प्रतिनिधित्व भएको बताएका छन् ।शनिबार धनगढीमा आयोजित एक कार्यक्रममा दलित समुदायका अगुवाहरुले यस्तो बताएका हुन् । यूएनडिपीको आर्थिक सहयोगमा राष्ट्रिय दलित नेटवर्कद्धारा आयोजित आगामी स्थानीय तहको निर्वाचनमा दलितहरुको समावेशीकरण विषयक सुदूरपश्चिम प्रदेश स्तरिय अन्तरक्रिया कार्यक्रममा सुदूरपश्चिमका नौवटै जिल्लाबाट सहभागी दलित अगुवाहरुले स्थानीय तहमा प्रतिनिधित्व बढाउन आआफ्नो दलमा दवाव दिनुपर्नेमा जोड दिए । समता मिडिया सेन्टरका कार्यकारी अध्यक्ष मिलन परियारले आफूले सबै दलमा दलित उम्मेदवार बनाउनका लागि पहल गरिरहेको बताए । दलित समुदायका उम्मेदवार जिताउ अभियान संचालन गरेको समेत परियारले बताए । सो अवसरमा अधिवक्ता पुष्पविक्रम शाहीले स्थानीय तहमा दलितको अवस्था बारेकार्यपत्र प्रस्तुती गरेका थिए । कार्यपत्रमा सुदूरपश्चिम प्रदेशका ८८ स्थानीय तहमा अहिले दलित समुदायका पाँच जना मात्र प्रमुख र उपप्रमुख रहेको उल्लेख गरिएको छ । यस्तै खुला क्षेत्रबाट २६ जना महिला सदस्य र आरक्षणतर्फबाट ७२९ महिला सदस्य रहेको उल्लेख गरे ।

कार्यक्रममा  नेकपा (एकीकृत समाजवादी) का तर्फबाट धनगढी उपमहानगरको उपप्रमुखमा प्रस्तावित रोजी बस्नेतले दलितलाई सधै पार्टीले उपेक्षा गर्नेगरेको र हार्ने ठाउँमा मात्र दलितलाई उम्मेदवार बनाउने गरेको गुनासो गरे । समता मिडिया सेन्टरका कार्यकारी अध्यक्ष मिलन परियारले आफूले सबै दलमा दलित उम्मेदवार बनाउनका लागि पहल गरिरहेको बताए। दलित समुदायका उम्मेदवार जिताउ अभियान संचालन गरेको समेत परियारले बताए ।चैत्र १८ गते धनगढीकै होटल सनलाईटमा समता मिडिया सेन्टरले सबै दलका प्रमुखलाई सहभागी बनाएर स्थानीय तहमा दलित प्रतिनिधित्व बढाउने बारे कार्यक्रम आयोजना गरेको र उक्त कार्यक्रममा दलका प्रमुखहरुले प्रतिबद्धता जनाएको समेत उनले बताए ।

सो अवसरमा अधिवक्ता पुष्पविक्रम शाहीले स्थानीय तहमा दलितको अवस्था बारेकार्यपत्र प्रस्तुती गरेका थिए । कार्यपत्रमा सुदूरपश्चिम प्रदेशका ८८स्थानीय तहमा अहिले दलित समुदायका पाँच जना मात्र प्रमुख र उपप्रमुख रहेकोउल्लेख गरिएको छ । यस्तै खुला क्षेत्रबाट २६ जना महिला सदस्य र आरक्षण तर्फबाट ७२९ महिला

सदस्य रहेको उल्लेख गरे ।कार्यक्रममा नेकपा (एकीकृत समाजवादी) का तर्फबाट धनगढी उपमहानगरको उपप्रमुखमा प्रस्तावित रोजी बस्नेतले दलितलाई सधै पार्टीले उपेक्षा गर्ने गरेको र हार्ने ठाउँमा मात्र दलितलाई उम्मेदवार बनाउने गरेको गुनासो गरिन ।

**मुक्त कमैया र कमलरीहरू मुख्यमन्त्रीसँग बजेटमा आफ्नो हिस्सेदारी खोज्दै**

दांङ, बाँके र बर्दियाका मुक्त कमैया तथा कमलरीहरुका सँगठन र तिनका सहयोगी सँगठनहरु आगामी नीति तथा कार्यक्रम र बजेटमा आफ्ना मुद्दाको संबोधन होस भन्दै लुम्बिनी प्रदेश सरकारको मुख्यमन्त्री माननीय कुलबहादुर केसीलाई भेटी ध्यानाकर्षण पत्रसहित नेपाल सरकार भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले गत २०७८ मंसीर १७ गते गठीत मुक्त कमैया, कम्लहरी, हलिया तथा हरवाचरवाको वस्तुस्थितिको अध्ययन प्रतिवेदन हस्तान्तरण गरेका छन् । आफ्ना मागहरुसहितको ध्यानाकर्षण पत्र पढिबाची गर्दै मुक्त कमैया समाजका केन्द्रीय कोषाध्यक्ष हरिचन्द चौधरी र कमैया महिला जागरण समाजकी अध्यक्ष विरूनी थारूले सो प्रतिवेदन संयुक्त रुपमा हस्तान्तरण गरे । सो हस्तान्तरण समारोहमा अध्ययन प्रतिवेदन समितिका सदस्य गणेश विश्वकर्मा, संविधान सभा सदस्य विनोद पहाडी, अधिवक्ता बालाराम भट्टराई, अधिकारकर्मी मीना परियार, मुक्त कमलरी विकास मन्च, दाङ की केन्द्रीय सदस्य रम्भा चौधरी, दियालो नेपालकी ज्योति पुनलगायतको उपस्थिति रहेको थियो । मुक्त कमैया तथा कमलरीहरुको ध्यानार्कषण पत्रसहितको प्रतिवेदन बुझ्दै मुख्यमन्त्री कुलबहादुर केसीले प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटले यो ऐतिहासिक अध्ययन प्रतिवेदनका सिफारिशहरुलाई आफ्नो अधिकार क्षेत्र अनुसार कार्यान्वयन गर्ने र कमलरीहरुलाई स्नातक तहसम्म सम्पूर्ण पढाई निःशुल्क गर्ने प्रतिबद्धता जाहेर गर्नुभयो ।

मुख्यमन्त्रीलाई प्रतिवेदन बुझाउनु अघि बुटवलस्थित होटलमा ती सँगठनहरुले अध्ययन प्रतिवेदनमा समेटिएका आफ्ना सवालहरुबारे एक छलफल कार्यक्रमको आयोजन गरेका थिए । सो छलफल कार्यक्रमको उदघाटन लुम्बिनी प्रदेश सभाका माननीय उपसभामुख कृष्णीदेवी थारूले गर्नु भएको थियो । उद्घाटन समारोहलाई संबोधन गर्दै उपसभामुख थारूले आफूले मुक्त कमैया र कमलरीका लागि विगतमा कठिन आन्दोलनको नेतृत्व गरेको स्मरण गर्दै अध्ययन प्रतिवेदनको सिफारिशका आधारमा

जमिन, घर, शौचालय, करेसावारी, घरघरमा खानेपानीसहितको धारा, बिजुली, सडक, सामुदायिक सिकाइका लागि भवन, विद्यालय नजिक, स्वास्थ्य संस्था नजिक र महिला तथा पुरूषका लागि रोजगारीको अवसरसहितको एकीकृत प्याकेज हुनुपर्नेमा जोड दिनु भयो । सो कार्यक्रममा अध्ययन समितिका सदस्य गणेश विश्वकर्माले प्रतिवेदनको समग्र पक्ष प्रस्तुत गर्नु भएको थियो । प्रतिवेदनमाथि संविधानसभा सदस्य विनोद पहाडी, अधिवक्ता बालाराम भट्टराई, इन्सेककी रीमा विसी, कृषि मन्त्रालयका घनश्याम चौधरी, महिला वालवालिका तथा जेष्ठ नागरिक मन्त्रालयकी उपसचिव शारदा बस्याल, मुक्त कमैया समाजका हरिचन्द चौधरी, मुक्त कमलरी रम्भा चौधरी, कमैया महिला जागरण समाजका दुर्गा चौधरी, राष्ट्रिय दलित नेटवर्ककी मीना परियारलगायतका बक्ताहरुले आफ्नो धारणा राख्दै प्रतिवेदन कार्यान्वयनमा जोड दिएका थिए ।

# छापामा राष्ट्रिय दलित नेटवर्क























# छापामा राष्ट्रिय दलित नेटवर्क
















# हार्दिक बधाई




नेपालमा विद्यमान वाँधाश्रम प्रणालीको मुक्त हुन बाँकी रहेको एकमात्र हरवाचरवा प्रथाको मुक्तिको घोषणा गराउन नेतृत्वदायी भूमिका निर्वाह गर्न सफल हुनुभएकोमा राष्ट्रिय हरवाचरवा अधिकार मञ्चका केन्द्रिय अध्यक्ष **श्री दशनलाल मण्डल** ज्यूलाई हार्दिक बधाई ज्ञापन गर्दछौं ।

**गणेश विश्वकर्मा**
केन्द्रीय अध्यक्ष तथा RDN नेपाल परिवार

दलित अधिकार, भूमि अधिकार र मानव अधिकारका लागिः
**राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल**
**केन्द्रीय कार्यालयः** धनगढी-५, हसनपुर कैलाली
केन्द्रीय सम्पर्क कार्यालयः बिजुलीबजार, काठमाडौं,
सम्पर्कः ९८४१०१२६०७
इमेलः rdnnepal@yahoo.com, info@rdnnepal.org.np
वेबसाइटः www.rdnnepal.org.np

# म जातीय छुवाछूत र भेदभाव विरुद्ध लड्छु ।




## १२ दिने दलित अधिकार अभियान
## 12 Days Dalit Rights Campaign

दलित अधिकार, भूमि अधिकार र मानव अधिकारका लागिः

**राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल**

**Rastriya Dalit Network (RDN)**